वर्ष ८, अङ्क १, पूर्णाङ्क ७९, जेठ २०७४
प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

# Agnichakra National Monthly

# अग्निचक्र



सतगुरू गोरखनाथ बाबा

www.agnichakranews.com **राष्ट्रिय मासिक**

यसपटक . . .



*Supreme God*
पुस्तकका लेखक
**श्री ब्रह्मानन्द प्रा. डा. खाँण**



सिनियर कन्सल्टेन्ट रेडियोलोजिस्ट
**डा. आनन्द प्रसाद श्रेष्ठ**


HARMONY
HOMECARE
*Senior Care Solutions*



रोशा श्रेष्ठ, अध्यक्ष

Enriching and dignifying home friendly living for elderly and seniors for Kathmandu valley & beyond

**मैत्रीपूर्ण घर**
शारीरिक, मानसिक र आत्मियताले अभिप्रेरित
प्रेरणा, करूणा र सम्मानित जीवनशैली
जेष्ठ नागरिकको समग्र सेवाको लागि
नेपालकै उच्चस्तरीय ममतामयी घर



७९ औं यात्रा

**भलिबल** नेपालको राष्ट्रिय खेल

ISSN 2362-1109
9 772362 110000

देशमा शान्ति, सुव्यवस्था
र विकास सबै नेपालीको
चाहना हो । यसप्रति
प्रतिबद्ध हुनु नेपालीहरूको
कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# चीनको ओबोरको बहुआयामिक महत्व

दुई हजार वर्षदेखिको राजतन्त्रको युग भोगेको नेपालको मित्र राष्ट्र चीनले पछिल्लो २६७ वर्ष पनि राजवंश मार्फत नै पुरानो सत्ता भोग्दै चिनीया क्रान्ति पछि रूढीवादी चीनले राजतन्त्र एवं सामन्तवादलाई त्याग्दै आधुनिक युगमा प्रवेश गरी गणतन्त्रद्वारा हाल शासन गर्दै आएको इतिहास यथार्थ हो । क्रान्तिकारी जीवनको उतार चढाव भोगेर विश्वशक्ति सम्पन्न राष्ट्र अमेरिकालाई पनि आर्थिक समृद्धिका हिसाबले जित्ने अभियानमा हिडेको-लम्केको हाम्रो मित्रराष्ट्र चीनले आफ्नो राष्ट्रपति सी जिनपिङ मार्फत सर्वप्रथम सन् २०१३ मा उठाएको बेल्ट एण्ड रोड इनिसियटिभ अर्थात् वान बेल्ट वान रोड "ओबोर" मा हालै मात्र नेपालले औपचारिक रूपमा हस्ताक्षर गरिसकेपछि आम नेपाली जनताको मुहारमा मुस्कान जताततै देखिदै गएको छ ।

नेपाली जनताहरूको मुहारमा मुस्कान स्वतः आउँनुको एक मात्र कारण के हो भने ओबोरको माध्यमद्वारा नेपालले चीनसँग धेरै कुरा सिक्न सक्छ साथै नेपालको प्रगतिमा चीनले धेरै भन्दा धेरै सहयोग प्रत्यक्ष गर्ने हुदा नेपाली जनता आफ से आफ मुस्कुराएका हुन् भन्नै पर्दछ । नेपालको वैदेशिक सम्बन्धको आयामलाई फराकिलो बनाई ओबोरको सम्बन्धद्वारा संसारभरमा नेपालको पहिचान तथा क्षमता वृद्धि गर्ने एक अवसरको रूपमा ओबोरलाई लिने हो भने नेपालले यो वान बेल्ट वान रोडबाट धेरै फाइदा लिन सक्छ भन्ने ठम्याई अग्निचक्रले लिएको छ । नेपाल राष्ट्रको पहिचान र मर्यादा आर्थिक विकास बिना सम्भव छैन भन्ने कुरा सत्तामा बसेका राजनीतिक दलका हाम्रा नेपाली नेताहरूलाई बुझाउनु पर्ने खाँचो छ साथै हाम्रा नेपाली राजनीतिक दलहरूलाई राष्ट्रिय स्वाभिमानको चेतना जगाउनु पर्ने र महसुस गराउनु पर्ने खाँचो छ ।

चीनले विश्व समुदायबाट धेरै कुरा सिक्यो अनि आर्थिक समृद्धिका लागि धेरै मेहनत गऱ्यो र आज चीनको आर्थिक शक्ति यति मजबुद भयो कि अहिले चीन अमेरिकाको प्रतिस्पर्धी मुलुक बन्न सक्षम भयो । यसकारण नेपालले पनि चीनबाट धेरै कुरा सिक्नु जरूरी छ, गरिबी र पछौटेपनबाट चीनले जसरी मुक्त भई आर्थिक विकास गरेकोथ्यो हो त्यसरी नै नेपालले पनि आर्थिक विकासमा फड्को मार्नु पर्दछ । यसका लागि ओबोर माध्यम बन्न सक्छ भन्ने कुरा नेता र जनताले बुझ्नै पर्दछ । नेपालमा औद्योगिक क्रान्तिको जरूरी छ । नेपालको आर्थिक विकास नभएसम्म र विदेशी दलाली प्रथाबाट सत्ता केन्द्रित दलका नेताहरू मुक्त भई स्वतन्त्रतापूर्वक निर्णय लिने क्षमताको विकास नगरेसम्म हाम्रो मुलुकको भविष्य सुरक्षित रहन नसक्ने भएकाले यसतर्फ बेलैमा नेपाली नेताहरूले सोच्नु जरूरी छ । जलस्रोत एवं अपार प्राकृतिक सम्पदा र स्रोत साधनले भरिपूर्ण देश नेपालले विदेशी सामानको उपभोक्ता हुनबाट मुक्त भई हरेक समानको उपभोग नेपाली उद्योगबाट बनेका सामाग्रीको उपभोक्ता बन्न पाउन पनि ओबोर माध्यम बन्न सक्नेछ ।

हाम्रो अर्को छिमेकी मित्रराष्ट्र भारतले ओबोरमा हस्ताक्षर गरेको छैन । हाम्रा लागि चीन र भारत बराबर हुन् किनकी दुवै देश हाम्रा मित्र राष्ट्र हुन् । चीन र भारतको समृद्धिबाट नेपालले फाइदा सधै लिइरहने छ । वान बेल्ट वान रोडमा नेपालको सहभागिताले चीन सँगको सम्बन्ध झनै सुदृढ हुनेछ साथै आर्थिक विकासका नयाँ नयाँ सम्भावना बढाई बहुध्रुवीय संसारको अवधारणालाई पनि अझ मजबुद ओबोरद्वारा पक्कै पनि बन्नेछ किनकि चिनियाँ राष्ट्रपति सी जिनपिङले भन्नु भएकै छ कि, यो परियोजनाको माध्यमबाट मानवीय सभ्यताको थप विकास गर्न तथा ओबोरमा सहभागी देशहरूको आर्थिक उन्नतिमा मद्दत पुग्ने छ । ओबोरबाट नेपालको स्थिर शान्ति र समृद्धि हुने हुँदा साथै युरोप, अफ्रिका र एसियाका मुलुकहरूलाई एक-अर्कासँग ओबोरले जोड्ने सम्भावना देखिएको हुँदा ओबोरको बहुआयामिक महत्व रहेको कुरा अग्निचक्र मासिक प्रस्ट्याउन चाहन्छ । जय नेपाल ॥ जय गोरख ॥ ००


वर्ष ८ अङ्क ९ पूर्णाङ्क ७९

By the Grace of God
*Edited & Published by L.N. Bhattarai*

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥



सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com



ISSN:2362-1109



**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानूनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१




# ॐ सत्गुरू वन्दना

गोरक्ष् वालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥

## भावार्थः

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।



## मन पऱ्यो काफ्लेजीको विचार

अग्निचक्र मासिक वर्ष ८, पूर्णाङ्क ७८, वैशाख २०७४ को अंकमा आर्थिक कुटनीतिविज्ञ मुकुन्द शर्मा काफ्ले ज्यूको अन्तर्वार्ता पढ्न पाइयो । Proper Management for Balanced Development भन्नु हुने काफ्ले ज्यूको यो डायलोग अग्निचक्र मासिकले काफ्ले ज्यूको फोटोसँगै कभरपेजमा राखेको पाइयो, जुन असाध्यै सुहाएको थियो । यस अन्तर्वार्ताबाट निम्न कुराहरू थाहा पाइयो : काफ्ले ज्यूको जीवनी, नेपाल समृद्ध बनाउने सूत्रहरू, नेपालको जलस्रोत र पर्यटन, नेपालको पछिल्लो राजनीतिक अवस्था र भविष्य, राजनीतिक नेताहरूको चरित्रले पारेको प्रभाव, राजतन्त्र हुदै गणतन्त्रसम्मको तुलना र नेपालको कुटनीति चाल-चलन लगायतका विषयमा विस्तृत जानकारी प्रस्तुत गरिएको यो अन्तर्वार्ता साह्रै मन पऱ्यो । मुकुन्द शर्मा काफ्ले ज्यू जस्ता व्यक्तित्वलाई राजदूत बनाउनु जरूरी देखियो ।

**– मेघबहादुर घलान**
प्युठान, हाल : काठमाडौं

## कप्रपाको सम्पर्क ठेगाना प्लीज

स्रष्टा संवाद स्तम्भमा अग्निचक्र मासिकले साहित्यकार कल्पना प्रसाई पाठकज्यूको अन्तर्वार्ता २०७४ वैशाख अंकमा प्रकाशित गरेको रहेछ । अन्तर्वार्ता एकदमै संक्षेपमा तर साह्रै राम्रो रोचक ढंगको थियो । गीत, गजल र कविता लेख्ने गर्नु भएकी पाठक ज्यूले आगामी दिनमा आख्यान तिर पनि कलम चलाउने विचार गर्नु भएको रहेछ । तपाईलाई साहित्य सेवी भन्ने गर्छन् नि, किन ? भनि सोधिएको प्रश्नको जवाफ पाठक ज्यूले "म साहित्यसेवी भन्दा पनि साहित्य प्रेमी तथा साहित्यको विद्यार्थी भन्न रूचाउँछु ।" भनि दिनु भएको जवाफले गर्दा मलाई यी साहित्यिक स्रष्टा कल्पना प्रसाई पाठक ज्यूसँग भेट गर्न मन लाग्यो । कृपया सम्पादक ज्यूले मलाई कल्पना प्रसाई पाठक ज्यूको सम्पर्क ठेगाना, फोन नं. उपलब्ध गराई दिनु हुन्थ्यो कि !

**– प्रमिला ठकुरी**
हेटौंडा-नेवारपानी, हाल : किर्तिपुर




## पौडेलको नौटंकी र नेपालको यथार्थता

'नेपालीको मुहारमा हाँसो ल्याउनकै लागि नयाँ शक्ति पार्टी जन्मिएको हो' भनेर नेता देवेन्द्र पौडेल जीले अग्निचक्र मासिक २०७४ वैशाखको अंकमा अन्तर्वार्ता दिनु भएको रहेछ । मलाई जति बेला यो अन्तर्वार्ता पढेर अचम्म लाग्यो कि त्यतिखेर अर्थात वैशाख ३१ गते सम्पन्न प्रथम चरणको चुनाव सम्पन्न पछि मतगणना रिजल्ट आउदै गर्दा र आइसकेपछि नयाँ शक्ति पार्टीको स्थिति परिणाम सुनेपछि त्यो पार्टीको माया लागेर आयो किनभने उपेन्द्र यादवको फोरम नेपालसँग चुनावी एकता गर्दा पनि नयाँ शक्तिले परिणाम ल्याउन नसक्दा (अपवादबाहेक) माया लाग्यो । यदि नेपालीको मुहारमा हाँसो ल्याउनकै लागि नयाँ शक्ति पार्टी जन्मिएको थियो भने किन नेपालीहरूले नै हराए त नयाँ शक्तिलाई ? त्यसैले देवेन्द्र पौडेलको त्यो भनाई नौटंकी सावित भएकै हो । अर्को कुरा त्यही अंकको अग्निचक्रले निबन्धकार विनयकुमार शर्मा नेपालको नारी र पुरूष शिर्षकमा प्रकाशित गरेको निबन्ध चाहि यथार्थता लाग्यो । किन ? भन्ने जवाफका लागि चाहि त्यो निबन्ध जो कोहीले पनि एक पटक पढ्नुस् भन्न चाहन्छु अग्निचक्रको अनलाइन agnichakranews.com मार्फत !!

**– पूर्ण पाख्रिन**
चितवन ।

## ४० पेजमा २० पेज = ?

०७४ वैशाख अंकको अग्निचक्रमा जम्मा ४० पेजको पत्रिकामा २० पेज त विज्ञापन मात्र थियो र बाकि २० पेजमा म्याटर, किन ? विज्ञापनले पेज भरेको पहिलो पटक हो कि ! फेरि फेरि अरू बेला पनि त्यस्तै हुन्छ ? जवाफ चाहियो ?

**– कमलेश्वर चौधरी,** जनकपुर

# 'सुप्रीम गड'सँग प्रत्यक्ष भएपछि सबै छर्लङ्ग बुझिन्छ



श्री ब्रह्मानन्द प्रा.डा. जितेन्द्रध्वज खाँण

*प्रा.डा. जितेन्द्रध्वज खाँणले धेरै पुस्तकहरू लेखिसक्नु भएको छ । जति जे जे भौतिक रूपमा प्रगति गरेता पनि उहाँले जब ॐ श्री त्रिकुटा गुरूधाम नेपालमा गुरू श्री त्रिकुटानन्द ज्यूबाट आशीर्वाद एवं कृपा पाइसकेपछि प्रा.डा. जितेन्द्रध्वज खाँणले नयाँ नाम पाउनु भएको छ : श्री व्रह्मानन्द । हालै मात्र श्री शार्दूल शमशेर ज.ब.रा. स्मृति कोषले स्व. श्री शार्दूल शमशेर ज.ब.रा. को ९० औं जन्मजयन्तीको उपलक्षमा श्री व्रह्मानन्द प्रा.डा. जितेन्द्रध्वज खाँणलाई सम्मान र कदरपत्र प्रदान गरेको छ । श्री व्रह्मानन्दले शिक्षा क्षेत्रमा लामो समयदेखि अतुलनीय योगदान पुऱ्याउदै आउनु भएको छ । विभिन्न सांस्कृतिक तथा धार्मिक सभ्यता एवं विचार समाहित खाँणको पुस्तक Supreme God ले गागरमा सागर भरे झै धेरै गहन प्रश्नहरूको उत्तर खोज्ने र निरूपण गर्ने प्रयास गरेको पाइन्छ । नेपाल राष्ट्र र नेपाली जनतालाई योगदान पुऱ्याए बापत श्री शार्दूल शमशेर ज.ब.रा. स्मृति कोषले अध्यक्ष श्रीमती प्रभालक्ष्मी राणा तथा प्रमुख अतिथि पूर्व प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द्रज्यूको उपस्थितिमा कदर-पत्र र सम्मानद्वारा ०७४ वैशाख १५ गते सम्मान गरेको थियो । यसै शिलशिलामा श्री व्रह्मानन्द प्रा.डा. खाँणसँग अग्निचक्रले गरेको कुराकानी यहा प्रस्तुत गरिएको छ :*

**तपाईको पुस्तक पढेपछि अरू पुस्तक पढिरहनु पर्दैन रे, किन ?**

- हेर्नुस्- मान्छे धेरै बाँचे उसको आयु सय वर्ष हो, यसमा ५० वर्ष उ सुत्छ, २५ वर्ष उसको समय पढाईमा विद्या आर्जनमा खर्च भइसकेको हुन्छ । ५ वर्ष त उसले वाथरूममा बिताउँछ, ५ वर्ष खाने समयमा बित्छ । ५ वर्ष जति बिरामी समय बित्छ भने ५ वर्ष उसको रमाइलोमा बित्छ भने अब बाकी ५ वर्षमा कति कुरा भ्याउछ र ? होइन त ! यसकारण मेरो पुस्तक पढेपछि अरू पुस्तक पढ्नुपर्छ भन्ने जरूरी छैन, किनकि पुस्तकको नाम नै Supreme God (Body, Will, Wisdom & Work) हो । मेरो पुस्तकले पूर्ण ज्ञान दिन्छ भन्ने मेरो ठम्याई हो । शरिर र मन दुवै चीज शुद्ध भइसकेपछि अर्थात फोहोर पखालीसकेपछि सद्गुरूको आशिर्वाद तथा कृपाद्वारा सुप्रीम गडलाई भेट्न सजिलै सकिन्छ जसरी मैले मेरो गुरू श्री त्रिकुटानन्द ज्यूबाट आशिर्वाद एवं कृपा पाएर अहिले आनन्दै आनन्दमा जीवन बिताईरहेको छु । म जत्तिकै आनन्दमय जीवन जिउन चाहनेले मेरो गुरूलाई भेट्नुस् ।

**तपाईको पुस्तक Supreme God मा के छ ? सविस्तार भनिदिनुस् न ?**

- मेरो सुप्रीम गड पुस्तकमा के छ ? भन्ने प्रश्नको जवाफ एउटा पाठक भएर यसरी दिन चाहन्छु : सृष्टिकर्ता परमेश्वरको शक्ति सर्वत्र र चराचर सबैमा रहेको प्रसंगमा प्रा.डा. जितेन्द्रध्वज खाँणको पुस्तक सर्वोच्च इश्वरले मूर्तरूप दिएको र जीवनमा रूपान्तरित इश्वरीय शान्तिको संचित भण्डारको सदुपयोग गर्न सकिने तथा आवश्यक भएको सन्दर्भ सरलीकृत रूपमा पाठक सामु पस्कनु भएको छ । अति रोचक कुरा त के देखिन्छ भने कर्मको आधारमा व्यक्तिले परिणाम प्राप्त गर्ने सहर्ष कार्यको संचित भण्डार बैकिङ्ग बचत झै अन्तर हृदयमा भण्डारण भएको हुन्छ । भण्डारण भएका यावत कर्महरूले दुई प्रकारले परिणामलाई स्वीकार गर्दछन्, खासगरी असल र खराब कर्ममध्ये कुन कर्मको बैकिङ्ग भण्डारण बढी भयो, व्यक्ति विशेषले पनि सोही अनुसारको परिणाममुखी जीवनशैली अपनाउछ, यो नै यस पुस्तकको प्रमुख र मननीय श्रृङ्खला रहेको स्पष्ट हुन्छ । अन्तत आफ्नो कर्मलाई पवित्र बनाउन सकेको खण्डमा सोही अनुरूपको इश्वरीय शान्ति र आनन्द प्राप्त गर्न सकिने कुरामा मेरो (उहाँको) जोड रहेको देखिन्छ ।

प्रा.डा. जितेन्द्रध्वज खाँणको ३० औं वर्षको अध्ययन अनुसन्धान तथा विद्यावारिधीको सोधपत्र समेतमा देखिएको गहिरो अध्ययनले एउटै सर्वोच्च इश्वर अर्थात *सुप्रिम गड* रहेको र इश्वरीय गुणको अधिकतम् अभ्यासद्वारा आनन्ददायक जीवन प्राप्त गर्न सकिन्छ । खासगरी जुन सुकै धार्मिक सम्प्रदायहरू मार्ग मात्र भएको र अन्तत उनीहरूको गन्तव्य पनि सर्वोच्च इश्वर भएको कुरा ज्ञान चक्षुको सही सदुपयोग ध्यान योगको माध्यमद्वारा इश्वरीय तहमा पदार्पन गर्ने विधिको सहजीकरण नै पुस्तकको प्रमुख लक्ष्य भएको पाइन्छ ।

अन्तमा हाम्रो दैनिक मानवीय क्रियाकलापहरूमा भए गरेको अनगिन्ती गल्तीहरूको भण्डारण नभइ असल कर्मको भण्डारण गर्नु पुस्तकको प्रेरणादायी पक्ष हो । विश्वासको क्रममा अलग अलग प्रकृतिका बुझाइहरूको स्थिति इश्वरीय तत्वको बुझाइमा पनि पाइनु कुनै अस्वभाविक कुरा होइन । यद्यपी सर्वोच्च इश्वर (Supreme God)

# म जत्तिकै आनन्दमय जीवन जिउन चाहनेले मेरो गुरुलाई ॐ श्रीत्रिकुटा गुरुधाममा गएर भेट्नुस्






श्री ब्रह्मानन्द
प्रा. डा. जितेन्द्रध्वज खाँण
र उहाँका प्रकाशित कृतिहरू

शीर्षकको यस पुस्तकले मानवीय अन्यौल तथा दुविधाको अन्तिम किनारा लगाई मानिस र इश्वर बीचको सापेक्षता बढाइ दिएकोले यो पुस्तकको अध्ययनद्वारा अवश्य नै इश्वरीय रूपान्तरित शान्तिको अनुभूति प्राप्त हुने निश्चित छ । मैले यसरी बताउनुको कारण मेरो नाम अहिले *श्री ब्रह्मानन्द* भइसकेकोले गर्दा हो । यो पुस्तक लेख्दा मेरो नाम प्रा.डा. जितेन्द्रध्वज खाँण थियो ।

**तपाई अहिले कुन अवस्थामा हुनुहुन्छ ? परमात्माको दर्शन पाइन्छ त ?**

– म अहिले परमानन्द अर्थात आनन्दीत अवस्थामा छु । काम, क्रोध, लोभ, मोह, अहंकार, मद, मात्सर्य केहीले पनि छुदैन मलाई । भगवान् राम, कृष्ण हामी जस्तै मान्छे थिए । हामीले आफूले आफुलाई चिन्न सक्यौं भने सबैथोक हामी भित्रै रहेछ भन्ने थाहा पाउछौं । अन्तर हृदयलाई सफा गर्नुपर्छ । शरिर भित्र विभिन्न चक्रहरू छन्, तिनीहरूलाई सफा गरेपछि छर्लङ्गै होइन्छ, मोक्ष प्राप्ती गर्न सकिन्छ । डाइरेक्ट सुप्रीम गडसँग कनेक्सन हुन्छ, परमात्माको दर्शन पाइन्छ । तर यो कुरा आजको यो कलियुगका मान्छेले बुझ्दैनन् या बुझ्न चाहदैनन् । तेस्रो आखा खुलेपछि सब छर्लङ्ग हुन्छ । ८४ लाख योनीमा मान्छे भएर जन्मन पाउनु ठूलो भाग्य हो । अब त मोक्ष प्राप्त गर है भनेर मान्छेको जन्म दिएको हो भगवान्ले । सत्य युगमा सय प्रतिशत सत्य हुन्थ्यो । त्रेता, द्वापरमा ७५% र ५०% हुदै अहिले कलियुगमा आइपुग्दा २५% मात्र सत्य हुन्छ रे । ७५% मान्छे भुट छन् यहाँ गुरूको कृपा भो भने परमात्माको दर्शन पाइन्छ, विश्वास र मेहनत चाही गर्नुपर्छ ।

**सुख र दुःख अनि शान्ति र अशान्ति कहाँबाट आउछ त ?**

– यो शरीरलाई माया गर्न नजानेपछि विरामी परिन्छ । शरीर स्वस्थ भयो भने मात्र सबथोक प्राप्त गर्न सकिन्छ । **सुख र दुःख भन्ने कुरा शरीरबाट आउँछ ।** शरीर स्वस्थ भयो भने सुख भयो, शरीर स्वस्थ भएन भने दुःख हुन्छ । त्यसैले आइ लभ माई बडी भन्नुस् र सोही अनुसार गर्नुस् पनि । सुख र दुःख शरीरबाट आउछ भने **शान्ति र अशान्ति चाहि मनबाट आउछ ।** मन अडियो भने शान्ति हुन्छ । 'बुद्धि र मन' फरक चीज हुन् । हाम्रो शरिरमा ५ वटा आनन्द तत्व हुन्छन् : अन्नमय शरीर, अन्न खाएपछि मात्रै प्राण बच्ने हुनाले अन्नमय माथि प्राणमय हुन्छ, प्राण भएपछि बल्ल मन आउछ, मन भन्दा माथि विज्ञानमय, विज्ञानमय माथि आनन्दमय, यसको नजिक आत्मा हुन्छ । त्यसैले शरीर र मनलाई ठीक ठाउँमा राखौं भन्छु । शरीर र मन ठीक भएपछि गुरू भेटौं अनि कृपा पाइ परमात्माको साक्षात्कार गरौं, यही हो जीवनको अन्तिम लक्ष्य ।

**तपाईको गुरू र गुरूधामबारे सबैकुरा बताई दिनुहुन्छ कि ?**

– मेरो गुरू श्री त्रिकुटानन्द ज्यू हो, ॐ श्री त्रिकुटा गुरूधाम नेपाल हलचोक स्वयम्भु माथि रहेको छ । सम्पर्क नं. ४०३३८६५, ९८४१७७३२५५ हो । इमेलः trikutagurudham@gmail.com हो, web: www.trikutagurudham.org हो । त्यस्तै Youtube: Om Shree TrikutaGurudham हो । सत्य मार्गको शंखनाद- एक सत्य र सङ्कल्पको पुनर्जन्म । दिक्षा एवं समागम-प्रवचन एवं सत्संग-आशिर्वाद एवं कृपा । गुरू दिक्षा श्री रूद्रम् योगा, कुण्डलिनी जागरण, आत्मा साक्षात्कार, विभिन्न साधनाका दिक्षाहरू, परा विज्ञान रहस्यहरू, वैकल्पिक उपचार पद्धतिहरू, अनन्त व्रह्मज्ञानको सागर जीवन पर्यन्त । यी कार्यक्रमहरू पञ्चाङ्गको आधारमा आफ्नो समय अनुसार भइरहने छन् । अतः आफ्नो जीवनका केही क्षणलाई निकालेर गुरू सानिध्य प्राप्त गरि व्रह्म सागरको रसमा डुबुल्की लगाई आफ्नो जीवनको मार्गलाई सुख, शान्ति, वैभवता तथा उन्नतितर्फ लैजानुहोस् । साथै, निको हुन नसकेका वा कुनै पनि औषधी उपचारले ठीक हुन नसकेका दीर्घकालीन रोग व्यथा तथा समस्याहरूबाट पूर्णरूपले मुक्त हुन र योग-ध्यान, साधना, गुरू दीक्षा, अनेकौं उपचार पद्धतिहरू, लौकिक-अलौकिक तथा परलौकिक साधनाका विद्याहरू सिक्नको लागि गुरूधाममा निःसङ्कोच सम्पर्क गर्नुहोला । प्रत्येक पूर्णिमा, औंशी र अन्य विशेष दिनहरूमा मृत्याक्षरी स्तोत्तम् महायज्ञ, महाविद्या हवन, संकटमोचन यज्ञ, रोग निवारण विशेष यज्ञ तथा नव ग्रह शान्ति हवनहरू तान्त्रोक्त विधिबाट गरिने हुनाले प्रत्यक्ष परिणाम प्राप्त गर्न सकिन्छ, जसले हाम्रो जीवनमा आइपर्ने समस्त प्रकारका दैहिक-दैवीक-भौतिक समस्याहरूबाट मुक्त हुन सकियोस् । *मालिक सबैको एउटै हो सबै उसकै अंश होला । परमधामको यात्री बनौं मिलन गुरुधाम होला* ।। अन्तर्वार्ता लिनुभएकोमा लक्ष्मीनारायण जीलाई धन्यवाद । ००





# SUMMARY OF RIGHT LIFE

Dr. YB Shrestha Malla

When I came to know the value of **RL**, I started to visit **SB**'s Ashram regularly where I was lucky to meet several senior devotees (11 of them in particular) who kindly guided me. I tried to serve them as their Family Physician which made me accessible to them whenever I needed their help.

With great interest I studied spiritual classics and made extensive notes simultaneously over 25 years or more. Slowly but surely I came to understand **RL** Teachings. Over the years my understanding brightened and glowed as a morning sun.

I tried to them into practice but only to a small amount, I am afraid. But whatever I practised they gave me immense benefit.

**SB** has formulated his Teachings as following and called them **The Three Disciplines**. First or **Physical Discipline** takes care of the Body and Intellect, **Second or Mental/ Moral Discipline** takes care of Mind and **Third Discipline** takes care of Soul.

**Details:**

1. **Care of Body.** This can be done by

**Drilling the Body of the seeker** like a soldier to regulate his life-style. They are 1) Sleep 2) Cleanliness 3) Food 4) Behavioural system dealing with self and others coming in contact with it, i.e., the external world and 5) by controlling /regulating the negative factors which are Indolence, lethargy, over indulging in sex and so on.

This Discipline makes his Body becomes healthy. But one should however know that 100% health is not necessary for **RL.** They are necessary for only those who practice Yoga and other disciplines.

**Regularity first and Punctuality later** are the underlying Principles.

2. **Care of the Intellect.** This is done by

Focusing the attention of the seeker exclusively in his Duty and not straying in non-duties which are either useless or harmful activities (Akarmas & Vikarmas). If he performs this Discipline perfectly his Intellect improves. As a result the seeker develops his skill i.e. dexterity in action so that he becomes successful in all his life-activities.

Then whatever work he does becomes successful. He becomes efficient, prosperous, healthy, wealthy, wise and rich. Like an Emperor on his throne (Gaddi) he gets whatever he wants. But the disadvantage here is that it is temporary, perishable and his achievements "die", as it were, when his Body dies! It takes him inside the Merry-go-round-machine, keeps him rotating in the life-and-death cycle and bound in the world of Maya forever! In this way he drifts away from his Goal, the Highest Truth.

3. **Care of the Mind.** This is done by

Putting ourselves away from Liking, Disliking and New desires. For this the seeker must constantly resort to the following: 1. REVIEW of his performance every night before he goes to sleep, 2. SATSANG among our like minded friends, by regular 3. STUDY of SCRIPTURES/ SADSAASTRAS, 4. By Practicing SACRIFICES, CHARITIES and AUSTERITIES, 5. Cultivating VIRTUES as advised to Arjun by Krishna in the battlefield of Mahabharat War, and 6. Doing your DUTY all the time.

4. **Care of Soul.** This is done by

Cultivation of Virtues as mentioned above plus Meditation and Inquiry in that order.

However, the seeker should not fall prey to various Rituals, Traditional Practices, Fanaticism, and Worshipping 3.3 millions of "gods & goddesses".

The virtues are 26 in number.

You must then Practice Meditation and do regular INQUIRY.

**What is Meditation?** It is walking towards God slowly, constantly, consciously like an elephant's walking, with extreme patience, constant agitation and love for the Beloved. This comes to you only by Devotion. Practicing them regularly is the secret.

Constantly remember Him like a maid, who leaves her small child at home to earn her living by working in someone else's house, elsewhere!

What is Inquiry? Inquiry means trying to get answer to your question "Who am I? Who are you? What is this world?" and so on. The Highest Consciousness gives answer to them. As a result you get Absolute Knowledge-Consciousness-Bliss and Total Freedom from the bonds of Nature.

**Remember:** Soul is made of Spirit. Only this can land in the kingdom of our Father, the God. Therefore Inquiry is compulsory: Sharp Intellect and Pure Mind are accessories which can only help by taking you to a limited distance but cannot take you to the Goal.

In short these 4 factors takes you direct to Truth.

**SB**: The Teachings in the Scriptures are general only, meant for general people. For particular candidates a Realized Soul is absolutely necessary.

My way of teachings is: I give you examination papers, correct them and by doing so, I try to teach them. Others teach at their schools with commotion and emotion.

# राजनीतिक क्रान्ति र लोकतन्त्र
## पुरातन विचार र आधुनिक निर्वाचन



– दुर्गाप्रसाद आचार्य

व्यक्तिगत स्वार्थमा लिप्त नभई राष्ट्रिय स्वार्थमा केन्द्रीत भएर आफ्नो राष्ट्रलाई सुरक्षित र धनी बनाउँन चाहने राष्ट्रभक्त नेपाली नागरिक जो इमान्दार, सक्षम र पौरखी छ त्यस्ता राष्ट्रसेवक नै जो आफ्नो मुलुकलाई सधैं सुरक्षित र धनी बनाउनमा नै आफ्नो कर्तव्य सम्भिन्छन्, त्यस्ता इमान्दारको हातमा नेतृत्व हुने हो भने नेपालले दिन दुइ गुना र रात चौगुनाको हिसाबले कायापलट फेर्न सक्छ । राष्ट्रिय आवश्यकतालाई प्राथमिकता दिई समाज-राष्ट्रप्रति प्रतिबद्ध भई मुलुकको सेवा गर्न चाहनेहरू केन्द्रीय नेतृत्व तहमा नपुगुञ्जेलसम्म नेपालको विकास र समृद्धि वर्तमान गति कै हाराहारीबाट गुज्रिरहने पारा विद्यमान छ ।

परम्परागत संस्कारबाट गुज्रिरहेको यो मुलुकमा सक्षम व्यक्तिहरू असल समाज निर्माणका लागि परम्परागत ढंगले अघि बढिरहेका र राजनीतिक दलहरूको संकुचित दायराबाट फुत्केर इमान्दार पौरखी बन्दै आफ्नो मुलुकप्रतिको दायित्वलाई कर्तव्य ठानी एक्काइसौं सताब्दीको आधुनिक वैज्ञानिक युगानुसार जाग्ने, उठ्ने र अघि लम्कने हो भने राष्ट्र निर्माणले अत्याधिक छलाङ मार्दै डेढ दशक भित्र नेपाल समृद्ध मुलुक बन्छ, यो सास्वत र यथार्थ कुरा हो कि आजैबाट यी माथिका कुरा ध्यान दिई अघि बढ्ने हो भने । अर्थात् नेपालको समस्या नेपालीले नै समाधान गर्ने हो भने समृद्धि टाढा छैन ।

प्रथम चरणको स्थानीय निकायको निर्वाचन सकिएर दोस्रो चरणको निर्वाचनमा समग्र मुलुक कस्सिएर लागेको बेला केही केही विगतमा हरूवा नेता बनेका दलका नेताहरू चाहि चुनाव हार्ने डरले निर्वाचन नभए हुन्थ्यो भनेर धुप बाल्दै विविध कपोलकल्पित उद्गारहरू सञ्चार माध्यम मार्फत ओकलिईरहेका छन् । खास गरि मधेश केन्द्रित दलका अवसरवादी नेताहरू यस्ता गतिविधिमा संलग्न हुदै आएका छन् । संविधान संशोधन गर्नैपर्छ नत्र मुलुक गम्भिर दुर्घटनामा पर्छ भन्दै आइरहेका मधेशका क्षेत्रीय पार्टीका विगतका हरूवा नेताहरू विभिन्न बहानाबाजीमा कुदिरहेका छन् । तर समग्र मधेश स्थानीय निर्वाचनमा उत्साहित भएर मधेसी जनता निर्वाचनको पखाईमा रहेको देखिएकाले अबको केही दिनमै मधेश केन्द्रीत दलका नेता बाध्य भएर स्थानीय निर्वाचनमा भाग लिन्छौं भन्लान् जस्तो छ । यस्तो परिस्थिति सिर्जना भइरहेको




छ र यो चीज मुलुकको हितमा नै छ अर्थात् निर्वाचन आम जनताको रूचीको विषय बन्दै गइरहेको छ । दोस्रो चरणको निर्वाचनपछि मुलुकमा एकता र सद्भाव कायम भई स्थायी शान्ति छाउने निश्चित प्रायः देखिन्छ ।

संविधान संशोधन नभएसम्म निर्वाचनमा भाग लिन्नौं भनेर राजनीति र राष्ट्रलाई नै अफठ्यारो पार्न खोज्ने दल र तिनका नेताहरू दोस्रो चरणको निर्वाचनपछि सधैंका लागि मधेशबाट भाग्ने छन्, यो कुरा मधेशका जनताले नै भनिरहेका छन् । प्रचण्ड नेतृत्वको सरकारले साहसिक धैर्यता, संयमता र राजनीतिक कुशलताद्वारा प्रथम चरणको निर्वाचन सम्पन्न गराई सकेको हुँदा अबका दिन राम्रै होला देशका लागि । निर्वाचनमा मधेशी दलहरू लगायत अन्य साना दल, विप्लव माओवादीहरू सबै दल संसदीय मूलधारमा समाहित भएर मुलुकमा राजनीतिक स्थायित्व कायम गरी आर्थिक विकासमा लाग्नु नै आम नेपाली नागरिकको हित हो भन्ने कुरा सबैले बुझ्नु जरूरी छ ।

केही प्रबुद्ध शिक्षक तथा रिटायर्ड सरकारी उच्च तहका राष्ट्रसेवक विद्वानहरूको कुरा सुन्ने हो भने नेपालमा जहिले जे पनि हुन सक्छ भन्ने तर्क गर्छन् । यो कुरा एक प्रकारले ठीकै पनि हो किनभने नेपालको संविधान २०७२ जारी हुँदा मधेसी दल बाहिरै थिए र अर्को कुरा ९० प्रतिशतको हाराहारीमा रहेका ॐ कार परिवारले चाहेको सनातन हिन्दुराष्ट्र नयाँ संविधानमा धर्म निरपेक्ष भएको छ, त्यस्तै पुराना सोच विचार र परम्परागत संस्कार मान्ने बौद्धिक बुढो जगत अझै पनि राजसंस्था कै पक्षमा छ र विप्लब माओवादीहरू निरन्तर संघर्ष मै छन्, त्यसकारण २००७ सालमा क्रान्तिद्वारा प्रजातन्त्र आएर २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले सत्ता हाँकिरहदा २०१७ सालमा राजा महेन्द्रद्वारा 'कू' गरिएको इतिहास हेर्ने हो भने अहिले नेपालमा राजा नभए पनि सेना प्रमुख भिन्नै विचारले यदि निर्देशित भए भने सैनिक 'कू' हुन पनि बेर लाग्दैन ।

राजा पृथ्वीनारायण शाह पछाडीको नेपाली राजकीय शासन हुदै शाही घोषणा मार्फत तत्कालीन राजाबाट जंग बहादुरलाई दिइएका अधिकारहरू, सुगौली सन्धि अघिको नेपाल र त्यसपछिको अवस्था, श्री ३ वीरशम्शेर विरूद्ध प्रधानसेनापति खड्ग शम्शेरको षड्यन्त्र, राजा त्रिभुवन र मोहन शम्शेर बिचको कटूता र २००७ सालको क्रान्ति, राजा महेन्द्रको प्रत्यक्ष शासन, ०४७ को संविधान, ज्ञानेन्द्र राजाको 'कू' र गणतन्त्र सम्मको समग्र मूल्यांकन हेर्दा र देउवाको विगत र हालको लोभीपन अनि गणतन्त्रका शक्तिशाली प्रमुख ३ दलको चरित्रले गर्दा मधेशमा सिके राउतको उदय पछिको तराइको यथार्थ वास्तविकता एवं राजपाको घुर्क्याईबाट आजीत बनेका जनता अनि राजनीतिलाई नजिकबाट नियालेको नेपाली सेनाको अभिव्यक्ति सुन्दा कुनैबेला पनि 'कू' हुन सक्छ भन्ने विचार राख्दा खासै गलत नहोला जस्तो लाग्छ यो पंक्तिकार आचार्यलाई ! कि कसो त पौठेजोरी खेल्ने नेताजीहरू ?? ००



# भलिबल

✍.............. रोशन श्रेष्ठ



# नेपालको राष्ट्रिय खेल

नेपाल भलिबल संघको २०६८ साल श्रावण दोश्रो हप्ता पोखरामा सम्पन्न पाचौं वार्षिक साधारणसभाले नेपालको राष्ट्रिय खेल भलिबल हुनुपर्छ भनि नेपाल सरकारमा निवेदनसहित पहल गर्न सर्वसम्मत निर्णय गरी संस्थागत रूपले अगाडी बढाइएको अभियानले अन्तत ६ वर्ष पछि नेपाल सरकार मन्त्रिपरिषद्को २०७४ जेष्ठ ८ गते सोमवार बसेको बैठकले नेपालको राष्ट्रिय खेल भलिबल हो भन्ने निर्णय गरी नेपालको राष्ट्रिय खेल भलिबललाई अनुमोदन गरेपश्चात् खेलकुद क्षेत्रमा एउटा तरङ्ग पैदा गरेको छ । नेपाल भलिबल संघको केन्द्रिय कार्यसमितिको सक्रिय सदस्यको नाताले विगत ६ वर्षदेखि विभिन्न वर्ग, क्षेत्रमा व्यक्तिगत र संस्थागत पहल कदमी गरिरहेको अभियन्ता हुनाले म व्यक्तिगत एवं संस्थागत रूपले नेपाल सरकारको यो सही निर्णयप्रति हार्दिक आभार व्यक्त गर्दछु । मलाई याद छ, पोखराको बैठक पश्चात् आन्तरिक पर्यटन प्रवर्द्धनको सिलसिलामा सपरिवार घान्द्रुक पदयात्रामा हिडिरहेको विहानको समयमा अन्नपूर्ण एफ. एम. वाट पोखराका पत्रकार दिपेन्द्र श्रेष्ठले फोन गरी लिएको प्रत्यक्ष अन्तर्वार्ता रेकर्डमा मैले भनेको रहेछु की, नेपालको राष्ट्रिय खेल भलिबल नै हुनुपर्छ भन्ने संघले प्रष्ट निर्णय गरेको छ ।

त्यस्तै २०६८ माघ १३ गते पूर्वाञ्चल क्षेत्रिय महिला भलिबल छनौट प्रतियोगिताको सिलसिलामा सोलुखुम्बु एफ. एम. १०१.२ मेगाहर्जले तत्कालिन महासचिव विरेन्द्र खड्का सहित मसँग संयुक्त अन्तर्वार्ताको क्रममा पनि संघको तर्फवाट भलिबललाई नेपालको राष्ट्रिय खेल हुनुपर्छ भनि आवाज बुलन्द गरेको रहेछु । त्यस्तै दावाँली मिलन क्लव, कृष्णलक्ष्मी-लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठान र हामीसँग आवद्ध अन्य सामाजिक संघ संस्थाहरूको गतिविधिवारे २०७० चैत्र २६ र २०७३ पौष २० गते नेपालकै लोकप्रिय कान्तिपुर एफ. एम. ९६.१ ले गरेको प्रत्यक्ष अन्तर्वार्ताको क्रममा पनि स्पष्ट अडानका साथ राष्ट्रिय खेल भलिबल हुनुपर्छ भन्ने आफ्नो दावा रहेको कुरा व्यक्त गरेको रहेछु । ती सबै एफ. एम.बाट प्रसारित रेकर्ड अहिले सुन्दा बडो आनन्द महसुस भई रहेको छ । भलिबलका विभिन्न प्रतियोगिता, खेलकुद तथा अन्य सामाजिक गोष्ठि एवं बौद्धिक स्तरको पत्रकारहरूको जमघटहरूमा मैले बोल्ने, पहल गर्ने मौकामा यही भाषालाई सधै नै बुलन्द रूपले प्रस्तुत गर्दै आईरहेको थिएँ ।

संघको वोर्ड बैठकमा पनि यो अभियानको क्रममा नेपालका ६०१ नै सभासद् ज्यूहरूलाई आमन्त्रण गरी संविधान सभामा, युवा तथा खेलकुद मन्त्रालय र अन्य सम्बधित निकायहरूमा हाम्रो आवाज बुलन्द गरौं भनि बारम्बार घच्घच्याउने कार्य सधै नै गरिरहें । त्यसैले होला नेपाल सरकारले गरेको निर्णयको खबर जानकारी पाउन साथ खुसी तथा आभार व्यक्त गर्न म सिधै युवा तथा खेलकुद मन्त्रालय पुगें । माननीय मन्त्री दलजीत श्रीपाईली, सचिव महेशप्रसाद दाहालज्यू विदेशमा हुनु भएको कारणले उहाहरूसँग प्रत्यक्ष भेट गरी आभार प्रकट गर्ने मेरो इच्छा पुरा हुन सकेन । निमित्त सचिव तथा खेलकुद मन्त्रालय कै प्रवक्ता रामप्रसाद थपलिया र उपसचिव रविप्रसाद दवाडीजी सँग भेट गरी मन्त्रालयप्रति आभारी रहेको साथै धन्यवाद ज्ञापन गर्ने मेरो मनोकांक्षा पुरा गरें ।

तत्कालिन क्षणमै बी.बी.सी. नेपाली सेवाका लोकप्रिय खेलकुद पत्रकार निरञ्जन राजवंशीजीले यो निर्णयवारे प्रवक्ता ज्यूसँग प्रत्यक्ष टेलिफोन अन्तर्वार्ता लिइरहनु भएको थियो । मैले उहाँको स्पष्ट जवाफ सुनें । साह्रै खुसि लाग्यो । किनकी मेरो मनमा भएकै कुरा उहाले व्यक्त गर्दै हुनुहुन्थ्यो । नेपालको ७५ जिल्ला र ४ हजार गा. वि. स. का हिमाल, पहाड र तराई सबै कुना कन्दरामा खेलिने, सर्वसुलभ, सस्तो, लोकप्रिय, मित्रता र सद्भाव बढाउने टिममा खेलिने, भौगोलिक बनावट र हावापानी सुहाउँदो खेल भलिबल नै भएको ठहर गरी मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पठाइएको हो । उहाँको स्पष्ट धारणा सुनेर म झनै खुसी भएँ । सरकारले उपयुक्त खेललाई नै नेपालको राष्ट्रिय खेल घोषणा गरेको छ ।


अब नेपाल भलिबल संघको जिम्मेवारी झनै बढेको छ । यस खेललाई कसरी प्रवर्द्धन गर्ने ? ७५ जिल्लामै सक्रिय रहेका जिल्ला भलिबल संघ, राष्ट्रिय खेलकुद परिषद्, युवा तथा खेलकुद मन्त्रालय, नेपाल ओलम्पिक कमिटी साथै सातै प्रदेशका भलिबलप्रेमी नेपाली बन्धुहरूको भावनालाई समन्वय गर्दै गाउँ, सहर, नगर, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मै नेपाली भलिबलको स्तरोन्नति गरी राष्ट्रको गौरव विश्वसामु स्थापित गर्ने महत्वकांक्षी योजनाहरू तय गर्ने पहिलो आधिकारिक संस्था नै नेपाल भलिबल संघ हो । त्यसैले यथाशीघ्र संघको पूर्ण बैठक बोलाई कम्तिमा पनि १० वर्षे कार्ययोजना तय गर्नु पर्छ भनि संघका अध्यक्ष मनोरञ्जन रमण शर्मा, महासचिव जितेन्द्रबहादुर चन्दलगायत सबै पदाधिकारी साथीहरूसँग साथै पूर्व अध्यक्ष गंगाबहादुर मगर, जसले भलिबल संघको १४ वर्ष (२०५४-२०६८) नेतृत्व गरी विकट परिस्थितिमा पनि भलिबललाई थामी रहनु भयो ।

त्यस्तै संघका निवर्तमान अध्यक्ष दानबहादुर तामाङ्ग जसको कार्यकालमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका खेल संघहरूमध्ये उत्कृष्ट संघ हो भनि रू. एक लाख नगद पुरस्कार सहित युवा तथा खेलकुद मन्त्रालयवाट सम्मान ग्रहण गराउन सफल हुनुभएको थियो । त्यस्तै खेलाडी र खेलप्रेमी साथीहरूसँग खुसी साटासाट गरी अब आउने चुनौतीहरू हार्दिकताका साथ ग्रहण गर्दै नयाँ कार्ययोजना तर्जुमा गर्नु पर्ने विषय अनुरोध गरिरहेको छु । भलिबल एकेडेमी बनाउने, प्रशिक्षण केन्द्रहरू निर्माण गर्ने, कर्पोरेट हाउसेसहरूलाई भलिबलमा लगानी बढाउने वातावरण सिर्जना गर्दै व्यावसायिक खेलाडीहरू उत्पादन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली भलिबल खेलाडीले पनि आफुलाई सक्षम बनाउन सकोस् र नेपालको राष्ट्रिय खेल भलिबल भईसकेपछि सरकारी स्तरबाटै यसको प्रवर्द्धनमा विशेष सहयोग पुगेको कुरा यसको नतिजाले बोल्न सकोस् ।

भलिबललाई नै आफ्नो जीवनआधार मानेर लगातार लागिरहेका खेलप्रेमी साथीहरू, भलिबल सिरानी नलगाई निन्द्रै लाग्दैन भन्ने भलिबल क्रेजी समूह, भलिबलको उत्थानमा क्रियाशील क्लवहरू, स्कुल, कलेज, विश्वविद्यालय, गाउँ, नगरका साथै विदेशी भूमिलाई आफ्नो कार्यथलो बनाएका नेपाली भलिबल खेलाडी, खेलप्रेमी साथीहरू सबैको भावनालाई एकत्रित गरी उहाँहरूको उर्जालाई भलिबलको समग्र प्रवर्द्धनको लागि उपयोग गर्ने गरी स्वदेश तथा विदेशमा पनि केही कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ । भलिबललाई राष्ट्रिय खेल बनाउनु पर्छ भन्ने धारणालाई सकारात्मक रूपले प्रत्यक्ष-अप्रत्यक्ष रूपले सघाउ पुऱ्याउनु हुने ज्ञात-अज्ञात व्यक्ति, खेलाडी वुद्धिजिवी, जनसाधारण सम्पूर्ण महानुभावहरूलाई मनैदेखि मुरी मुरी धन्यवादका साथ आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि भलिबलको उत्थानका कार्यक्रमहरूमा यस्तै साथ सहयोगको अपेक्षा राख्दै पुनः धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । जय भलिबल ॥ जय नेपाल ॥ ००



# गर्भावस्थामा खतराका लक्षणहरू



गर्भावस्थाको जुनसुकै अवधिमा जतिसुकै बेला पनि खतराहरू हुन सक्दछन् । चाहे त्यो पहिलो त्रैमासिक होस् वा तेस्रो त्रैमासिक । तर पहिलो र तेस्रो त्रैमासिकको दाँजोमा दोस्रो त्रैमासिकमा खतराको सम्भावना कम हुन्छ ।

**गर्भावस्थामा कस्ता लक्षणहरूलाई खतराको लक्षण भनी बुझिन्छ ?**

- लगातार बान्ता भइराख्नु ।
- योनीबाट रगत बग्नु ।
- उच्च रक्तचाप हुनु ।
- टाउको दुख्नु, आँखाको ज्योति धमिलो हुनु, छाती दुख्नु ।
- छारे रोग भएजस्तो जीउ कामेर बेहोस हुनु (Eclampsia)
- रगतको कमी हुनु (Anaemia) ।
- कमलपित्त (Jaudice) हुनु ।
- पिसाब पोल्नु, ज्वरो आउनु ।
- बच्चा कम चल्नु वा चल्दै नचल्नु ।
- समयभन्दा पहिले व्यथा सुरू हुनु ।
- व्यथा लाग्नु अघि योनीबाट पिसाबजस्तो पानी बग्नु ।

**जोखिमपूर्ण गर्भावस्था**

**कस्तो गर्भलाई जोखिमपूर्ण गर्भावस्था भनिन्छ ?**

जुनसुकै गर्भावस्थामा जतिबेला पनि खतरा हुनसक्ने भएकाले यो गर्भ जोखिमपूर्ण र यो गर्भ जोखिमरहित भन्न अप्ठ्यारो हुन्छ ।

गर्भवतीको भूत, वर्तमानमा भएको कुनै अवस्था जसको असरले आमा, शिशुको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्दछ भने यस्तो समस्या भएको गर्भावस्थालाई जोखिमपूर्ण गर्भावस्था (High Risk Pregnancy) भन्न सकिन्छ ।

तैपनि कुनै गर्भावस्थामा पहिलेदेखि नै केही समस्याहरू छन् जसले गर्दा अरू गर्भहरूभन्दा यो गर्भमा हुने खतराको सम्भावना बढी छ भने त्यस्तो गर्भलाई जोखिमपूर्ण गर्भावस्था (Hisk Risk Pregnancy)भनिन्छ ।

त्यसैले जोखिमपूर्ण गर्भावस्था त्यो हो जसमा कुनै त्यस्तो समस्या छ जसले गर्दा गर्भवतीको स्वास्थ्य र गर्भमा रहेको बच्चालाई नराम्रो असर पार्न सक्ने सम्भावना हुन्छ ।

निम्न समस्याहरूले गर्भावस्थालाई जोखिमपूर्ण बनाउन सक्दछ :

- गर्भवतीमा मुटुको रोग हुनु ।
- गर्भवतीमा मधुमेह हुनु ।
- उच्च रक्तचाप हुनु ।
- पहिले बच्चाहरू अप्रेसन गरी जन्माएको ।
- पहिले गर्भपतनहरू भएको ।
- आमाको रेजुस नेगेटिभ हुनु ।
- पहिला बच्चाहरू पेटमा नै मरेको ।
- जुम्ल्याहा बच्चा भएको गर्भावस्था ।
- आमाको रगतको कमी ।
- साल पाठेघरको मुखको नजिक हुनु

आदि समस्याहरू भएका गर्भलाई जोखिमपूर्ण गर्भावस्था भन्दछन् ।

यस्ता अवस्थामा खतराको समस्या बढी हुन सक्दछ । त्यसकारण यी अवस्थाहरूमा गर्भ भए जोखिमपूर्ण गर्भावस्था भनिन्छ । यस्ता अवस्थामा गर्भवतीहरूलाई विशेष ध्यान दिई हेर्नुपर्ने हुन्छ । आवश्यक परे अरू गर्भवतीहरूभन्दा छिटो परीक्षणका लागि बोलाउनु पर्ने पनि हुन्छ । केही गर्भवतीलाई सुत्केरी हुने समयभन्दा पहिले नै भर्ना गरी राख्नुपर्ने हुन्छ । त्यसैले यी गर्भवतीहरूले चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीको सल्लाह लिई राख्नु आवश्यक हुन्छ । ००

**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**



# ज्येष्ठ नागरिकको समग्र सेवाका लागि हामीलाई सम्झनुस्

*काठमाडौंस्थित महाराजगञ्ज चोकबाट बूढानीलकण्ठतर्फ लागेपछि शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र आइपुग्ने बेलामा दायाँ साइडमा नमुना कलेज अफ फेसन डिजाइनको भवनसँगैको बाटो भित्रपट्टि लाग्दालाग्दै हार्मोनी होम केयर भेटिन्छ । यो यस्तो मैत्रीपूर्ण घर हो जहाँ शारीरिक, मानसिक र आत्मियताले अभिप्रेरित भएर प्रेरणा, करूणा र सम्मानित जीवनशैली ज्येष्ठ नागरिकको समग्र सेवाको लागि नेपालकै पहिलो र एकमात्र उच्चस्तरीय ममतामयी घर अर्थात Harmony Home Care यसको संस्थापक अध्यक्ष रोशा श्रेष्ठ हुनुहुन्छ । रोशा आफू नर्श भएर सेवा गरिरहेको अनुभवबाट सबै खाले बिरामी वृद्धवृद्धाको नजिकबाट अवस्था बुझेपछि आफ्नो नर्सिङ अनुभवको भरपुर उपयोग गर्दै नेपालमा वृद्धवृद्धाको सेवामा मैत्रीपूर्ण घरको आवश्यकता महसुस भएपछि रोशाले हार्मोनी होम केयरको स्थापना गर्नुभएको हो । नेपालको स्वास्थ्य क्षेत्रमा अनुभवी नर्स भई नर्सिङ डाइरेक्टर समेत भएर विगतमा आफूले बटुलेको अनुभवलाई रोशाले हार्मोनीमा उपयोग गरिरहेको देखिन्छ । मोरङ सिजुवा-४, शान्तिपुर (हाल : रतुवामाई नगरपालिका) मा जन्मिएकी रोशासँग 'अग्निचक्र' मासिकले गरेको कुराकानीको अंश यहाँ प्रस्तुत गरिएको छः*



- **रोशा श्रेष्ठ**, संस्थापक तथा अध्यक्ष

HARMONY
HOMECARE
Senior Care Solutions

**नेपालकै उच्चस्तरीय ममतामयी घर**

**हार्मोनी होम केयरको मिसन र सर्भिसबारे केही कुरा भनिदिनुहुन्छ कि ?**

- हाम्रो लक्ष्य यसप्रकार रहेको कुरा भन्न चाहन्छु :

- शारीरिक, आत्मिक पक्षहरूको सर्वाङ्गीण सेवा ।
- बौद्धिक तथा मानवीय विविध पक्षहरूको सर्वाङ्गीण सेवा ।
- नेपालमै मायालु र दयालु सेवाप्रदायकको रूपमा रहने ।

सम्मानित, स्वच्छ र प्रेरक जीवनको अनुभूति दिलाउने काम नै हाम्रो लक्ष्य हो, त्यस्तै गरेर हामीले निम्नलिखित सेवालाई सेवाहरूकै दायरामा राखेर प्रशस्त सेवा दिँदै आएका छौँ । हाम्रो सेवा मायालु स्वभावको आदानप्रदान, स्याहार-सुसार तथा मान्यवर वृद्धवृद्धाहरूप्रति सम्मानजनक व्यवहार हो ।

हाम्रा सेवाहरूमा खासगरी पूर्णकालीन गृहसेविका (नर्स), डाक्टरहरूको पर्याप्त उपलब्धता, नियमित पुनर्ताजगी, क्षेत्रभ्रमण, योग, ध्यान, शारीरिक, मानसिक थेरापीका माध्यमद्वारा अर्थपूर्ण र सुन्दर जीवनको अनुभूति प्रदान गर्नु तथा मैत्रीपूर्ण घरद्वारा सबै प्रकारका सेवा तथा स्याहारसम्भारको विविध प्याकेजहरू आवश्यकताअनुसार प्रदान गरिने हुनाले हार्मोनी सबैको रोजाइ बन्दै गइरहेको छ ।

**ज्येष्ठ नागरिकले तपाईंहरूको सेवा मार्फत 'हार्मोनी होम'मा बस्दा के के सुविधा पाउनुहुन्छ त ?**

- हामीले हाम्रो मैत्रीपूर्ण घरको बसाइमा सबै खाले सुविधा दिएका छौँ । प्रत्यक्षरूपमा नर्सहरूको रेखदेख तथा विशेषज्ञ डाक्टरहरूको निगरानीमा सेवाप्रदायक सहयोगी प्रतिनिधि कर्मचारीहरूद्वारा चौबीसै घन्टा सेवा प्रदान गरिने गरिएको छ । आवश्यकताअनुसारका सबै सेवा ज्येष्ठ नागरिकले पाउनुहुन्छ, सेवा नै धर्म हो भन्ने मान्यताअनुसार नै हामीले सेवा दिइरहेका छौँ, त्यसैले हाम्रोमा वृद्ध आमाबुबा साह्रै खुसी हुनुहुन्छ । *दिवा सेवा पनि छ हाम्रोमा :* मनोरञ्जनात्मक प्रकृतिका क्रियाकलापहरूको माध्यमबाट तथा इच्छाइएका कर्मचारीहरूद्वारा मैत्रीपूर्ण ढंगले दिवा सेवा प्रदान हुने भएकाले पनि हाम्रो हार्मोनी होम केयरमा सिट प्याक छ । संगीत, योग, ध्यान, क्षेत्रभ्रमण तथा शारीरिक, मानसिक थेरापी लगायतका अन्य आवश्यक सेवा, मायालु र दयालु अनि सेवामूलक ढंगले प्रदान गर्ने गरिएको छ । *हार्मोनीले दिने घरायसी सेवाहरूमा यस्तो व्यवस्था छ :* स्वीकृत नर्सहरूद्वारा घरायसी सेवा सहजीकरण गरिने तथा प्रौढ र वृद्धवृद्धाहरूको निरन्तर आत्मविश्वासको सहज विकासमा अपनत्वको अनुभूति प्रदान गर्ने गरिएको छ ।

**तपाईंको यो वृद्धाश्रम त होइन ? कि के हो ?**

- मैत्रीपूर्ण घर, आवश्यकतामुखि मायालु सद्भावद्वारा सृजित घर हो । यो आश्रम होइन जसको सञ्चालन कसैको लगानीहरूद्वारा भएको हुन्छ । यहाँ सम्मानजनक, आत्मविश्वास अभिवृद्धिको खातिर मायालु वातावरण, दयालु तथा आनन्दित जीवनको अनुभूति हो । त्यसैले यो वृद्धाश्रम होइन । ज्येष्ठ नागरिकको समग्र सेवाका लागि नेपालकै उच्चस्तरीय ममतामयी घर भनेकै हाम्रो यो HARMONY HOME CARE हो । यसरी बुझे राम्रो होला ।



**ROSHA SHRESTHA** Founder, Chairman

BN, Bachelors in Nursing from Norvic Collage, Kathmandu. 12 years of experience in OT, ICU, ER and Trainer of Critical Care, First Aid (ACLS, BLS) in various hospitals. Project Nurse CGGC Project, Darchula. Nursing director, People's Hospital, Kathmandu President of HHH, a Not for Profit Organization, and MD of APS Birthing center. Active Social worker since a long time. Adevoted supporter of elderly care and rights. Driven with passion and dedication to nurture, Harmony is brainchild of Rosha.

## जन्मदिने आमा र कर्मदिने बुबाको सदासर्वदा आदर गर्दै हृदयजित्ने प्रयत्न गर्नुस्, तपाईंले सारा संसार जितेको महसुस गर्नुहुनेछ, यसका लागि हामी तपाईंको सहयोगी बन्न चाहन्छौं ।



वृद्ध बुबाआमा घरमा हुनुहुन्छ, छोराबुहारी, नातिनातिना आ-आफ्नो जागिर या व्यापारमा व्यस्त हुँदा घरमा बुबाआमाको हेरचाह, खाना र उपचार गराउन नभ्याउने व्यक्तित्वले आफ्नै घरको वातावरणमा हाम्रो होम केयरमा बस्न पाउनुहुन्छ त्यसैले यसलाई मैत्रीपूर्ण घर भनिएको हो । सेवा दिने भएकाले केही शुल्क लिने गरेका छौं ।

**अझ विस्तारमा बताइदिनुहोस् न, तपाईंहरूले प्रदान गर्ने सेवा के के छन् ?**

– हामी ग्राहकको आवश्यकताअनुरूपको निम्न सेवाहरू प्रदान गर्दछौं :

- मायालु–दयालुपन
- चौबीसै घन्टा सेवा (सुतेपछि समेत)
- राहतस्वरूपको स्याहार सम्भार
- औषधीसम्बन्धी सम्पूर्ण सहयोग
- दैनिक आवश्यक सामग्री तथा सामान्य आधारभूत सामग्रीको सहयोग
- खाना आवश्यकताअनुसारको तयारी

**व्यक्तिगत सेवाअन्तर्गतः-**

- कपडा
- स्याहारसम्भार
- शारीरिक व्यायाम तथा हिँडडुलमा सहयोग
- घरमा प्रकाशको आपूर्ति
- यातायात सुविधा, परिवारभेट, ठाउँ विशेष तथा अन्य ।

**हामी निम्न अवस्थामा सेवा प्रदान गर्छौं :**

- अल्जाइमर तथा डिमेन्सिया
- आकस्मिक झड्का/मुर्छा
- धर्मशाला सेवा
- शल्यचिकित्सा पश्चातको सेवा
- नन् मेडिकल सेवा
- स्वास्थ्यलाभ सेवा
- असक्षमहरूको लागि सेवा
- मधुमेहसम्बन्धी सेवा
- बोलीसम्बन्धी थेरापी सेवा
- भौतिक चिकित्सा सेवा

लगायतका अन्य सेवाहरू पनि दिदै आएका छौं ।

**सञ्चालनमा रहेका कार्यक्रमहरू के के छन् र अन्तमा के भन्न चाहनुहुन्छ ?**

– हाम्रो कार्यक्रम यस्तो छः आवासीय दिवा सेवा, मैत्रीपूर्ण घर, योग ध्यान, भौतिक चिकित्सा, प्राकृतिक चिकित्सा, मालिस सम्बन्धी तालिम, मैत्रीपूर्ण घरको हेरचाह गर्ने तथा नर्सहरूको लागि समेत सञ्चालनमा ल्याइने कुरा बताउन चाहन्छु । अन्तमा ज-जसले आफ्ना आमाबुबाहरूको सेवाद्वारा सदासर्वदा हृदय जित्ने प्रयत्न गरिरहनु भएको छ तर समय अभावले भ्याउनु हुन्न भने हामीकहाँ ल्याउनुहोस् । अति नै चिन्तित तथा तनावमा रहनु भएका तपाईंका आफन्त आमाबुबा, हजुरबुबा आमा तथा अन्यहरू सबैका लागि हाम्रो मैत्रीपूर्ण घर तपाईंहरूकै लागि सेवामा तत्पर छ । एकपटक हाम्रो सेवा लिएर त हेर्नुस् अनि थाहा पाउनु हुनेछ, कि ओहो ! हार्मोनी होम केयर त साँच्चिकै मैत्रीपूर्ण घर रहेछ भनेर । तपाईंको घरमा तपाईंहरूले माया गरेर जसरी आफ्ना मातापिता, हजुरबा, हजुरआमाको सेवा गरिरहनुभएको छ, त्यतिकै सेवा त्यस्तै वातावरणमा अनुभवी नर्स तथा विशेषज्ञ डाक्टरहरूको सेवा सँगसँगै हार्मोनीले पनि दिइरहेको छ भन्न चाहन्छु । समय अभावले माता पितालाई सेवा गर्न नभ्याउनेहरूले मातापिताको सेवा गर्ने जिम्मा हार्मोनीलाई दिनुस् भन्न चाहन्छु । हामी चौबीसै घन्टा सेवामा तत्पर छौं । अन्तर्वार्ताका लागि लक्ष्मीजीलाई धन्यवाद ।००

समाजसेवी प्रेम थापा तथा स्वास्थ्यसेवी अमर अमात्यको साथ-सहयोगमा रोशा श्रेष्ठद्वारा स्थापित
**हार्मोनी होम केयर** मैत्रीपूर्ण घर को रुपमा स्थापित भइसकेको छ ।

## Our Mission

* Provide Holistic Care for Mind, Body and Spirit
* Be the compassionate care provider in Nepal
* Inspire, Refresh and Dignify living

## Our Services

Our service is caring, sharing loving and honoring our elders and seniors.

Service include full time in house nurse, stand by doctors, regular recreational field trips, yoga, meditation, physiotherapy, naturopathy and other therapies to make life better and meaningful.

Harmony Homecare offers a full range of services to meet all care needs:

### Live in Home Care

In House Care, an assisted living supervised by nurse and doctors under a compassionate caretakers around the clock.

### Day Care

Enjoy the day filled with fun activities with likeminded people in Harmony. Physiotherapy, music, songs, yoga and field trips with Harmony staffs and members.

### House Services

Homecare service is aided by Registered Nurse and Nurse-aids for adults and seniors to continue their independent living in the comfort of their own home.

Harmony Home is born out of compassion and need. It's no Ashram, not run by donation and no free service... yes, love, happiness and respected life possible with us.



## Medical Team

**Dr. Ramesh Kadel**
*Geriatric Specialist from AIIMS, New Delhi*

Nepal's first register Geriatric Specialist and experts in Alzheimer and dementia related disorders. Head of the Geriatric Medicine Division and founder of Dementia Clinic atPatan Hospital.

**Dr. Rajendra Man Pradhan**
*Chief Consultant Ortho Surgeon*

20 Years service in Koshi Zonal Hospital, retired from Bir Hospital and engaged in social work in medical fields. Currently working at Cheetrapati Free Clinic, Katmandu. He is our in house Orthopedic Surgeon.

**Dr. Pawan Sharma**
*Psychiatrist*

MBBS, Calcutta Medical College, MD, Psychology, AIIMS, New Delhi. Expert in old age Pshycology.

**Dr. Rajendra Khatri**
*Physiotherapist*

Medical degree in Physiotherapy and Post Graduate degree in Yoga and Naturopathy, India.An author of several books on Physiotherapy and Health care, a gifted artistic and talented musician in bamboo flute and other instruments.

Associated with Blue Cross Hospital, Cancer Hospital, Nepal Academy of Psychology and Health Home Care Nepal and operates ShambuPhysio Clinic at Sanepa.

**Dr. Chandra Mani Adhikari**
*Cardiologist*

Cardiologist atSahidGangala National Heart Center, Bansbari, Kathmandu.

We are a dedicated group of healthcare specialists and other professionals came together to form Harmony Homecare to nurture and enrich life at Harmony or at your own home.



### We provide services to specific need of our clients such as

* Companionship
* Sleepover and 24-hour assistance
* Respite care
* Medication assistance
* Grocery and general shopping assistance
* Meal preparation
* Personal care includes the following:
  * Dressing
  * Grooming
  * Bathing
  * Assistance with walking and exercise
  * Light housekeeping
  * Transportation to shopping, appointments, visits to family and places.

### We provide care to the following cases

* Alzheimer and Dementia care
* Stroke care
* Caner care
* Hospice care
* Post-surgical care
* Non-medical care support
* Convalescence care
* Disabled paraplegic
* Diabetics care
* Palliative care...
* Speech therapy
* Physiotherapy

## Our Program


Residential Daycare Homecare Yoga/Meditation Physiotheraphy Naturopathy Massage Training for Homecare Nurse & Nurse Aid

Overwhelmed, worried and stressed about the care of your parents, grandparents or loved ones? Harmony Home is here to help you.










**OUR LOCATION**

**Bansbari, Maharajgunj a premium residential enclave of Kathamandu.**

**Call us for a FREE consultation. Need someone to talk about your challenges and problems, call us with your concerns and need, we are ready to help.**

**A secure, serene environment, close to major hospitals. Gangalal Heart Hospital, Neuro Hospital, Wellness Hospital... just behind Namuna Fashion College.**

HARMONY HOMECARE
*Senior Care Solutions*

Bansbari-3, Kathmandu, Nepal
+977-1-4376839
+977-9841-267030
info@harmonyhomecarenepal.com
harmonyhomecarenepal

www.harmonyhomecarenepal.com

# आकांक्षा छात्रवृत्तिको छनोटको नतिजा सार्वजनिक

राष्ट्र विकासका कर्णधार विद्यार्थीहरूको उज्ज्वल भविष्यको आकांक्षालाई साकार पार्न सहयोग पुऱ्याउने उद्वेश्यले आईएमई तथा ग्लोबल आईएमई बैंकले हिसान तथा प्याब्सनको सहकार्यमा शैक्षिक सत्र- २०७३ *आईएमई ग्लोबल आईएमई आकांक्षा छात्रवृत्ति* सार्वजनिक गरेको छ । छात्रवृति सार्वजनिक कार्यक्रममा आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल, ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली, आईएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, प्याब्सनका अध्यक्ष विजय सम्बाहम्फे र हिसानका उपाध्यक्ष डा. स्वागत श्रेष्ठको उपस्थिति रहेको थियो । छात्रवृति सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै आईएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालले आईएमई तथा ग्लोबल आईएमई बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रहेर छात्रवृति प्रदान गरेको जानकारी गराउँदै यहीं नै छात्रवृति पूर्ण नभएपनि यसले दिन खोजेको सन्देश बृहत् रहेको धारणा राख्नुभयो ।

छात्रवृति समितिका सह-संयोजक डेनियल डी. श्रेष्ठ, हिसान उपाध्यक्ष डा. स्वागत श्रेष्ठ, प्याब्सन अध्यक्ष विजय सम्बाहम्फे, आईएमई तथा ग्लोबल आईएमई बैंकका सीईओद्वय सुमन पोखरेल र अनिल ज्ञवालीले आकांक्षा छात्रवृति योजनाको विषयमा प्रकाश पार्नुभएको थियो । उक्त छात्रवृत्ति अन्तर्गत सार्वजनिक, नीजि तथा सामुदायिक विद्यालयमा १ देखि ११ कक्षासम्म अध्ययनरत आर्थिक रूपमा विपन्न जेहेन्दार तथा मेहनती विद्यार्थीबाट प्राप्त भएका सदर आवेदनका आधारमा एक शैक्षिक सत्र अथवा शैक्षिक सत्र २०७३ का लागि छात्रवृत्ति प्रदान गरिएको हो । आईएमई लिमिटेड एवम् ग्लोबल आईएमई बैंकबाट व्यवस्थापन मिलाईने कुल दश लाख छात्रवृत्ति कोषबाट एक शैक्षिक सत्रका लागि एक सय जना विद्यार्थीलाई गत शैक्षिक सत्रदेखि नै छात्रवृत्ति प्रदान गरिँदै आएको छ ।

ईच्छुक विद्यार्थीले यी संस्थाका वेब साईट एवम् एजेण्ट आउटलेटमा उपलब्ध फारममा आफ्नो विवरणभरी कम्तिमा दुई बर्ष अघिदेखिका शैक्षिक प्रमाणपत्र र सम्बन्धित विद्यालय प्रधानाध्यापकको सिफारिस सहित २०७३ साल कार्तिक ३ देखि मंसिर १५ सम्मआवेदन आह्वान गरिएको थियो । फारम आफुलाई पायक पर्ने आईएमई सेन्टर, एजेन्ट आउटलेट, आईएमईका क्षेत्रीय सम्पर्क कार्यालय एवम् ग्लोबलआईएमई बैंकका सबै शाखा कार्यालय वा एक्सटेन्सन काउण्टरहरू मार्फत् वा हाम्रो ईमेल ठेगाना aakanshya@imeremit.com.np मा पठाउन सकिने व्यवस्था मिलाइएको थियो छ । आईएमई लिमिटेड एवम् ग्लोबल आईएमई बैंकको संयुक्त पहलमा ल्याईएको यो योजना यी दुवै वित्तीय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पर्दछ ।

निर्धारित समयमा रितपूर्वक प्राप्त हुन आएका आवेदन उपर सम्बन्धित संस्थाका उच्च पदाधिकारी एवम् शिक्षाविद् संलग्न समितिले निर्णयगरी अन्तिम नतिजा आज प्रकाशन गरेको हो । छात्रवृति प्राप्त गर्न सफल छात्र/छात्राहरूको नामावली यसै साथ संलग्न गरिएको छ । छात्रवृति प्राप्त सबै विद्यार्थीहरूको शैक्षिक सफलताको लागि हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं । आईएमईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । ००

# एन.बी. इन्सुरेन्स र सगरमाथा फाइनान्स बिच सेवा सम्झौता

नारायणचौर, नक्साल काठमाडौंमा केन्द्रीय कार्यालय रहेको एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेड र सगरमाथा फाइनान्स लिमिटेड बिच बैंकाएसुरेन्स सेवा सम्झौता भएको छ । सम्झौतापत्रमा एनबी इन्सुरेन्स कम्पनी लिटिमिडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र सगरमाथा फाइनान्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मनबहादुर राईले हस्ताक्षर गर्नुभयो । यस सम्झौता पश्चात फाइनान्सका ग्राहक महानुभावहरूले फाइनान्स कम्पनीका सम्पूर्ण शाखाहरू मार्फत एनबी इन्सुरेन्सले प्रदान गर्ने सबै प्रकारका बीमा सेवाहरू प्राप्त गर्न सक्नुहुनेछ । सोही अवसरमा एनबी इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले फाइनान्ससँगको सम्झौताबाट कम्पनीले फाइनान्सका ग्राहकहरूलाई सरल, सहज र चुस्त सेवा प्रदान गर्ने बताउनु भयो ।



फाइनान्सका सबै ग्राहक महानुभावहरूले आफूले बैकिङ् सेवा लिईरहनु भएको शाखा मार्फत आफूलाई आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा प्राप्त गर्न सक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आह्वान गर्नुभयो । उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले कम्पनीले चालु आ.ब.२०७३।०७४ को तेश्रो त्रैमाससम्ममा करिब रू. ५० करोड बीमा प्रिमियम संकलन गरी रू. ६ करोड २० लाख खुद मुनाफा आर्जन गर्न सक्षम भएको र भविष्यमा बीमा योजना तथा सेवा विस्तार गर्दै जाने जानकारी दिनुभयो । कम्पनीको हाल चुक्ता पुँजी रू. २७ करोड रहेकोमा एक शेयर बराबर एक शेयरका दरले कम्पनीले हकप्रद शेयर जारी गरी छिट्टै रू. ५४ करोड चुक्ता पुँजी पुग्ने जानकारी समेत दिनुभयो ।

सोही अवसरमा सीईओ श्रेष्ठले बैंक तथा वित्तीय संस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, उद्योगी तथा व्यापारी लगायत सम्पूर्ण ग्राहक महानुभावहरूसँग सुमधुर सम्बन्ध स्थापित गरी व्यवसाय विस्तार गर्दै बीमा क्षेत्रमा उच्चकोटीको सेवा प्रदान गर्न व्यवस्थापन प्रतिबद्ध रहेको जानकारी दिनुभयो । उक्त अवसरमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत मनबहादुर राईले कम्पनीसँगको सहकार्यमा दुवै कम्पनीका ग्राहक महानुभावहरूलाई सहज सेवा प्रदान हुने र दुवै कम्पनी बिचको सम्बन्ध अझै सुमधुर भई व्यवसाय विस्तार हुन मद्दत पुग्ने धारणा राख्नुभयो । कार्यक्रममा एन.बी. इन्सुरेन्सका **सहायक महाप्रबन्धक *शरण रेग्मी*** र सगरमाथा फाइनान्सका नायब प्रमुख कार्यकारी अधिकृत अशोक बुढाथोकी पनि उपस्थित हुनुहुन्थ्यो । प्रगतिपथमा लम्केका यी दुवै संस्थालाई 'अग्निचक्र' मासिक हार्दिक शुभकामना व्यक्त गर्दछ । ००

# दार्शनिक काव्य 'जियालो'सँग यात्रा गर्दा

सनातनकल्प कविसन्त वसन्तकुमारका प्रेरणाले जियालो महाकाव्य पढी केही मन्तव्य लेख्ने अवसर पाउनुलाई मैले आफूमा गौरवबोध भएको ठानेको छु । राष्ट्रको विभिन्न भागमा अवतीर्ण भएर काव्यकलामा ख्याति आर्जन गरिसक्नुभएका कवि कवयित्रीहरूले एउटै कथावस्तुमा तयार गर्नुभएको महाकाव्य जियालो पढ्न थालेपछि रसाप्लुत हुँदै वेद्यान्तरस्पर्शशून्य भएर काव्य पाठ गरेपछि यस महाकाव्यको भावी यात्रा रसमय बनोस्, उदात्त बनोस्, सर्वत्र प्रसारित होस् भन्ने शुभकामना प्रदान गर्दछु । सहयात्रीमा के त्यस्तो वैशिष्ट्य छ त भन्ने कुतूहल निवृत्यर्थ संक्षिप्त परिचय प्रस्तुत गर्ने प्रयास गर्दछु ।

१ - **जियालो महाकाव्य** ११ जना कविहरूले लेखेको एउटै काव्य हो । माध्यमिक कालको मोती मण्डलीका कविहरूले एक ठाउँमा बसेर आ-आफ्नै इच्छानुसारका छुट्टाछुट्टै काम गर्दथे । यहाँको वसन्तमण्डलीका कविहरूले संयुक्त रूपमा एउटै कृति एउटै कथावस्तुमा सजाएका छन्, एउटै महाकाव्य तयार गरेका छन् । यो पनि यसको वैशिष्ट्य हो, नौलो पन हो, संयुक्त परियोजना हो । यहाँ 'वसन्तमण्डली' भन्नुको आधार खोज्दा सर्ग १ श्लो. २ को तेस्रो पाउमा **'उठेछ तीव्र चाहना उदार भा-व सन्तको'** सन्तको उदार भाव या उदार भा भएका वसन्तको चाहनाअनुसार जुट्यौं भन्ने स्पष्टोक्ति र ११ - ७ को **'यता पिता पण्डित श्री दिवाकर'** भनेर सोही सर्गको ११ औं श्लोकमा **'दशै दिशाका कवि छन् अरु दश, म साथ एकादश रूद्र मिल्दछ'** भनिएको हुँदा यी वाक्यहरूलाई एकै ठाउँ समन्वय गर्दा यस कविमण्डलीका धुरी ९४ वर्षीय पण्डित श्री वसन्तकुमार हुनुहुन्छ भन्ने कुरा पातलो पर्दाले ढाकेर लुकाउन खोज्दा खोज्दै पनि स्पष्ट हुन्छ । यसप्रकार अरू दश प्रतिभासम्पन्न कवि, महाकवि, विभिन्न विधाका रचयिता, रचयित्री, समालोचक, प्राध्यापक मूर्धन्य १० इन्द्रियरूपी प्रतिभाहरूलाई चक्र बनाएर बिचमा अधीन्द्रिय मन बन्दै साहित्यमा महाकाव्यको महिमा बेग्लै छ, विछत्प्रिय छ भन्ने भावनानुसार जियालो जन्मलाई जीवन्त तुल्याउने वसन्त मण्डली धन्यवादार्ह छ । महाकाव्य विधा जिउँदो जाग्दो छ ।

२ - यसको बाऊ स्वरूपको सन्दर्भमा विचार गर्दा यो महाकाव्य एघार जना कविबाट ११ सर्गमा एघारओटै छन्दमा धाराप्रवाह कवितामय शैलीमा जम्माजम्मी १५५३ श्लोकमा तयार भएको छ । म पात्रबाट सुरु भएर म पात्रबाटै काव्य टुङ्गिएको छ । दोस्रो सर्गदेखि १० औं सर्गसम्म भने भिन्न भिन्न नाम रूपका पात्रहरु छन् । यही यसको अनुहार, आकृति हो । अब लागौं यसको स्वभाव र अन्तरङ्ग परिचयतर्फ ।

३ - प्रथमत : यस महाकाव्यको प्रयोजन के हो भन्ने सन्दर्भमा विचार गर्दा प्रथम मङ्गल श्लोकको २-३ पङ्क्तिमा **'- घुसेर सर्वजीवमा, मुसुक्क मुस्कुराउँदो महेशमा छ वन्दना'** भनाइअनुसार 'जीवब्रह्मणो रेक्यम्' भन्ने सिद्धान्ततर्फ सङ्केत गर्दै **'समाज राष्ट्र विश्वमा सचेतता जगाउन -**

(१/२३) र आठौं सर्गको ३० औं श्लोकमा नेपाल आमाको अवतरण गराएर ३६ श्लोकमा

***जाऊ छोरा बनाऊ ! घर वरपरका जीर्ण पाटा तलाउ,***
***जीर्णै छन् स्वर्ण खम्बा मठ भवन जहाँ गै त्यहाँ दृष्टि लाऊ !***
***थप्तै जाऊ भराऊ पुल नहर कुला खन्न बाँकी खनाऊ,***
***जे गर्छौ बन्नु राम्रो सफल बन युवा देश स्वर्गै बनाऊ !!***

भनेर नेपाल आमाको इच्छा पस्कनुले पनि यस काव्यको प्रयोजन शाश्वत सत्य आत्म चैतन्यको विश्लेषण र व्यावहारिक सत्य राष्ट्र-राष्ट्रियता, सभ्यता-संस्कृति, देशको रक्षा र विकासमा प्रेरणा दिनु पनि हो भन्ने बुझिन्छ ।

***'विराट् अनन्त शून्यको रहस्य नै खुला गरी,***
***बृहत् मनुष्य जिन्दगी समेट्न काव्यमा भरी'*** १/२

बाट आफैँ स्पष्ट भएको छ । प्रथम सर्ग म पात्रबाट प्रारम्भ भई एघारौं सर्ग पनि म पात्रबाटै टुङ्गिएको छ । अतः म नै यसको वक्ता र वाच्य पनि हो । अब यसलाई अलि फराकिलो ढङ्गले हेर्दा नेपाली साहित्यको माध्यमिक कालमा -

***कहाँ थियो वास अघि म को थिएँ,***
***कसो हुँदा यो पिँजरा लिँदो भएँ,***
***कहाँ छ जानू कुन साथ लीकन,***
***तँलाई मालुम् छ कि यो कुरा मन !***

भनेर मनलाई सोधेको कुराको यस महाकाव्यका प्रणेताहरूले महाकाव्य नै लेखेर खुलासा गरे । यसको प्रथम र एघारौं सर्गले प्रथम र तेस्रो पाउको खुलासा गऱ्यो भने दोस्रोदेखि दशौं सर्गले दोस्रो पाउको सविस्तार खुलासा गरेको पनि भन्न सकिन्छ । अतः यो दार्शनिक काव्य हो । नित्यात्मवादी दर्शन हो ।

दर्शनको कुरा उठ्दा अझ अघि जाने मन लाग्यो । नित्यात्मदर्शनअनुसार चैतन्य आत्मा नित्य हो, त्यसको विवर्त जीवात्मा उत्पत्ति - विनाशशील हुनाले अनित्य हो । परन्तु ब्रह्म चैतन्य र जीव चैतन्य एउटै हो । ब्रह्म एउटै हो तापनि त्यसमा कालशक्तिको अभेद सम्बन्ध हुन्छ । कालशक्तिका उत्पाद - विनाशशाली दुई ब्रह्म छन् । यी दुई स्वभावअनुसार नै यस ब्रह्माण्डमा शक्त्याश्राय ब्रह्मको कालक्रमले उत्पत्ति विर्वत र विनाश विवर्त भइ नै रहन्छ ।

यही कालचक्र हो । लोकान्तरका जीवहरु के कस्तो शरीरमा रहन्छन् थाहा छैन । परन्तु यस मर्त्यलोकमा प्रकट हुने जीवहरु पाञ्चभौतिक शरीरमा रहन्छन् । उक्त चैतन्य यही शरीरमा रहँदा हामी भौतिक चक्षुले हेरेर जीवन भन्दछौं, शरीरबाहिर रहँदा मृत्यु भन्दछौं, फरक यत्ति हो । जन्मदेखि मृत्युसम्म पनि एकैनास कहाँ रहन्छ र । यसैमा पनि प्रवृत्ति-निवृत्ति स्वभाव भएको कालशक्तिले आफ्नो कार्य गरिरहेको हुन्छ । यसैलाई ६ भाव विकार भनिएको छ । त्यही बुझ्नु नै जीवन बुझ्नु हो । जन्म सत्ता परिवर्तन वृत्ति (पूर्णता) ह्रास र नाश । चलिरहने प्रक्रिया यही हो । अब भनौं कता जिउँदो कता मरेको । ऊ त उही हो, हाम्रो लागि दृश्य र अदृश्य, केवल बुद्धिभेद । अतः यसलाई **जियालो** भनियो । एउटै आत्म चैतन्य उहाँ र यहाँ पनि भएकोले जियालो जिउँदो जाग्दो भन्ने यस कृतिको शीर्षक सार्थक प्रयोग भएको छ । अप्रसिद्ध शब्द जियालो प्रयोग हुनुमा उत्तर आधुनिकताको अप्रत्यक्ष प्रभाव हो


कि ? जे होस् । यस प्रकरणलाई यहीँ छोडी अब लागौं यसको बहिरङ्ग परिचयतर्फ ।

४ - **जियालो** महाकाव्य हो, महाकाव्य भनेपछि काव्यशास्त्रीय लक्षणअनुसार कथावस्तु मुख्य तत्व हो । पात्र विधान, चरित्र, घटना

परिवेश, आरोह - अवरोह, रस, अलङ्कार भाषा आदि आदि सहकारी तत्व पनि छँदैछन् । त्यसमा पहिलो कथावस्तु यस्तो छ - भावरूप आत्मतत्व 'म' पहिलो सर्गभरि मायाशक्ति कलावती, कतैकतै कृपावतीका साथ मनोयोगको यानमा चढेर लोक लोकान्तर समग्र ब्रह्माण्ड विचरण गर्दछ, समग्र परिचय लिन्छ । मनुष्य लोकको भ्रमण, परिचय, भोग गर्ने इच्छाले मनुष्य गर्भमा आइपुग्दछ । जन्म लिएपछि लौकिक रीतिथिति, सभ्यता - संस्कृतिको पालना गर्दै यथावय यथासमय मानवोचित कर्म गरेर मानवशरीर छँदै ८० वर्ष करिबको उमेरमा स्वप्नको सहारामा मृत्युबोध गर्दछ । संक्षिप्त कथावस्तु यही हो ।

पात्र विधानमा देवता, राजा वा कुलीन क्षत्रिय नायक हुनुपर्ने हो तापनि यहाँ चाल चलन हेर्दा ब्राह्मण नायक देखिन्छ । यो नवीन प्रयोग भयो । त्यसलाई ११/२ श्लोकले भनेअनुसार कुमारीपुत्रको रूपमा जन्म दिनुले नेपालको नायक अब यसैगरी नेपालमाताको पुत्रको रूपमा जन्मनै पर्दछ भन्ने सङ्केत हो महाकविको भन्ने बुझिन्छ । विभास नायक भए पनि सहजा विभूषालाई अलगै विभवसँग जुटाएर केही सुधार कार्य गराउनाले उनी नायिका नभई सहनायिका र विभव सहनायकझैँ मानिएका छन् । विभासका बाजे बोईको उपस्थिति उषालाई सासू ससुराको सेवा गर्ने असल बुहारीको रूपमा देखाउन बाहेक अरु प्रयोजन खासै देखिदैन । सामान्यतया घटना तारतम्यका हिसाबले पात्रविधान र तिनको चरित्र उपयुक्त रहेको स्वीकार गर्नु नै पर्दछ ।

भाषा सङ्गठन छन्दोबद्ध महाकाव्यमा एकनासले प्रवाहित भएको छ । साँच्चै भन्ने हो भने यस महाकाव्यको भाषा डाँक रेल स्टेशनबाट छुट्नेबित्तिकै तीव्र गति लिई आगामी स्टेशनमा पुगेर मात्र क्षणविश्राम लिएजस्तै सर्गादिबाट प्रवहणशील भएको वाग्धारा सर्गान्तको श्लोकमा पुगेर मात्र विश्राम लिएको छ । यो पद्धति प्रत्येक सर्गमा 'को भन्दा को कम?' को हिसाबले गतिशील छ । त्यस हिसाबले यो महाकाव्य घटनाप्रधानभन्दा वर्णनप्रधान हुन आएको छ । ठाउँ ठाउँमा अलङ्कार विधान गर्दा श्लोक र यमकको प्राचूर्य छ । अन्य अलङ्कार पनि कतै कतै पाइन्छन् । भनौं अलङ्कार बौद्धिकता ठाउँ ठाउँमा पोखिएका छन् र कविकी काव्यकला पनि छम्छमाएकी छन् । रसको प्रसङ्गमा - विभूषाविवाहको प्रसङ्ग श्रृङ्गार रस, शिशु र सर्पको प्रसङ्ग अद्भुत, उषाको प्रसव व्यथा करूण, कोपरा खेलाएको प्रसङ्ग वीभत्स हुन् । समग्रमा यस महाकाव्यमा शान्त रस अङ्गी रहेको छ । ठाउँ ठाउँमा लता, वृक्ष, वनस्पति, नदीको वर्णन पनि भएकै मान्नु पर्दछ । यसले काव्य सिद्धान्त प्राच्य नै अङ्गालेको छ । जीवनपद्धति यसको पनि महाकवि दवकोटाले **'मीठो लाग्छ मलाइ ता प्रिय कथा प्राचीन संसारको'** भनेबमोजिम नै छ र मङ्गलाचरणबाट प्रारम्भ भएको छ । मङ्गलको कुरा गर्दा त आदिमङ्गल नै शास्त्रीयता निर्वाहको लागि पर्याप्त छ तापनि सबै कविले कलम समाउँदा अदृष्टको आस्था नदेखाउने हिम्मत नगरेकोले प्रत्येक सर्गको आदिमा कुनै न कुनै रूपको मङ्गल गरिएको छ । कवि वैशिष्ट्यको कुरा गर्दा १/३५ औं श्लोकको **'न ठान्नु विज्ञ मित्र हो तँ तुच्छ बारूलो झुसे_'** ले थोरै अंहको झल्को दिए पनि पछि ठाउँ ठाउँमा विनीत भाव प्रदर्शन भएको छ । यस्तो कुरा कतै नहुने होइन । समष्टिमा प्रस्तुत महाकाव्य कथा-सङ्घटना, पात्रपरिकल्पना, काव्यलेखनरीति आदि सबै पक्षबाट नौलो देखा परेको छ, चमत्कारजनक छ, प्रसाद गुणयुक्त छ र जियालो एवं उज्यालो पनि छ । यो सबैबाट सुपाठ्य बनोस्, शुभकामना !




५ - यो शास्त्रीय छन्दमा निबद्ध महाकाव्य हो । यसमा ११ सर्गमा एघारै छन्द छन् । त्यस्तै हरेक सर्गमा कविहरूले नै जुराएका नाम छन् । जुन नामबाट नै तत्तत् सर्गको विषयवस्तु प्रतिबिम्बित हुन्छ । यो कुरा प्रत्येक सर्गमा सुरू सुरूमा र दशौँ सर्गको दश श्लोकभित्र दश सर्गको नाम क्रमैले पनि देख्न सकिन्छ । जो यसप्रकार छन् -

१ - गर्भपूर्वको शून्य (चैतन्य), २ - गर्भ, ३ - जन्म, ४ - बाल, ५ - पूर्वकिशोर, ६ - किशोर, ७ - नव युवा, ८ - युवा, ९ - प्रौढ, १० - वार्धक्य र ११ - मृत्युबोध ।

यसरी यी एघार ओटै आ - आफ्नो विशेषता जनाउन स्वयं सफल देखिन्छन् । सातौं सर्गको आठौं र उनन्चासौं श्लोकमा क्रमशः **'मिल्दै जालान् कथन बलिया काव्यकै सर्गभित्र ।' 'साथै आए कवि कि त यहाँ गुप्त भै दृष्टिभित्र'** भन्नाले पनि कविको सचेतता स्पष्ट हुन्छ तापनि अब अलिकति फरक प्रसङ्गमा लागौं । साहित्य सबै परिकल्पना हो, परिकल्पित विषयको सजीव चित्रण हो र त्यो चित्रणको माध्यम स्तरीय भाषा नै हो । भाषाशरीरमा नै काव्यकृति खडा भएको हुन्छ । अत : शरीर भनेपछि कतै कतै चोट, दाग, खटिरा, चेप्टो, नेप्टो पनि हुनसक्ने हुँदा लेखक पाठक दुबै पक्षबाट स्याहारसुसार, मलहम पट्टी हुन सकोस् भन्ने अभिप्रायले त्यसतर्फ थोरै दृष्टि दिने अनुमति चाहन्छु ।

छन्दोलक्षणअनुसार संयुक्त व्यञ्जन पर हुँदा पूर्वअक्षर गुरू मानिने व्यवस्था हुँदा पनि यहाँ प्राय : सबै सर्गमा - जम्यो, झर्‍यो,

घुम्यो, चक्र, आदि य व र संयुक्त व्यञ्जनमा सुखोच्चारण मानेर लघु नै गरिएको देखिन्छ । यसमा पिङ्गलाचार्यको 'प्रह्वे वा ' सूत्रलाई प्रपञ्च गरेर यस्तो पनि गर्न सकिने सिद्धान्त बनाएको हुनसक्छ । वस्तुत : सूत्रमा परेको 'वा' शब्दको अर्थ आफू खुसी लघु - गुरु दुबै गर्न पाइने भन्ने होइन । अपितु यो व्यवस्थित विकल्प भएकोले उच्चारणमा लघुता हुने भए मात्र लघु गर्न पाइने अन्यथा गुरू नै हुनुपर्ने तात्पर्य हो । सूत्रले प्र ह्व मा मात्र भनेको छ अरू सबै प्रपञ्च हो । छन्द मिलाउनकै लागि १/९१ मा तीन मृग अर्थमा त्रिमृग हुनुपर्नेमा तृ मिर्ग भएको छ । 'तृतीय' शब्दमा बाहेक अन्यत्र त्रि को ठाउँमा तृ मैले भेटेको छैन । ३/१२२ मा 'खाना' (भोजन ) अर्थमा 'खान' (न ह्रस्व) गरियो । त्यस ठाउँमा खाद्य गरी दोस्रो पङ्क्तिमा खाद्यको सट्टा पेय गरेको भए समाधान हुने थियो । ८/३० मा दु लाई गुरू बनाउन 'दुक्ख' प्रयोग गरियो । यसमा दुःख साधु शब्द नै पर्याप्त थियो । विसर्गान्तो गुरूर्ज्ञेय : । ४/१२७ को पहिलो र दोस्रो पाउमा १ - १ लघु अक्षर पुगेनन् । ५/४९ को पहिलो पाउमा अक्षर न्यूनत्व छ । ११/५ मा छन्दकै लागि 'लाइ' लघु गरियो । ११ /७ मा 'श्री' संयुक्त वर्ण पर हुँदा पूर्ववर्ण लघु मानिएको छ । ११/६ को 'रङ्गी अक्षता' मा अ लघु गर्नाले तगण चाहिनेमा मगण भयो । ११/८ मा छन्दकै लागि 'स्नेह' शब्दको हात भाँचेर 'नेह' गरियो । यी त भए जति प्रयास गरे पनि मुद्राराक्षसले समेत त्रुटि गरिदिने छन्दसम्बन्धी कुरा । एवमेव १/५७ - ५९ श्लोकमा पौराणिक पात्र त्रिशङ्कुको मूल नाम 'शशाक' नभई 'शशाद' हो । तेस्रो सर्गमा ८ महिनाको शिशुलाई सर्पले डसेको देख्दा घरमै गाडी बोलाएर अस्पतालमा विशेषज्ञसमक्ष पुर्‍याउन सक्नेले ८ महिना मात्र पहिले उषालाई प्रसवपीडाको करूणाजनक अवस्थामा पनि अस्पताल पुर्‍याउनेतर्फ ध्यान नपुग्नु घटना तारतम्यको समन्वय भएन कि ? विभास - विभूषाको बाललीला वर्णन प्रसङ्गमा वात्सल्यात्मक हास्यको सृजना भइरहेको सन्दर्भमा हठात् कोपरा खेलाएको प्रसङ्ग आउँदा जुगुप्सा उद्‌भव भई रसभङ्ग हुनुका साथै यस ठाउँमा न सुहाउने भयो कि ? विभाष विभूषाको अन्नप्राशन गर्दा उनीहरु छुट्टा छुट्टै जन्मेको भए त पाँचौ र छैटौं महिनामा अलग अलग ठीक हुन्थ्यो तर यिनी जुम्ल्याहा भएकोले शास्त्रीय व्यवस्था छुट्टै छ कि ? विज्ञहरूको ध्यान पुग्नुपर्दछ, शास्त्रविरूद्ध हुनु हुँदैन । ५/६५ मा 'अङ्ग-अपाङ्ग सुसार गरी' वाक्यको अपाङ्ग असाधु शब्दको ठाउँमा उपाङ्ग भएको भए उचित मानिन्थ्यो । ५/ ९३ मा पहिलो पाउमा रहेका दुइओटा 'धनयुक्त' शब्दमध्ये एउटालाई 'धनमुक्त' गर्दा मात्र अर्थसमन्वय हुने देखिन्छ । श्लोक १०८ मा 'पष्टम' शब्द असाधु प्रयोग भएको छ 'पष्ठ' साधु हो । ६/४१ - ४३ म जुम्ल्याहा दाजुको सहजन्मा बहिनीलाई आफू बृद्ध परिपक्व भएसरी 'तिम्रो उमेर कलिलै छ' भनेर सम्झाउँदै 'पत्याउनै कठिन' भन्नु हाँसोउठ्दो भएन र ? ७ / २४ को दोस्रो पाउमा आत्मा रम्दा' को सट्टा 'आँखा रम्दा' र तेस्रो पाउमा आँखा आत्माको ठाउँमा 'आत्मा आत्मा' भए अझ गम्भीर हुन्थ्यो कि ?

यस्तै यस्तै केही काँढाको आँखाले हेर्दा काँढाले कोतरेका चोटपटक हुन् । **'कृतघ्न पढ्छन् त्रुटिमाथि तैरिई'** ११/२२८ अनुसार म कृतघ्नमा दर्ता भैसकेँ तापनि परिचय दिने प्रसङ्गमा काँढे आँखा पनि लगाउनैपर्ने कर्तव्य भएकाले यी यस्ता यस पाँचौ प्रकरणमा परेका केही आलोचित पक्षलाई कोष्ठभित्र लेखिएको सम्झिदिनुहुन अनुरोध गर्दछु ।

किन्तु यस महाकाव्यमा लोभ लाग्ने र मन खिच्ने कुराहरु पनि छन् । सुललित पदावलीमा सलल बग्ने सङ्लो पानीजस्ता सबै पद्यहरु मनमोहक त छँदैछन्, ४/२७ मा पोखिएको बालसुलभ तोतेबोलीले मुग्ध नबनाई छोड्दैन भने -

***आइन् लक्ष्मी फरफर पुतली वेगले फर्फराए,***
***दावा आए वनकुसुम टिपी माथमाथै चढाए***
***कस्तूरीको मगमग बुटी साथ दोर्जे उदाए ,***
***ह्नुच्छे आए घिउ सखर लिँदै भोक लाग्दा खुवाए*** (४/ ७३)

भनेर राधाकृष्णजस्ता प्यारा बालकलाई रातामाटे गाउँका सबैले माया गरेको र जातीय भावनारहित समन्वय देख्दा कसको हृदय विभोर नहोला ! पाँचौं सर्गमा ११ - १३ श्लोकले पस्केको आफ्नै मौलिकताप्रतिको आत्मीयता पढ्दा कसको मन नपग्लेला ? नवौं सर्गमा 'सप्तर्षि गुफा' को नामबाट जिल्लाको नाम सप्तरी रहन गएको भाषिक अनुसन्धान पढ्दा विद्वान् खुसी नहुने हुँदैन । यसरी यो सानो परिचयमा सबै कुरा उल्लेख गरेर साध्य छैन । कविहरूको विद्वता, चिन्तन र प्रयास स्तुत्य छ, वहाँहरूलाई धन्यवाद दिनै पर्दछ ।

६ - अन्तमा **'यहाँ अनाश्चर्य हुनेछ पाठक'** (११/२) यसको वाच्यार्थ विचार नगरी चित्त बुझाउन सकिएन । यो अनाश्चर्य पदलाई नञ् बहुव्रीह्वि गरी व्युत्पत्ति गर्दा अतिशय आश्चर्य भन्ने बुझिन्छ भने प्रसज्य प्रतिषेध नञ् तत्पुरूष गर्दा आश्चर्यविहीन हुनेछ भन्ने बुझिन्छ । यसरी अर्थश्लेष, समासश्लेषले वाक्यार्थ श्लेष हुन जाँदा सम्पूर्ण महाकाव्य नै श्लेषमय हुन गएको छ । रवि र उषा कहिल्यै भेट नहुनेका सन्तान विभास र विभूषा, विभासका सन्तान आभा र आलोक कहिल्यै एकाकार नहुने अन्तरिक्ष र पृथ्वीमा पृथ्वी सधैँकी सुत्केरी । यो बिम्ब प्रतिबिम्बभाव खुलेपछि आश्चर्य अनाश्चर्य समाप्त । अब केही श्लोक उद्धरण गरी कृतज्ञता जनाउनै पर्दछ -

***"मेरी हुन् जननी भनेर पहिले लड्थे तिनै बालक ।***
***तेरी हुन् जननी भनेर अहिले लड्छन् नि नालायक ।"*** १०/५५
***"त्रिदेशको साँध परेर हो कि त्यो, नता कसैको घरबार बन्न गो***
***निजीत्वमा पार्न विचार्न सक्छ को, अरक्षितै भैकन रक्षितै भयो ।।"***
११ / ६६
***"सुनेर गम्दा भवभाव जाल हो, गमेर पढ्दा सब ईशचाल हो ।***
***पढेर बुझ्दा भ्रमजाल मात्र छ, विवेकमा निर्भर गर्छ मानव ।।"***
११/४२

अब परमान्त्यमा - महाकवि कालिदासको
***"रघूणामन्वयं वक्ष्ये तनुवाग्विभवोऽपि सन् ।"***
***तद्‌गुणै : कर्णमागत्य चापलाय प्रचोदित : ।।"***

आफूसँग वाक्सम्पत्ति थोरै भए पनि गुणप्रेरित भएर लेख्न थालेँ " भनी नम्रता प्रदर्शन गरेको वचन छ । परन्तु यस भनाइबाट ठूला कृतिको रचना गर्दा रोजी रोजी छानी छानी सुमर्न प्रयोग गर्नसक्ने गरी पर्याप्त शब्दभण्डार सञ्चित हुनुपर्दछ भन्ने व्यङ्ग्यार्थ ध्वनित भएको छ । यही व्यङ्ग्यार्थलाई मनन् गर्दै यस महाकाव्यका कविहरूबाट यस्ता अरू पनि कलामयी भाववती काव्यकृति उदाऊन् भन्ने कामनासाथ यो कृतिले सधैँभरि जन-जनको मन-मनमा पुग्न सकोस् भन्ने हार्दिक शुभकामनासहित लेखनी बिसाउँछु । सबैको शुभ होस् । 'अग्निचक्र' मासिकको पनि जय होस् ।। *मानपुर - ७, दाङ*



*संखुवासभा-चैनपुरमा सन् १९४६ मार्च महिनामा जन्मनु भएका सिनियर कन्सल्टेन्ट रेडियोलोजिस्ट डा. आनन्द प्रसाद श्रेष्ठले झापा भद्रपुर हाई स्कूलबाट एसएलसी उत्तिर्ण गर्नु भएको थियो । विद्वान् पिता स्व. कृष्ण प्रसाद श्रेष्ठ तथा माता वरिष्ठ समाजसेवी दिल कुमारी श्रेष्ठ अर्थात् मेची आमाको कोखबाट जन्मेका हुनाले डा. श्रेष्ठले जीवनमा जहिल्यै पनि सफलता प्राप्त गर्दै आउनु भएको छ । प्रकाशनगर भद्रपुर झापाका डा. श्रेष्ठका एक छोरा र एक छोरी हुनुहुन्छ । छोरा र बुहारी दुवै पोष्ट ग्राजुयट डाक्टर भएकाले गर्दा पनि वहाँको परिवारले ह्याप्पी लाइफ जिएको देखिन्छ । नेपाल मेडिकल कलेज र ॐ अस्पताल चाबहिल काठमाडौंमा स्थापनाकाल देखि नै आबद्ध वहाँलाई ॐ अस्पतालमा नै पनि भेट्न सकिन्छ । चीन, थाइलैण्ड, हङ्कङ्, जापान, जर्मनी, नेदरल्याण्ड, डेनमार्क र बङ्गलादेश लगायतका कैयौं मुलुकको भ्रमण गरिसक्नु भएका वरिष्ठ चिकित्सक तथा समाजसेवी डा. श्रेष्ठसँग अग्निचक्र मासिकले गरेको कुराकानी यहा प्रस्तुत गरिएको छ :*

# आधुनिक मेडिसिनको प्राक्टिसमा रेडियोलोजीको ठूलो महत्व छ

**स्कूले जीवन हुदै डाक्टर बन्दा सम्मका जीवनका कार्य अनुभव तथा तालिम र सेमिनारबारे कहाँ कहाँ भाग लिनु भो डा. सा'प ?**

– मैले एसएलसीसम्म भद्रपुर हाई स्कूल पढें, त्यसपछि त्रिचन्द्र कलेज काठमाडौंबाट सन् १९६४ मा आईएस्सी अध्ययन पश्चात भारत गएर सन् १९७२ मा एमबीबीएस गरेपछि सन् १९७४ देखि १९८३ सम्म तत्कालिन श्री ५ को सरकारको विभिन्न अस्पतालमा सेवा गरेको अनुभव छ । बाह्रबिसे, वीर अस्पताल, जुम्ला अस्पताल, पाटन अस्पताल, टेकु अस्पताल र उदयपुर अस्पतालमा पनि सेवा गरेको थिएँ । मैले अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस न्यू दिल्ली भारतबाट सन् १९८७ मा रेडियोलोजीमा एमडी गरेको हुँ । त्यस्तै इन्स्टिच्युट अफ मेडिसिनमा लेक्चरर र एसोसिएट प्रोफेसर अफ रेडियोलोजीमा सन् १९८२ देखि सन् १९९१ सम्म सेवा गरें । एफआइसिएस सन् १९९७ मा गरेको थिएँ भने हेड अफ डिपार्टमेन्ट अफ रेडियोलोजी ॐ अस्पतालमा सन् १९९१ देखि आजसम्म पनि सेवारत नै छु । ट्रेनिङ्ग र सेमिनारबारे भन्नु पर्दा मैले ओसाका जापानमा सन् १९८८ मा ट्रेनिङ्ग इन कार्डियो भास्कुलर रेडियोलोजी र जर्मनीमा पनि ट्रेनिङ्ग इन सीटी स्कान एण्ड इन्टरभेन्सनल रेडियोलोजी गरेको थिएँ साथै कोपेनहेगन डेनमार्कमा गएर पनि मैले 'इन्टरनेशनल ट्रेनिङ्ग एण्ड सेमिनार अन रिह्याबिलीटेसन अफ टर्टुर सरभाइभर्स एण्ड दियर फेमिलिज'मा भाग लिएको थिए र भारतमा पनि ट्रेनिङ्ग प्रोग्राम इन कलर डोप्लर इन मद्रासमा लिएको आज पनि सम्झिरहेको छु ।

**रेडियोलोजिस्ट डाक्टरले रेडियोलोजीको परिभाषा र अनुभव बताई दिनुस् न ?**

– *द साइन्स डिलिङ विथ एक्सरेज एण्ड अदर हाई-ईनर्जी रेडिएसन, स्पेसिअल्ली द यूज अफ सच रेडिएसन फर द डाइग्नोसिस एण्ड ट्रिटमेन्ट अफ डिजेज* अर्थात औषधि विज्ञान जसले विकिरणहरूको उच्च प्रभाव तथा एक्सरेको माध्यमद्वारा रोगहरूको निदानमा प्रयोग गरिने प्रविधि हो । *अ मेडिकल स्पेशलिस्ट हु युजेज रेडियोएक्टीभ सब्टेन्सेस एण्ड एक्सरेज इन द ट्रिटमेन्ट अफ डिजेज* अर्थात् एक्सरे विशेषज्ञ जसले विकिरणीय तत्वहरू तथा एक्सरेको प्रयोगद्वारा रोगहरूको पहिचान र निदान गर्छन् । फिजिसियनहरूको लागि रेडियोलोजी विषय दाहिने हात नै भएको छ । रेडियोलोजीको महत्व दिनप्रतिदिन बढ्दै गइरहेको छ । नयाँ नयाँ आविष्कार भइरहेको छ । पहिले पहिले एक्स रे मात्र हुन्थ्यो । पछि विस्तारै अल्ट्रासाउण्ड आयो । अल्ट्रासाउण्डले रोग पत्ता लगाउने काम मात्र गर्दैन, यस प्रविधिद्वारा रोगको निदान उपचार समेत गर्ने गरिएको छ इन्टरभेन्सनल रेडियोलोजीको माध्यमद्वारा । त्यस्तै पछि पछि सीटी स्कान आयो, यसले भित्र भित्र कुना काप्चामा लुकेका रोग पत्ता लगाउने काम गर्छ । त्यसपछि MRI आयो, यसले पनि धेरै महत्व पाइरहेको छ । अब अहिले पेटस्कान भन्ने आएको छ, यसले क्यान्सर कहाँ कहाँ सम्म फैलिएको छ, त्यो पत्ता लगाउछ । यस कारण उपचार गर्न सजिलो हुन्छ । आधुनिक मेडिसिनको प्राक्टिसमा रेडियोलोजीको ठूलो महत्व रहेको छ । ग्यास्ट्रिक छ भनेर १५ वर्ष देखि ग्याष्ट्रिकको औषधी खाइरहेको मान्छेको अल्ट्रासाउण्ड गरेर हेर्दा स्टोन पाएको छु र तुरून्तै निको पारिदिएको छु । म बाह्रबिसेमा हुँदा एउटा बिरामी मर्न लागेको रहेछ, मैले हेर्ने वित्तिकै उसको लिभरमा पिप जमेको रहेछ, सिरिन्जले तानेर फ्याकिदिए पछि सो मान्छे अरू ३० वर्ष बाचिरहेको छ, जब कि मैले भेट्दा त्यतिखेर उसलाई सबै गाउलेले माया मारेका थिए । रोगको पहिचान गरी उपचार गराउन मेरो विषयको ठुलो महत्व छ । यो लगायत यति धेरै अनुभव मसँग छ कि, धेरै मान्छेले डाक्टरलाई भगवान् मानिरहेका छन्, नयाँ जीवन पाएकाले । उनीहरूले डाक्टर

**– डाक्टरको बोली र व्यवहारले बिरामीको आधा रोग निको हुन्छ ।**
**– हस्पिटल भनेको मन्दिर हो, बिरामी भनेका देउतासरह हुन् ।**
**– ॐ अस्पताल र नेपाल मेडिकल कलेजलगायतमा आबद्ध छु ।**
**– सन् १९८७ मै रेडियोलोजीमा एम.डी. गरेको हुँ ।**
**– इमान्दार भई कर्तव्य निर्वाह गरे शान्ति पाइन्छ भन्ने लाग्छ ।**
**– नेपाल चिकित्सक संघको महासचिव हुँदै केन्द्रीय सभापति पनि भएँ ।**
**– समाजसेवामा मेरो धेरै रूचि छ किनकि 'मेची आमा'को छोरा हुँ ।**



सा'ब हजुरले गर्दा म अझै बाँच्न पाएको छु भनेको सुन्दा साह्रै खुसी लाग्छ मलाई, यो आनन्द पैसाले दिने आनन्द भन्दा सयौं गुना ठूलो आनन्द हो । डाक्टर हुन पाएकोमा र सेवा गर्न पाएकोमा साह्रै दंग छु । निको भएका विरामीहरूको मुहारमा हाँसो र खुसी भाव देख्दा र उनीहरूको डाक्टर प्रतिको प्रेम देख्दा साह्रै खुसी लाग्छ ।

**हजुर त पुरानो डाक्टर, धेरै ठाउँमा आबद्ध हुनुहुन्छ, हजुरका एक्स्ट्रा करीकुलर एक्टीभिटिज बारे पनि बताई दिनु हुन्थ्यो कि, डा. सा'ब ?**

– म नेपाल चिकित्सक संघको केन्द्रीय महासचिव हुदै केन्द्रीय सभापनि पनि भएँ । टेकु अस्पताल बोर्डको अध्यक्षका साथै नेपाल मेडिकल काउन्सिलको उपाध्यक्ष र पन्ध्र वर्षसम्म लगातार नेपाल मेडिकल काउन्सिलको सदस्य भएँ । तत्कालिन श्री ५ को सरकारको उच्च शिक्षा अनुगमन समितिको सदस्य भएर पनि सेवा गरियो । म नेपाल मेडिकल कलेजको स्थापनाकाल देखि हालसम्म पनि संचालक समितिको सदस्य तथा प्रमोटर शेयर होल्डर रहदै आएको छु भने ॐ अस्पताल काठमाडौंको पनि स्थापना काल देखि नै संचालक समितिको सदस्य तथा प्रमोटर शेयर होल्डर छु । साथै ॐ हेल्थ क्याम्पसको स्थापना कालदेखि संचालक समितिको सदस्य तथा प्रमोटर शेयर होल्डर हुँ । अर्को कुरा म मेडिकेयर अस्पतालको समेत प्रमोटर शेयर होल्डर हुँ । साथ साथै विजयदीप औषधी कम्पनीको पनि प्रमोटर शेयर होल्डर भएको कुरा तपाइलाई जानकारी दिन मन लाग्यो ।

**अनि डा. सा'ब हजुर बैकिङ्ग क्षेत्र र समाजसेवा तिर पनि त सक्रिय हुनुहुन्छ नि, हैन र ?**

– शुभेक्षा विकास बैंक हाल *गरिमा विकास बैंक*को स्थापनाकाल देखि नै संचालक समितिमा बसेर सेवा गरिरहेको छु, म प्रमोटर शेयर होल्डर भएकाले निरन्तर सेवा गरिरहेको छु । अर्को कुरा म प्राइम कमर्सियल बैंक काठमाडौंको प्रमोटर शेयर होल्डर हुँ साथै मैले झापा समाज काठमाडौंको पनि स्थापनाकाल देखि कै अध्यक्षको जिम्मेवारी सम्हाल्ने अवसर पाइरहेको कुरा पनि तपाईलाई भन्न मन लाग्यो । समाजसेवामा मेरो धेरै रूची छ किनभने म मेची आमाको छोरा हुँ । मैले मेची अञ्चल अस्पतालमा व्यक्तिगत इण्डोस्कोपी मेसिन प्रदान गरी सेवाको शुरूवात गरेको हुँ । त्यस्तै मैले सोही मेची अञ्चल अस्पतालको एक्स रे तथा अल्ट्रासाउण्ड मेसिन मर्मत गरी सुचारू गराएको हुँ । साथै मेची अञ्चल अस्पताल मै मैले कम्प्युटर र लाइबेरीको व्यवस्था मिलाएको हुँ । समाजसेवा गर्ने क्रममा भद्रपुर हाई-स्कूलका संस्थापक प्रधानाध्यापक स्वः गंगाधर उपाध्यायको शालिकको स्थापना गरी हाई-स्कूलको जिर्णोद्वार गरेका हुँ । सोही भद्रपुर हाई-स्कूलमा विद्यार्थीहरूलाई खानेपानीको व्यवस्था मिलाई छात्रवृत्तिमा समेत सहयोग गरेको थिएँ । चन्द्रगढी हाई-स्कूललाई कम्प्युटरको व्यवस्था गरेको थिएँ साथै चन्द्रगढी कलेजमा विभिन्न समयमा आर्थिक सहयोग गरेको हुनाले मलाई वहाँहरूले पनि सम्मान गर्नु भएको थियो । झापा पृथ्वीनगरमा वृहत तथा निःशुल्क स्वास्थ्य शिविर गरी नौसय विरामीको उपचार गरेको कारण त्यसक्षेत्रका मानिसहरूले आज पनि मेरो सम्झना गरिरहनु भएको छ रे । मैले पृथ्वीनगरको दुइवटा प्राइमरी स्कुलमा जिर्णोद्वार गर्न र सुविधा थप्न विशेष आर्थिक सहयोग पनि गरेको थिएँ । तपाईलाई भन्न चाहन्छु लक्ष्मी नारायण जी, धेरै भन्दा धेरै समय समाजसेवामा म सक्रिय हुदै आएको छु ।

**चिकित्सा पेशामा लामो कालखण्ड बिताउँनु भो, फर्केर हेर्दा जीवन कस्तो लाग्छ डा. सा'ब ?**

– रोग अन्वेषणमा धेरै मद्दत गरेको रेडियोलोजी इन्भेस्टीगेसनको कम्प्लीट प्याकेज हो । एक्स रे, अल्ट्रासाउण्ड, सीटी स्कान, पेटीस्कान, एमआरआई सबै थोकको सुविधा भएकाले नेपालमा विभिन्न विधाका विभिन्न विशेषज्ञ डाक्टरहरू भएकाले राम्रो उपचार हुने गरेको छ । कुनै समय यस्तो थियो कि, म वीर अस्पतालमा ड्यूटीमा रहेका बेला एउटा विरामी सोलुबाट आएका थिए ज्वरो अत्याधिक आएर । उनको लिभरमा ३ लिटर जति पिप रहेछ, त्यो फालिदिएपछि मलाई अभिवादन गर्दै हजुर त मेरो भगवान् हो डाक्टर सा'ब भनेर जुरूक्क उठेर निको भई हिड्दा साह्रै खुसी महसुस भयो, हो यस्ता क्षण धेरै छन् जुन अत्याधिक आनन्ददायक छन् । डाक्टरको धर्म हो राम्रोसँग उपचार गरिदिनु चाहे त्यो दुश्मन नै किन नहोस् । भारतमा पढ्दा हामीले सिकेका कुरा : गुरू भनेको पिता जी सरहको हो भने अस्पताल भनेको मन्दिर हो अनि विरामी भनेका देवता सरह हुन्, यसरी पढेका थियौं । वीर अस्पतालको एक घटना : एकै समयमा ब्रेन ह्याम्ब्रेज, हार्ट अटेक, पोइजन खाएको ३ जना विरामी ल्याइए । ती ३ नै जनालाई निको पारियो । अर्को घटना : अपरेसन सफल भई आराम गरेको विरामीलाई भोलीपल्ट डिस्चार्ज गर्ने कार्यक्रम थियो तर उसले त्यही रात अचानक मृत्युवरण गर्दा यस्तो लाग्छ कि सबै भगवान् भरोसा हो । कांग्रेस महामन्त्री डा. शशांक कोइरालालाई सबैले माया मारे तर हामीले ॐ मा बचायौं, यसमा भगवान्को पनि हात छ । मान्छेको जीवन अमूल्य छ, आफु बाँची अरूलाई पनि बचाउने काम गर्दा नै जीवन सफल भएको ठान्छु । डाक्टरको बोली र व्यवहारले विरामीको आधा रोग निको हुन्छ । जन्मेपछि समाज र राष्ट्र अनि भावी सन्ततीका लागि केही योगदान दिई इमान्दार भई कर्तव्य निर्वाह गरे शान्ति पाइन्छ भन्ने लाग्छ । धन्यवाद भट्टराई जी !! ००



**स्वर्गीय शार्दूल शमशेर ज.ब.रा.** को ९० औं जन्म जयन्तीको उपलक्षमा राजधानीमा आयोजित कार्यक्रममा श्री शार्दूल शमशेर ज.ब.रा. स्मृति कोष ०५३ ले श्री ब्रह्मानन्द प्रा.डा. जितेन्द्रध्वज खाँणलाई सम्मान तथा कदर-पत्रद्वारा सम्मानित गरिएको छ । खाँणले शिक्षा क्षेत्रमा लामो समयदेखि अतुलनीय योगदान पुऱ्याउदै आउनु भएको छ । साथै, समाज विकासको क्रममा बहुआयामिक खोज गरी विभिन्न कृतिहरूको प्रकाशन गरिसक्नु भएको छ । विभिन्न सांस्कृतिक तथा धार्मिक सभ्यता एवं विचार समाहित उहाँको कृति 'सुप्रिम गड' गागरमा सागर भरे झै धेरै गहन प्रश्नहरूको उत्तर खोज्ने र निरूपण गर्ने प्रयास गरेको देखिन्छ ।

खाँणको यसै सोच र खोजलाई मध्यनजर राख्दै उहाँले नेपाल र नेपालीलाई योगदान पुऱ्याए वापत श्री शार्दूल शमशेर ज.ब.रा. स्मृति कोष २०५३ ले स्व. ज.ब.रा.को सम्झनामा खाँणलाई सम्मान गरेको हो । कार्यक्रममा सयौं मानिसको उपस्थिति थियो । कोषकि अध्यक्ष प्रभालक्ष्मी राणा तथा प्रमुख अतिथि पूर्व प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दले सम्मान-राशि तथा कदरपत्रद्वारा खाँणलाई सम्मान गर्नु भएको थियो । कार्यक्रम यही वैशाख १५ गते सम्पन्न भएको थियो । मानव सेवा सम्बन्धि संस्थाको रूपमा वि.सं. २०५३ मा श्री शार्दूल शमशेर ज.ब.रा. स्मृतिकोषको स्थापना भएको कुरा अध्यक्ष प्रभालक्ष्मी राणाले बताउनु भयो ।

# मानव सेवा सम्बन्धी संस्थाद्वारा श्री ब्रह्मानन्द प्रा.डा. खाँण सम्मानित

शैक्षिक क्षेत्र तथा धार्मिक, सनातन क्षेत्रहरू लगायतमा सहयोग पुऱ्याउँने तथा देशको गौरब, परम्परा, संस्कृति र सनातन धर्म प्रवर्द्धन गर्ने एवं स्व. शार्दूल शमशेर ज.ब.रा. को जन्म जयन्ती र स्मृति दिवसको अवसर पारेर सामाजिक सेवा उद्धार गर्ने उद्देश्यले स्थापित कोषले लगातार सम्मान गरिरहेको छ । तत्कालिन श्री ५ को सरकारको सचिव (विशिष्ठ श्रेणी) पदमा कार्यरत हुदाहुदै वि.सं. २०४० साल फागुन १६ गते शार्दूल शमशेरको असामयकि निधन भएको थियो । शार्दूल राजाको देश एवं समाजको सेवा गर्ने प्रबल इच्छालाई गन्तव्यमा पुऱ्याउने लक्ष बोकि वि.सं. २०५३ सालमा कोषको स्थापना गरिएको कुरा अध्यक्ष प्रभालक्ष्मी राणाले अग्निचक्रलाई बताउनु भयो ।






श्री शार्दूल शमशेर ज.ब.रा. स्मृति कोष २०५३ मा हाल निम्न व्यक्तित्वहरू कार्यसमितिमा रहनु भएको छ : अध्यक्ष : प्रभालक्ष्मी राणा, सचिव : दिप्त प्रकाश शाह, कोषाध्यक्ष : मनोहर शम्शेर ज.ब.रा., सहसचिव : वसन्त कुमार मल्ल रहनु भएको छ भने सदस्यहरूमा चाहि शाम्ब शमशेर जबरा, प्रकाश जङ्ग मल्ल, भक्त बहादुर मल्ल, रत्न शम्शेर, शिवराज शर्मा, भुपेन्द्र बहादुर शाह र प्रसन्न जङ्ग मल्ल रहनु भएको कुरा पनि **अध्यक्ष प्रभालक्ष्मी राणा**ले जानकारी दिनु भयो । समाजसेवाको क्षेत्रमा अध्यक्ष राणा वरिष्ठ समाजसेवीको रूपमा चिरपरिचित हुनुहुन्छ । मानव सेवा सम्बन्धि यो पवित्र संस्थाको 'अग्निचक्र मासिक' उत्तरोत्तर प्रगति भएको हेर्न चाहन्छ । जय गोरख । जय नेपाल ॥ ००

# जीवनको प्रत्येक पल कथावस्तु एवं समाजका प्रत्येक घटना कथा हुन्



## शर्मिला खड्का दाहाल

*साहित्यिक स्रष्टा*

**तपाईंको साहित्यिक यात्रा कहिलेदेखि कसरी प्रारम्भ भएको थियो ?**

– अनौपचारिकरूपले मेरो साहित्यिक यात्रा विद्यालयस्तरमा नै भएको थियो । नौ अथवा दस कक्षामा पढ्दा विद्यालयमा कविता प्रतियोगिता थियो । त्यसमा एउटा कविता लेखेर बुझाएको थिएँ, पछि वाचन गर्न छनौट प्रक्रियामा परेन । नरमाइलो लाग्यो । उत्साह मरेर आयो । त्यसपछि फाटफुट कविता कोरेँ । ती डायरीमा नै सीमित भए । पछि मेरो औपचारिक साहित्यिक यात्राचाहिँ वि.स. २०५५ मा समष्टिमा 'असफल सङ्घर्ष' छापिएपछि भयो । हुन त यो अघि पनि केही स्मारिका र पत्रिकामा कविता छापिएका थिए । ती रेकर्डमा छैनन् । त्यसपछि वि.सं. २०६० मा सानी बालमनोवैज्ञानिक उपन्यास लेखेँ । त्यसपछि निरन्तर साहित्यमा लागिरहेँ ।

**तपाईंले शिक्षा पेशा र साहित्यलाई कसरी साथसाथै लैजानुभयो ?**

– कोही पनि मानिस आफूले चाहेर हुनसक्दैन । उसलाई समयले बनाउँछ । मलाई पनि समयले बनायो । म रहरले साहित्यकार भएको होइन । हुने भए म धेरै अघि नै हुन्थेँ हुँला । म बालकैदेखि स्वाभिमानी विद्रोही स्वभावको थिएँ । जागिरे अवस्थामा तल्लोस्तरको कर्मचारी भएर काम गर्नुपर्ने, घरव्यवहारमा नारी भएर भोग्नुपर्ने अनेकौँ पीडाले मलाई अस्तित्वबोध गरायो । यो पीडाले म विक्षिप्त बनेँ । सहाराको खोजीमा मैले साहित्यलाई भेट्टाए । मअघि देखि नै साहित्यिक कृतिहरू खूब अध्ययन गर्दथेँ । दिनभर विद्यालयमा विद्यार्थीसँग हुन्थेँ र घरमा पनि चारवटा छोराछोरीको लालनपालन । घरमा पचासी वर्षपुगेको सासू हुनुहुन्यो अनि आउनेजाने परपाहुना हुन्थे । श्रीमान जागिरमा धेरै समय जिल्लाबाहिर हुनुहुन्थ्यो । धेरै कठिन र सङ्घर्षका दिनहरू थिए । कतिपय समय त हतास निराश हुन्थेँ अनि मृत्युको नजिक पुगेर फर्कन्थेँ । म जहिले पनि इश्वरलाई प्रार्थना गर्दथेँ मलाई सहारा देऊ भनेर । नभन्दै धेरै कठिन समयमा मैले इश्वरको साथ पाएको छु ।


जागिर घरव्यवहारले मलाई लेख्न गाह्रो भइरहेको थियो । एउटा सर्जकलाई सिर्जनाको पीडा धेरै हुन्छ । आफ्नो समय अनुकुल हुन नसक्दा कतिपय सर्जकहरूले मृत्यु नै अँगालेको घटनाहरू हामी पढ्ने गर्छौं । मलाई पनि त्यस्तै हुन्थ्यो । अरूले त्यो पीडा सजिलै बुझ्न सक्दा रहेनछन् । दुवै छोरी उच्च शिक्षाको लागि काठमाडौ आउने भए । मैले जागिर छोड्ने निर्णय गरेँ । श्रीमान आमाबुबा आफन्त कसैले काठमाडौँ आउने स्वीकृति दिएनन् । मैले विद्रोह गरेर घर छोडेर काठमाडौ जाने निश्चय गरेँ । मसँग बाँच्ने केही आधार थिएन । मेरो आम्दानिको स्रोत केही थिएन । जे जस्तो अवस्था आएपनि साहित्यमा निरन्तर लागिरहन्छु भन्ने सोचाइ लिएर काठमाडौ आएँ । यहाँ आएर धेरै दुख पाएँ । दिनहरू सङ्घर्षमय भएर बिते । चारजना छोराछोरी, घरव्यवहार फेरि कीर्तिपुरमा स्नातकोत्तरको पढाइ थियो । साहित्यको ज्ञान गुरूबाट लिने इच्छाले विश्वविद्यालय पढ्न थालेको थिएँ किनभने आइए र विए मैले प्राइभेट पास गरेको थिएँ । धेरै गाह्रो भएको थियो । पढाइलाई पनि निरन्तर दिन सकिन, रहरमात्र भयो । साहित्यलेखन र प्रकाशनको काम पनि गर्दै थिएँ त्यसैले जीवन अति सङ्घर्षमय थियो । कहिलेकाहीँ हतास र निराश हुने गर्दथेँ । मसँग आर्थिकोपार्जनको गतिलो माध्यम केही थिएन । मैले ईश्वरलाई आव्हान गरेँ, मलाई मृत्यु देउ कि सहारा देऊ भनेर । नभन्दै मलाई ईश्वरले बाँच्ने गतिलो सहारा दिए । मलाई इश्वरको आशिर्वाद भयो । एउटा संकल्प लिएर दृढ आत्मविश्वासी भई निरन्तर लागि रहेँ ।


**साहित्य-सिर्जना गर्ने भावना र प्रेरणा कसरी कोबाट पाउनुभयो ?**


– साहित्य-सिर्जना गर्ने भावना विशेषरूपले यहीबाट पाएँ भन्ने छैन । म सानैदेखि अलिक बेग्लै स्वभावकी थिएँ । घरमा छोरा र छोरीप्रति गरिने भेदभाव र महिलाको अवस्था देखेर म विरक्त हुन्थेँ । म सम्पन्न परिवारमा जन्मे पनि हाम्रो घरमा शैक्षिक वातावरण थिएन । बुबाका गाडीहरू थिए र ठेक्कापट्टा गर्नुहुन्थ्यो । पैसा प्रशस्त कमाउनुभएको थियो । उहाँलाई शिक्षामा रूची थिएन । हाम्रो ठूलो परिवार थियो । हामी दुई आमाका दस जना सन्तान एउटै परिवारमा हुर्केका थियौँ । मेरी आमा कान्छी हुनुहुन्थ्यो । म सानो छँदा काकाकाकी सबै एकै ठाउँमा थियौँ । त्यससमयमा बालबालिका र महिलाको अवस्था अत्यन्तै दयनीय थियो । बालअधिकार र बालमनोविज्ञान कुन चरोको नाम हो भन्ने थियो । म यी कुराले भित्रभित्रै आन्दोलित हुन्थेँ । मेरी आमाले केही पढ्नुभएको हुनाले छोरीमान्छेले पढ्नुपर्छ आफ्नो खुट्टामा उभिनुपर्छ भनिरहनुहुन्थ्यो । त्यसैले म भेटेजति पुस्तक पढीरहन्थेँ । तर उचित मार्गदर्शन र प्रेरणा पाउन सक्दिनथेँ । मन कुण्ठित हुन्थ्यो । त्यसैपनि छोरीमान्छे पढ्ने वातावरण थिएन । म सामान बेरिएका पत्रिका पढ्ने गर्दथेँ । त्यसबेला पढ्ने पुस्तकको अभाव खट्कीरहन्थ्यो । बिहे भएर गएपछि पनि म निरन्तर पढिरहन्थेँ । बिहेपश्चात मैले आइए र बिए प्राइवेट पास गरेकी थिएँ । एसओएसमा जागिर खान थालेपछि पढ्ने वातावरण अझ बढ्यो र साहित्यिक वातावरण पनि । म केही लेख्दै फ्याक्दै गर्थे । पछि मेरो जीवनमा यस्तो मोड आयो म अस्तित्वबोधको पीडाले मर्माहत भएँ । अफिसमा, घरमा, समाजमा नारीको अवस्था र उसले भोग्नुपरेको नियतिले विक्षिप्त भएँ । त्यसपछि अस्तित्वको खोजी गर्दै साहित्यको सहारा लिन पुगेँ । सहारालिने क्रममा धेरै समयअघि लेखेको 'सानी' बालमनोवैज्ञानिक उपन्यास प्रकाशित गरेँ । जसले साझा बालसाहित्य पुरस्कार प्राप्त गर्‍यो । मेरो पहिलो पुस्तकले राष्ट्रिय पुरस्कार प्राप्त गरेपछि म लेखनमा तन्मयका साथ लागी परेँ । त्यसपछि सानीको भाग दुई 'सानीको साहस' लेखेँ त्यसले पनि अन्तर्राष्ट्रिय नेपाली

# स्रष्टा शर्मिला खड्का (दाहाल)का प्रकाशित कृतिहरूको झलक






























साहित्य समाजको सर्वोत्कृष्ट नारी हस्ताक्षर पुरस्कार प्राप्त गऱ्यो । ममा चुनौति र दायित्त्व थपिँदै गयो । राष्ट्रियस्तरका पत्रिकामा पनि मेरा कथा र लेखहरू छापिन थालेका थिएँ । त्यसपछि एसओएसको राम्रो जागिर छोडेर सम्पूर्णरूपले साहित्यमा समर्पित भएँ ।

**नेपाली कथाहरूमा के कस्ता परम्परा थियो र आज कस्तो छ र तपाईको विचारमा एउटा आख्यान अर्थात् कथा कस्तो हुनुपर्छ ।**

– नेपाली कथाको कुरा गर्दा वि.सं. १९९१ मा शारदामा प्रकाशित नासो कथालाई आधुनिक कथा मानिन्छ । त्यो अगाडि नेपाली कथाहरू जादुई, तिलस्मी, र भारतीय कथाहरूबाट र संस्कृत कथाहरूबाट प्रभावित हुन्थे । गुरूप्रसाद मैनालीले आधुनिक नेपाली कथालेखनलाई आरम्भ गरेका हुन् । आधुनिक नेपाली कथाहरू यथार्थवाद, आदर्शवाद, अस्तित्ववाद आदि कथाहरू लेखिए । यस समयमा नेपाली राजनितिमा ठूलठूला जनआन्दोलनहरू भए । माओवादी जनयुद्धमा गएपछि विश्वले सयौँ वर्षअघि लेखिसकेको द्वन्द्वकथाहरू हाम्रो साहित्यमा लेखिन थाले । त्यसपछि पनि राजनैतिक अस्थिरता, सामाजिक, आर्थिक विचलनले समाजले एउटा मार्गनिर्देशन पाउन सकेन । राज्यले विप्रेषणलाई देशको ठूलो उपलब्धि मान्न पुग्यो जसले गर्दा धेरै प्रतिभाशाली युवाहरू विदेश पलायन हुने बाध्यता सिर्जना भयो । त्यसले साहित्यिक क्षेत्रलाई पनि ठूलो असर पाऱ्यो ।

एउटा कथामा सिँगो समाज अर्थात् राष्ट्र बोलेको हुन्छ । नेपाल आधुनिककालको यो लामो अवधिमा विभिन्न प्रयोग र शैलीका कथाहरू जन्मिएका छन् । अझ यो डिजिटल युगले हाम्रा दैनिक भोगिने कार्यमा ठूलो असर परिरहेको छ । मानिसको जीवनलाई यति ठूलो प्रभाव पारेको छ । मैले मेरा कथाहरूमा पनि नयाँ युग, नयाँ बोध, नयाँ चेतना प्रक्षेपण गर्ने प्रयास गरेको छु । यहाँ मिनेट मिनेटमा हामीले सोच्दै नसोचेका घटना हुन सक्छन् । विश्व नै एउटा कोठामात्र नभई बाकसभित्र बन्द भएको छ । यहाँ कथाकार, पात्र र पाठकको कुन बेला मेल हुन्छ, कुन बेला बेमेल हुन्छ भन्न नसकिने अवस्था छ ।

एउटा राम्रो कथाले पाठकको मानवीय संवेदनालाई जुरमुराइदिनुपर्छ । कथाले पाठकको सोचाइको श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सक्नुपर्छ । जीवनको प्रत्येक पल कथावस्तु हुन् भने समाजका प्रत्येक घटना कथा हुन् । जसलाई साहित्यिक कलात्मकताले सोह्रशृङ्गार गराएर बेहुली बनाएर पाठकको मस्तिष्कमा प्रवेश गराउनु सक्नु नै एउटा सफल कथा हो ।

मेरो कथालेखनको कुरा गर्दा अहिले विश्वमा चलेको उत्तरआधुनिककालको जुन प्रयोग छ त्यसलाई मैले मेरो कथामा प्रयोग गर्ने जमर्को गरेको छु । एउटा नारी भएर नारीले भोग्ने यावत कुरा मैले भोग्नु पर्ने भएकोले मेरा कथामा नारीवादी धारणा त अवश्य हुन्छ नै । त्यस उप्रान्त पनि मैले कथालाई पुनर्निर्माण गर्ने, विनिर्माण गर्ने, उपकथा लेख्ने, छाया कथालेख्ने, कथालाई श्रृङ्खलावद्ध लेख्ने, सिमान्तकृतको पक्षमा लेख्ने, विकेन्द्रिकृतको पक्षमा लेख्ने आदि प्रयास गरेकी छु । हाल मानिसको दैनिक जीवनमा असर पर्ने डिजिटल कथाहरू पनि प्रशस्त लेखेको छु ।

**साहित्यमा तपाईंले आफ्नो विचार, आर्दश कसरी व्यक्त गर्नुभएको छ र व्यवहारमा कसरी उतार्नु भएको छ ।**

– हाम्रो देश लामो समयसम्म तानाशाही एकतन्त्रिय राणा शासनको हातमा पऱ्यो । देशमा ठूलठूला जनआन्दोलन भएपनि मानिसहरूको व्यवहार र विचारमा परिवर्तन आउन सकेन । नेपाली समाज अझै पनि पुरातनवादी सामन्तीसोचबाट ग्रसित छ । माओवादीले समाजमा नयाँ सोच ल्याउने भनेर बन्दुक उठाए । आन्दोलन सफल भयो, देशमा लोकतान्त्रिक गणतन्त्रको संविधान तयार भए पनि यसको स्थायित्वमा अनेकौँ शंका उठेको छ । पूँजीवादले सिँगो समाजलाई आफ्नो अधिनमा पारेको छ । अझ समाज झन् अनेकौँ विकृति र विसंगति र कुनियतिले ग्रस्त छ । मैले यसै विषयलाई टिपेर कथा लेख्ने गरेको छु । मैले कथामा नवीनता दिन खोजेसँगै एउटा आदर्श भावना समाजप्रेम र राष्ट्रप्रेमको भावनालाई पनि प्राथमिकता दिन खोजेको हुन्छु ।

मैले मेरो लेखनलाई व्यक्तिगत जीवनसँग तुलना गर्न अहिले ठीक लाग्दैन । मैले आफनो जिन्दगी आर्दशमय भावानाका साथसाथै इश्वरीयभक्ति र इश्वरीय साधानामा बिताएको छु । यदि यस्तो नहुदो हो त म जीवित पनि हुने थिइनँ हुँला । यसको विस्तृत कथा लेख्दा एउटा पुस्तक तयार हुन्छ । मलाई लाग्छ मेरो जीवन कथैकथाको सागर हो । समयले मलाई लेख्नलाई कलम थमाएको हो । त्यसैले मेरो जीवनको साहित्यसँगको समन्वय कसरी भयो भन्ने कुरा मेरो आत्मकथामा लेख्नेछु ।

**तपाईंको जीवन दर्शन के हो र ईश्वरप्रतिको दृष्टिकोण के हो ?**

– मेरो जीवनको त्यति ठूलो दर्शन छैन । मैले दर्शनका पुस्तकहरू खासै पढेको पनि छैन । म एउटा साधारण घरको गृहिणी र साधारण मसिना भाइबहिनीका गुरूआमा थिएँ । पछि समयले मलाई कलम थमायो । मैले साहित्य र सिद्धान्तका कुरा कहीँ कतै गुरूहरूसँग सिकिनँ । आफैले स्वअध्ययन गरेँ । तर मेरो एउटा सौभाग्य के भनौँ भने मलाई साहित्यिक क्षेत्रका अग्रजहरू जसलाई साहित्यिक तपस्वी भन्न रूचाउछु उहाँहरूबाट मैलै धेरै माया, मार्गदर्शन र आशिर्वाद पाइरहेँ । मैले यहाँ नाम लिँदा निकै धेरै हुनसक्छ । साहित्यिक क्षेत्रमा पदार्पण भएको थोरै समयमा नै मैले यति धेरै विश्वास, माया र आत्मीयता सायद नै अरू कसैले पाउँछ जस्तो लाग्छ मलाई ।

मेरो लेखन इश्वरीय शक्ति हो जस्तो लाग्छ मलाई । मैले आफूलाई बुझ्नेदेखि सत्यका पक्षमा निडर भइ बोल्नु पर्छ भन्ने लाग्यो । त्यही भएर म बच्चादेखि घरमा हुने विसंगति र विकृतिविरूद्ध निडर भई बोल्थेँ । यसको लागि मैले जीवनमा ठूल्ठूला मूल्य चुकाउनु पर्‍यो । सीताले झैँ अग्निपरीक्षा दिनुपर्‍यो । रावणहरू जतातत‍ै छन् । ती रावणहरूसँग म डराइनँ अलिकति विचलित बनिन् । ***त्यही सत्यले मलाई ईश्वर नजिक पुर्‍यायो । अनि मलाई ईश्वरको आशिर्वाद भयो । मलाई बाँच्न गाह्रो भएन । मलाई लाग्छ ईश्वर भनेकै सत्य हो ।***

**तपाईंले साहित्यिक क्षेत्रमा कुन कुन विधामा कलम चलाउनुभएको छ ? तपाईको साहित्यिक यात्रा कतातिर गइरहेको छ अर्थात् कतिको निरन्तरता दिन सक्नुभएको छ ?**

– मेरो साहित्यलेखनको कुरा गर्दा दुईवटा क्षेत्रलाई केलाउनुपर्ने हुन्छ । एउटा प्रौढलेखन र एउटा बाललेखन अर्थात् बालसाहित्य । मेरा साहित्यलेखनको सुरूआत प्रौढसाहित्यको कथाबाट भए पनि पहिलो पुस्तक बालसाहित्यको सानीबाट भएको हो । बालसाहित्यको साथसाथै म प्रौढमा कथा, कविता, संस्मरण, समालोचना, पत्रसाहित्य, लघुकथा आदिमा कलम चलाइरहेको छु । बालसाहित्यमा पनि कथा, कविता, नाटक, उपन्यास, निबन्ध आदि विधामा कलम चलाइरहेको छु ।

मेरो साहित्यिक यात्रा हाल पहिलाको जस्तो सक्रिय हुन सकेको छैन । बिचमा केही समय मेरो साहित्यिक लेखनमा भनौँ यात्रामा केही अवरोध आयो । त्यससमयमा जान–अन्जानमा मबाट केही भुल र कमजोरीहरू हुन गयो । त्यसपछि म सजग भएँ र आफूलाई परिमार्जित गर्न पट्टि लागेँ । महाभूकम्पले पनि म केही डिस्टर्व भएँ । अब भने निरन्तर लाग्नेछु भन्ने लागेको छ ।

**प्रकाशनको औचित्य अथवा कारण के हो ? कसरी लागिरहनु भएको छ ?**

– वास्तवमा, मैले प्रकाशनको सुविधा पाएको भए म प्रकाशक हुने थिइनँ हुलाँ । मेरो थोरै वचत रहेको समय प्रकाशन गर्नेतिर खर्च गर्न नपरेको भए म साहित्यमा धेरै लेखिसक्थेँ हुँला, तर मेरो धेरै जसो समय प्रकाशनको काममा पनि खर्च भइरहेको हुन्छ । समयको क्यानभासमा कथासंग्रह तीनवर्षसम्म प्रकाशन गृहमा थन्किए पछि मैले प्रकाशन चलाउने विचार गरेको हुँ । हाल मेरो प्रकाशन गृहबाट प्रौढका सात वटा र बालसाहित्यका बाह्रवटा पुस्तक प्रकाशित छन् । प्रकाशन चलाउन लाखौँ रूपैया लगानी भएको भए पनि खासै आम्दानि हुनभने सकेको छैन । प्रौढसाहित्यको बिक्री न्यून छ, बालसाहित्यका केहीपुस्तक चाहिँ विक्री भइरहेका छन् ।

**नारीलाई साहित्यमा सफलता हासिल गर्न केकस्तो अवस्थाबाट गुज्रनुपर्छ ।**

– सर्वप्रथम साहित्य भनेको आफूले गर्छु भनेर अरू गरिने काम जस्तो होइन भन्ने मलाई लाग्छ । **यो एउटा ईश्वरीय प्रतिभा हो** । यो प्रतिभा भए पनि नारीहरूलाई यो क्षेत्रमा लाग्न धेरै गाह्रो हुन्छ । आज देशमा यस्ता प्रतिभा कति होलान् तर ती प्रस्फुटित हुन नपाइ मरेका होलान् भन्ने मलाई लाग्छ । हुन त सबैले विद्रोह नै गर्नुपर्छ भनेर म भन्दिन तर मेरो अवस्थामा मैले विद्रोह नगरेको भए आज म यो अवस्थामा आउने थिइन । विद्रोह गरेर पनि सफल भइन्छ भन्न सकिन्न । आफूमा एउटा दरो आत्मविश्वास लिएर हिँडनुपर्छ । यो सबैलाई अनुकुल नहुन सक्छ । हामी नारीहरू आफै पनि आफ्नो परिचयको लागि सजग छैनौँ । आफ्नो बहुमूल्य समय बेकारमा खेर फाली रहेका हुन्छौँ । आफ्नो अस्तित्व र हक अधिकारका बारेमा हामी सचेत नै छैनौँ । अहिले सामाजिक अवस्था केही सुध्रिएको भएपनि सोचेजस्तो छैन । तर आफ्नो हक अधिकारको कुरा गर्दा घरपरिवार श्रीमान रिसाउँछन् भनेर कोही बोल्दैनौँ । सबै सहेर बस्छौँ । अझ साहित्यमा विद्रोहको चेतना बढी हुने हुनाले कुनै पनि घरपरिवारले नारीलाई साहित्यमा लागेको मन पराउँदैनन् । त्यसैले साहित्यमा एउटा विद्रोह भनौँ वा क्रान्तिकारी भावना नभई नगरी कोही नारी माथि उठ्न सक्दैन भन्ने मेरो अनुभव छ ।

**यसबाहेक तपाईंको साहित्य सम्बन्धमा केही कुरा भन्न बाँकी छ भने बताइदिनुहोस् ।**

– विनय दाइ, हाम्रो देशको साहित्यिक क्षेत्र अत्यन्त उपेक्षित अवस्थामा छ । बालबालिकादेखि नै साहित्यको लगाव बढाउनुपर्छ । यहाँ अभिभावकहरू शौखका लागि फैशनका लागि हजारौँ रूपैया खर्च गर्न तयार हुनुहुन्छ तर बच्चालाई एउटा पुस्तक किन्न गाह्रो मान्नुहुन्छ । मेरो लामो शिक्षण पेशाले यस्ता धेरैकुराको अनुभव बटुल्ने मौका पाएको छु । सबै अभिभावकले पाठ्यपुस्तक बाहेक बच्चाहरूलाई बाहिरी पुस्तक पढाउने बानी पनि बसाल्नुपर्छ । सरकारी तथा नीजि क्षेत्र दुवैतर्फबाट साहित्यलाई उचित स्थान दिइनुपर्छ । प्रकाशनको उचित व्यवस्था हुनुपर्छ र अन्य साहित्यिक गतिविधिलाई महत्व दिइनुपर्छ । साहित्यिक क्षेत्रमा भएको अस्वस्थ्य प्रतिस्पर्धा, खुट्टा तान्ने प्रवृत्ति, आफू मात्र सबै पदमा बसूँ, आफू मात्र सुविधा भोग गरूँ, आफ्नो मात्र हालीमुहाली होस भन्ने प्रवृत्ति साहित्यिकार स्वयम्ले पनि त्याग्नु पर्दछ । एउटा विदेशी हिरोले राम्रो कार किनेर आफ्नो भाइलाई उपहार दिएको समाचार बन्छ तर एउटा साहित्यकारले राम्रो पुस्तक लेखेर विदेशी पुरस्कार पाएको समाचार बन्दैन । प्रत्येक कुरालाई नाफा नोक्सानमा तौलेर हेरिने हाम्रो समाजमा अनुत्पादक क्षेत्र भनेर साहित्यलाई सधै उपेक्षित रहिरहेको छ । साहित्यक्षेत्र मौलाउन सर्वप्रथम देशको राजनैतिक अवस्था र सामाजिक अवस्था सुदृढ हुनुपर्दछ । त्यसैले देशले राजनैतिक निकाशा पाउन हामी सबैले नीजि स्वार्थ त्यागेर राष्ट्रको र जनताको हितमा अघि बढौँ भन्न चाहन्छु म । अन्तमा अन्तर्वार्ताको लागि अग्निचक्र मासिकलाई धन्यवाद छ ।००



कथा/साहित्य – **मन्दिरा मधुश्री**

# बुधनको घोडी

हरियाको सलमान आफ्नी करिस्मामाथि उक्लिएको देखेर बुधनले सपना हो कि भन्ठान्यो । अनि त अझ बढी नियालेर हेर्‍यो । मनमनै भगवानलाई पुकार्‍यो । हे भगवान बिपना नै होस् । सत्य नै होस् ।

आफूलाई चिमट्दा चस्स भएपछि आँखा पुनः त्यही दृष्यमा गाढ्यो । सलमान करिस्माको जिउमा घरि आफ्नो जिउ दराल्थ्यो, घरि मुख । तीन चार पटक नै सलमान करिस्मामाथि उक्लेको देखेपछि ऊ खुसीले झण्डै उफ्रेर पागल भएको । तर त्यो खुसी प्रकट गर्ने माध्यम नै पाएन उसले । न त खुसी बाँड्ने व्यक्ति नै । ऊ आफैँमा खुसी दबाएर ढुक्कसँग भन्यो आफैँसँग, "जे होस्, अब भने मेरा दुःखका दिन गइहाल्छ रे । अब करिस्माले एकटा बछ्डा दिइहाली भने त म उसको बड्का बनाएर बेचि लिइ हाल्छु । अनि गोपीसरले ऐलानी जग्गा मिलाईदिन्छु भनिलिएको छ । त्यहीँ फूसके घर बनाइलिइहाल्छु । अनि चन्दुलाई शादी करके ल्याइहाल्छु ।"

सौराहा चोक टाँडीबाट एकहुल पर्यटक लगेर सौराहा बजारमा ओह्रालेपछि टाँगाबाट करिस्मालाई खोलेर चर्न छोडिदिएको थियो उसले राप्ती नदीको किनारमा । अलिक पर हरियाको 'सलमान' पनि चरिरहेको थियो । उसले उद्धेश्यले चाहिँ छोडेको थिएन करिस्मालाई । न त त्यस्तो होला भन्ने आशा वा शङ्का नै तर अकस्मात र अप्रत्याशित काम गरे सलमान र करिस्माले ।

उसले वरिपरि नियालेर हेऱ्यो, कतै हरिया चाचाले त देखिलिएन ? यदि उसले देखेको भए फेरि आफ्नो घोडाको बालको रकम दिइहाल् भन्ने पो हो कि..। घोडाको एकचोटि बाल लगाइलिएको पच्चीस सय लिन्छ अरूलाई । आ..के मैले उसकहाँ लिएर गइलिएको हैन नि करिस्माको । चरनमा उसको सलमान नै दौडेर आइलिएको त हो नि करिस्माके सँग । तर के थाहा ? चाचाले यसैमा निहुँ खोजेर दुस्मनी गरिलिने पो हो कि ? आ गरे नि गरोस् । गरिलिएछ नै भने पनि करिस्माले एउटा स्वस्थ बछेडा दिइहाली भने त्यसको पच्चीस सय हैन तीन हजार नै दिदिन्छु लौ जा । आफैलाई प..र पुऱ्याएर सोचेको थियो बुधनले । तर अहँ वरपर चियापसल तिर कतैपनि देख्दैन हरियालाई उसले । सायद चिया खान वा त सवारी खोज्न बजारतिर गइलिएको हुन सक्छ हरिया चाचा ।" यस्तै सोच्यो बुधनले ।

क्यामरा तेर्साएर मनोरम दृष्य कैद गरिरहेका अनि चियाको चुस्कीसँगै किनारामा आराम कुर्सीमा आराम गरिरहेका खैरे पर्यटकहरू प्रायः सबैको क्यामेरा सोझिएका थिए करिस्मा र सलमानको प्रणय क्रिडातिर । उनीहरूलाई यो अकस्मात र क्षणिकको सुन्दर र दुर्लभ दृष्य थियो । क्यामेरामा कैद गर्न पाएका कुइरे पर्यटकहरू ल्यापटपमा डाउनलोड गरेर हेर्दै थिए । किनभने प्राणी वा जनावरको प्रजननका यस्ता दृष्य जहाँतहाँ कहाँ पाइन्छ र ? अकस्मात र अप्रत्यासित भेटिएको यस्तो दृष्यलाई कैद गर्न पाएका कुइरेहरू दंग थिए । भिन्दै मनोरन्जन पाएका थिए सबैले । मोबायल र ल्यापटपले देश विदेशमा पुऱ्याइरहेका थिए करिस्मा र सलमानको प्रणय लिला ।

किनाराको एउटा ढिस्कोमा झोक्राएर बसेको बुधनलाई पनि खुसी गराएकी थिई करिस्माले । किनभने उसले सोचेको सपना आज पूरा हुने सङ्केत दिएकी थिई करिस्माले ।

करिस्मालाई किनेदेखि नै उसले एउटा सपना देखेको थियो । भरपर्दो सपना । करिस्माले बछेडा पाएपछि ठूलो बनाएर बेच्ने । बेचेपछि आएको पैसाले घर बनाउने । घर भएपछि घरजम गर्ने ।

"करिस्मा गाभिन भइलियो भने त ..? आफ्नो सपना पूरा हुन दुइ चार वर्ष त हो नि !" दंग पर्‍यो बुधन सपना पूरा ह्ुाने सपना देखेर ।

वरपरको वातावरण बदलिइसकेको थियो । सलमान करिस्मालाई छोडेर नदीतिर झरिसकेको थियो पानी खान । पर्यटकहरू तितर-बितर भइसकेका थिए । करिस्मा पनि चर्न थालेकी थिई । बुधन करिस्माको नजिक गयो र चरिरहेको करिस्मालाई बिस्तारै सुम्सुम्यायो । कानका जरी र गाला मुसाऱ्यो र अंगालो मार्‍यो । करिस्माले पनि आफ्नो नाक दराली उसको टाउकोमा । भरोसा दिएजस्तै लाग्यो बुधनलाई करिस्माले ।

बेजुवान नै आफ्नो खुसी साट्यो करिस्मासँग बुधनले । दश बजेको पालो थियो बुधनको टाँगाको । तर किन किन उसलाई आज करिस्मालाई सवारी गराउन मन लागेन । घरमै लगेर आराम गर्न दिने सोच्यो । उसले डोऱ्याउँदै लग्यो टाँगा भएतिर ।

सौराहा चौकनेर आइपुग्दा अकस्मात आफ्नो सामुन्ने हातमा दुवाली लिएको हरियालाई उभिरहेको देख्यो । झण्डै सातो पुत्लो उडेको उसको । उसलाई लाग्यो, हरियालाई सब पता चलिसकेको छ । सलमान र करिस्माको कुरा । त्यसैले त उसलाई गाली गर्न वा पैसा माग्न उभिएको छ यहाँ । "हे रे बुधन, मलाई नसोधि मेरै सलमानसँग मिसाइलिस आफ्नो करिस्माको ? यही भनेर उसको गर्धनमा भएको गाम्छा समात्ने छ अनि पच्चीस सय निकालीलिन्छस कि यही दुवालीले मारिलिइहालुँ रे तँलाई ?" यसै भन्ला भन्ने डरले डराएर नीलो..भयो बुधन् ।

"हे रे बुधन .., मेरो सलमानको..." यति मात्र बोलेको थियो हरिया, बोली टुंग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आफ्नो रूद्रघण्टी समाउँदे भन्यो, "राम कशम हरिया चाचा, मैले करिस्मालाई... सलमानको सँग...।" डराएर पूरा वाक्य बोल्नै सकेन बुधनले । हडबडाएर काँपेको स्वरमा बोलेको देखेर आशा विपरित उसको काँध थपथपाउँदै हरियाले भन्यो, "रे के भयो रे बुधन तँलाई ? किन यसरी डराइलिएको ? मलाई भूत देखिलिइस कि के हो रे ? मैले त मेरो सलमानको देखिहालिस कि भनेर सोधिलिन खोजेको थिएँ, त करिस्मासँगै ल्याइदिहालेको भए हुने भनिलिन खोजेको थिएँ । मैले अच्छा खासा सवारी भेटेको छु । खैर छोडिहाल् । त्यही खोलोके छेउमे चर्न छोडिलिए थैं । अब म गएर ल्यैहाल्छु रे । तँ जाँदे गर..।" बोल्दै हिँडिसकेको थियो हरिया ।

हरिया र बुधन बिपरित दिशातिर लागे । बल्ल बुधनको सास आयो । "धेत्तेरी... हरिया चाचाको त मालुम नै रहेनछ, बित्थामा म पनि यतिधेरै डराइलिएँ । आफनै टाउकोमा प्याट्ट पाऱ्यो बुधनले अनि करिस्मातिर हेर्दै भन्यो, पता नचलोस चाचालाइ ऐले । बस् तँ एउटा राम्रो बछेडा दिइदिहाल, त्यसपछि त पच्चीस सय हैन तीन हजार नै दिदिन्छु रे ।" ढुक्क हुन खोज्यो बुधन ।

टाँगा लिएर घरसम्म पुग्दा उसले बाटाभरि केही र कसैलाई देखेन । रातो रातो, चिल्लो चिल्लो राम्रो, सानो करिस्मा जस्तै बछेडा उसको आँखाभरि दौडिरहृयो ।

बेलुका उसले अलिक बढी गुँड मिसाएर धान दियो करिष्मालाई । मायाले सुम्सुम्यायो ।

पानको पात तताएर उसको सुत सेकिदियो । कोइलामा खोर्सानी डडाएर करिस्मालाई सुँघायो र वरिपरि घुमायो अनि दोबाटोमा लगेर राखिदियो ।

गोपीसरकोमा कुनै गाई भैँसीलाई बहर, राँगासँग मिसाएर ल्याएको दिन बेलुका यसै गरेको देखेको थियो । त्यस्तै दोहोऱ्यायो उसले पनि । यसो गर्नुको अर्थ न त उसलाई थाहा थियो न त यसो गर्दा के हुन्छ भनेर कहिल्यै सोध्यो गोपीसरलाई नै ।

बुधन एकातिर धेरै खुसी थियो भने अर्कोतिर त्यत्तिकै डराएको पनि । किनकि हरियालाई थाहा छैन । थाहा पाएको दिन बुधनलाई बाँकी राख्दैन । हरिया रिसाहा छ । उसको रिसको घानमा एकदिन आफू पक्कै पनि पर्छु, यहि डरले कुट कुट खाइरहन्छ भित्र भित्र बुधनलाई । हुनपनि पच्चीस सयको कुरा छ । कसरी छोड्छ त हरियाले सित्तैमा ? ढाँटिलिइस भनेर पछि पैसा दोब्बर छेराइलियो चाचाले भने .? बिर्सन खोजे पनि बेला बेला झस्कन्थ्यो यो कुराले बुधन ।

हुनत हरियाले सलमानको प्रणय क्रिया नदेखेता पनि पछि करिस्मा बियाउने भएपछि, बियाएपछि त पक्कै पनि सत्य त लुक्दैन । थाहा पाइहाल्छ । किनभने सौराहा भरि नै उसको एउटा त हो नि बहर घोडा । त्यो पनि बिउकोलागि भनेर नै पालेको । त्यसैले हरिया सधैँ टाँगा चलाउँदैन । यदा कदा भने सलमानलाई लिएर बिदेशी पर्यटक ओसार्छ ।

केही महिना त ढुक्कै भयो बुधन । चार पाँच महिना पछि त टाँगावालहरूमा गाइँ गुइँ हल्ला चल्यो । बुधनको घोडी बियाउने छ । हरियाले पनि सुन्यो यो कुरा । सम्झन खोज्यो उसले, अहँ करिस्मालाई लिएर बाल लगाउन त बुधन कहिल्यै पनि उसकोमा आएजस्तो लागेन । उसले स्वास्नीलाई पनि सोध्यो । "रे...झौँकुके माई, बुधन कहिले आकोथ्यो रे म नभइलिएको बेला ? उसको करिस्मालाई सलमानके सँग् मिसाउन ?"

"ना रे ...। नहीँ आको छ ..।" स्वास्नीले भनी ।

"त पक्कै पनि गडबड छ रे ...। रे झौँकुके माइ, तँ भौजाई, चाची, मुन्नी के अम्मा सबैको लेकर गोपीसरकोमा आइहाल । कचहरी गरिलिनु पर्छ । म बिरादरीमा कुरा गरेर ल्याइहाल्छु" हरियाले भन्यो र निस्कयो । उसकी स्वास्नी झौकुलाई च्यापेर छिमेकतिर लागी ।

टाँडीबाट सवारी लिएर मेघौली छिर्ने बित्तिकै सरदुले भेट्यो बाटोमा र भन्यो, "रे बुधन ? के गरिलिस रे तैँले ? हरियाले त गोपीसरकोमा कचहरी बोलाइलिएको छ रे तेरो लागि..। सबै बिरादरी बसिराखेको छ । तँलाई कुरिरहेको छ सबै । छिटै गै हाल । बचाइहाल रे आफूलाई । हरियाको रिस त मालुम छ नि तेरो...।"

सल्याक सुलक भयो बुधन । अखिर जे कुराको डर थियो त्यही भएर छोड्यो । यो त एक दिन हुने नै थियो । फेरि आफैलाई दह्रो बनायो । "मैले सलमानके सँग करिस्माको पठाइलिएको हैन त सलमान खुदै दौडेर आइलिएको हो करिस्माकेसँग् । मैले त चाचाको नभनिलिएको मात्र त हो । अनि बाल दिदिन्छु भन्ने ठानीलिएकै छु ।" आफैले आफ्नो दोष केलायो र आफैलाई सान्त्वना पनि दियो बुधनले ।

गोपीसरको आँगनभरि धेरै मान्छे देख्यो परैबाट । घर पुगेर टाँगबाट करिस्मालाई खोलेर तबेलामा बाँध्यो, आज धेरै दिन पछि उसले टाँगा चलाएको थियो । नत्र आजकल करिस्मालाई गाह्रो हुन्छ भनेर टाँगा चलाउँदैनथ्यो ।

बुधनलाई सत्य थाहा थियो । किन किचहरी बसेको भन्ने । ऊ कपाल कन्याउँदै निन्याउरो मुख पारेर आँगनमा आयो । गोपीसर उठेर बुधनलाई थपथपाउँदै भने, "के रे बुधन् हरिया के भन्छ ? तैँले तेरो करिस्मालाई उसको सलमानसँग उसलाई जानकारी नै नगरी बाल लगाइस अरे, के साँचो हो यो कुरा ?"

करिस्मा सलमानके सँग नै बाल गइलिएको छ सही हो, तर मैले हरिया चाचाके नभनी मिसाइलिएको भने होइन । सलमान त मेरो करिस्मा चरिलिएको ठाउँमा आफै दौडेर आएहाल्यो र करिस्मासँग मिसिहाल्यो । त मेरो कुनो गल्ती नही छैन गोपीसर यसमा ।


"हे हरिया ..? किन झुट बोलिस् तैँले ? तेरो सलमान आफैँ गाको अरे त करिस्मासँग चरनमा ?"

"आफै गइलिए त पनि बाल त मेरो सलमानकेसँग गएपछि बालको पैसा त तिरिलिनु पर्छ" बुधनले हरियाले भन्यो ।

"अब जे भए पनि आफैँ लागेको भए पनि बालको पैसा दे भन्छ त हरिया । फेरि तेरो करिस्मा पनि त गाभिन भाकै रैछ त .?" गोपीसरले भने बुधनलाई ।

पुलुक्क हेर्यो बुधनले हरियालाई ।

"हे रे बेइमान् । पैसा तिरिलिनु पर्छ भनेर तैँले भनिनस् रे मलाई ? तो अब खुरुक्क तिरिहाल...।" बुधनपटि हेरेर जंगियो हरिया ।




"मैले ठानिलिएको छु चाचा, तिमीलाई पैसा दिदिन्छु । तर करिस्माले बछेडा दियोस, बादमे दिइहाल्छु रे ।" डराएरै भन्यो बुधनले, हरियापटि हेरेर ।

"ना रे ...। न हुन्छ रे । पछि त । दिइहाल त अहिले दिइहाल । पछि के कुरा रे ..? सासके धनको कुनो भरोसा हुन्छ रे ..? दु चार दिन बाद हि तेरो घोडी मरिलियो भने ? बच्चा तुहाइलियो भने..? कसरी तिरिहाल्छस् रे ..?" हरियाकी स्वास्नीले बिरोध गरी ।

त्यसैमा हो मा हो मिलायो हरियाले पनि । "झौकुके माइको कुरा ठीक त छ नि ! यसैले बालको पैसा दिहाल त ऐले दिहाल । यसले त पाँच पाँच महिना मेरेको पता दिएन । ढाँटिलियो । मेरो धेरै रिस चढेको त्यैमा छ ।"

चसक्क भयो बुधनको छाती चाचीको कुरा सुनेर । बर्र आँसु नै खसाल्यो करिस्मालाई सम्झेर । आशापूर्ण नजर फ्याँक्यो गोपीसर तिर । गोपीसरले बुधनको आँखाको भाव पढेर पुन काँध थपथपाउँदै बिस्तारै भने, "के गर्छस त बुधन, तँ अब ? हरिया त छोड्दिन भन्छ ।

"अब चरनमा आफ्नो मनखुश सलमान करिस्मामे लाग्यो त मेरो कुन दोष ? मैले तिरिलिन्छु भनिलिएकै छु । चाचा दिहाल भनिलिन्छ । यसो मिलाइदे भनिलिनुस म पन्ध्र दिनमे तिरिलिन्छु ।" रूँला रूँला जस्तै गरेर बुधनले भन्यो ।

"हेर् हरिया, अब उसले जानाजान पठाएको हैन रहेछ । अब पशुलाई रोकेर रोक्न पनि त सकिन्न । तँ भएको भए के सलमानलाई नगर भन्थिस् ? आफै लागेको भए ता पनि बाल तिर्छु त भनेकै छ त बुधनले पनि । हेर । उसले तेरो घरमा ल्याएर बाल लगाको हैन त्यसैले अब अलिकति पैसा

घटाइदे । दुइहजार मात्र लिइदे ऊसँग । बिचरा ऊ पनि त तेरो छोरा जस्तै त हो नि ! पन्ध्र दिनको भाका मागेको छ उसले ।" गोपीसरले हरियातिर फर्केर भने ।

गोपीसरको कुरा काट्ने हिम्मत थिएन मेघौली भरि कसैको पनि । हरिया पनि चुप भयो किनकी सबैलाई थाहा छ गोपीसरको फैसला निष्पक्ष र न्याय संगत हुन्छ । त्यसैले दुवै चुप भए । "चाचा मलाई माफ गरिदिहाल । मैले बालको पैसा तिर्न नचाहेको हैन । पैसा नभएर नभनिलिएको तिमीलाई ।" बुधनले हरियालाइ हात जोर्यो ।

सरकारी र नीजी बाहेक भाडाका गाडी सौराहा प्रवेशमा निषेध थियो । भाडामा गाडि छिर्न दिए वर्षौं देखि टाँगा चलाएर जिविका गर्नेको रोजिरोटि बन्द हुन्थ्यो । त्यसैले पनि टाँगा चालक सँघले कुनै भाडाका गाडि छिर्न दिँदैनथे टाँडी बजारबाटै । टाँढी–बछौली–सौराहामा टाँगा गाडिको मात्र आनन्द लिन पाइन्थ्यो । पर्यटक(आन्तरिक तथा बिदेशी)बढीआउने भएकोले राम्रो आम्दानीको आशले टाँडी चितवनको यातायात व्यवसायी वा केही व्यक्तिहरूपटक पटक जबर्जस्ती गर्न खोज्छन् भाडाका गाडी कुदाउन । कसैले त निजी वा सरकारी नम्बर प्लेट टाँसेर पनि कुदाइहाल्छन् । यसका बिरूद्ध टाँगावालहरू पनि बेला बेलामा आन्दोलनमा उत्रिहाल्छन् । यस्ता कैयौं आन्दोलनमा बुधनले पनि नेतृत्व गरेको छ । आफ्नो करिस्मा सँगै ।

**नेताहरूले सिकाएका नेपाल बन्दको प्रभाव टाँगावालहरूमा पनि पर्छ बेलाबेला । उनीहरूले पनि बिरोध गर्ने माध्यम त्यही टाँगा बन्द त हो । यही टाँगा बन्दको नराम्रो र गहिरो घटना जोडिएको छ बुधनको जिन्दगीसँग पनि ।**

बुधन जन्मदाँ सौराहा बछौली टाँडी सडक बन्द थियो । सडक बन्द भएपछि टाँगा पनि बन्द । सुत्केरी व्यथा लागे पनि तत्काल अस्पताल लैजाने साधन नपाएकोले बच्चा जन्मेपछि बढी रक्तश्राव भएर बुधनकी आमाको मृत्यु भएको थियो । गोपी सरले मोटरसाइकलमा राखेर डाक्टर ल्याइपुर्‍याए पनि ढिलो भैसकेको थियो आइपुग्दा । सात महिना सकेर आठौं महिना नलाग्दै जन्मेको बुधनले आफ्नी आमालाई देख्दै देखेन । उसको बाबु को हो ? ऊ मात्र हैन गाउँघर, गोपीसर कसैले पनि चिनेकै छैन आजसम्म पनि । केवल उसकी आमा गोनुरीले बाहेक ।

आफ्नो तीनओटा छोराछोरीबाट उबारेर दिएको गोपीसरको मायाँले नै जीवन बुझ्न सक्यो बुधनले पनि । उसले पाएको आफन्तको तातो स्पर्श भनेको त्यही करिस्मालाई किनेर ल्याएपछि उसको मात्र हो । उसको आँत नभरिए पनि उसको त्यही एक मुठी मायाले जीवनको गोरेटो कोरिरहेको छ बुधनले ।

बूढो बाबुसँग बस्दै आएकी लठेब्री र बोल्न नसक्ने बुधनकी आमा गोनुरी त्यतिबेला पन्ध्र वर्षकी मात्र थिई । एकदिन बेलुका मुट्ठिभरि दुई तीन सय खुजुरा पैसा र रक्ताम्मे पिँडुला लिएर आई । गोपीसरकोमा कचहरी बस्यो । त्यस्तासँग जाइलाग्ने कुनचाहिँ नरपशु थियो, कसैले पनि देखे, सुने, चिनेको बताएनन् । गोनुरीले इशारामा बताएको हुलियाबाट धेरैलाई अड्कल गरेतापनि को हो यकिन साथ भन्न सकिएन । चार पाँच दिनसम्म थला परी गोनुरी । बल्ल बल्ल तंग्रीएकि गोनुरीले आठ महिना नलाग्दै बुधनलाई जन्म दिएकी थिई ।

सत्य के हो कसैलाई पनि थाहा नभए पनि सबै भन्थे, गोनुरी पनि बूढोकै छोरी हो । दुई तीन वर्षकी गोनुरीलाई कतै भेटेर छोरी बनाएर पालेको अरे । उसका अरू परिवार को छन् ? कहाँ छन् ? कसैलाई पनि थाहा छैन । छ सात वर्ष अघि एकदिन गोपीसरकोमा शरण लिन आइपुगेका थिए बाबु छोरी । आफ्नो बारेमा कसैलाई केहीपनि बताएको थिएन उसले । गोपी सरले नै चोक निरको ऐलानी जग्गामा एउटा झुप्रो हाल्ने व्यवस्था मिलाइदिएका थिए । गोनुरी आफूले सकेको काम सघाउँथी गोपीसरकोमा ।

बुधनलाई आमाबाबु सबै बनेर बूढोले नै सघायो । एक त उमेरै नपुगेकी आमाबाट जन्मेको सन्तान, त्यसमा पनि मैन्हा नपुगी जन्मेको, अर्को जन्मने बित्तिकै आमा मरेको, तेस्रो लोग्नेमान्छेले सह्यारेको बच्चा । बुधन कुपोषणको शिकार थियो । लुरे र मरन्च्याँसे । आँत छिनेको । ऊ तीन पुगेर चार लागेपछि बूढो पनि उसलाई एक्लै छोडेर गयो कहिल्यै पनि नफर्कने ठाउँमा ।

गोपीसरकै छत्र छायामा उसले छ कक्षा सम्म पढ्यो । छुट्टिमा र फुर्सदमा कहिलेकाहीँ हरिया चाचा र अरू हरूकै टाँगामा चढेर कहिले टाँडी र कहिले सौराहा गर्दा टाँगा चलाउन सिकिसकेको थियो । ऊ भागि भागि टाँगा हाँक्न जान्थ्यो । उसले कति गर्दा पनि पढ्नमा ध्यान लगाउन सकेन । पछि उसले टाँगा चलाउने रहर गरेकोमा एउटा बछेडी किनिदिए गोपीसरले नै । शिक्षाको महत्व बुझेका गोपीसरले पढाउने हर प्रयास गरे । तर बुधन धेरै जसो त बिरामी भएर नै पढ्न सकेन । पछि पछि पटक्कै मन पनि गरेन ।

सबै टाँगावालहरले आफ्नो घोडाको घोडीको नाम हिन्दी सिनेमाका हिरो हिरोइनहरूका नाम राख्थे । उसले पनि घोडीको नाम आफूलाई मनपर्ने हिरोइन करिस्माको नाम राखेको थियो । एकपटक राजा हिन्दुस्तानी फिल्म हेरेपछि उसलाई करिस्मा एकदम मनपरेकी थिई ।

राजा हिन्दुस्तानीमा पनि गरिब ट्याक्सी चलाउने ड्राइभर सँग धनी बाबुकी छोरी करिस्माको प्रेम भएको थियो । ऊ पनि मख्ख पर्थ्यो करिस्मालाई सम्झेर । करिस्मा जस्तै केटी आफ्नो टाँगामा बसाएर सवारी गराउने मीठो कल्पनामा मग्न हुन्थ्यो बुधन ।

००

महिना दिन सम्मको भाका राख्नु पर्ने रहेछ । यस्तै यस्तै सोच्दै आयो घरमा बुधन । आजकल करिस्मा पनि त्यति फुर्तिली छैन । भारी जिऊ । एकक्षण हिँड्दा पनि फ्याँ फ्याँ गरी हाल्छे । मान्छे पनि कम राख्नु पर्छ । छ जना राख्दा त तान्ने सक्दिन कुइरे भेट्यो भने त हुन्थ्यो । तर कुइरेहरू प्रायः सबै होटलको गाडिमा नै सौराहा आउने जाने गर्छन् । कुनै कुनै टाँगा चढ्ने रहरले मात्र त हो ।

हरियाले दिएको समयमा पाँच दिन त त्यत्तिकै बित्यो । दुई दिन करिस्मा नै बिरामी परी । बसीरही । कति गर्दा पनि उठ्दै उठिन । एक दिन उसले राम्रो सवारी भेट्यो । एक हजार रूपैयाँ पाएको थियो उसले । आज सम्म यस्तो चिठ्ठा त कहिल्यै परेको थिएन । उसलाई । तर यसैमा आफ्नो खाना, करिस्माको दाना, घाँस सबै किनेर बाँकी रह्यो पाँचसय । यस्तै सवारी दुइ खेप भेटि लिए त आसानले तिरिहाल्थैं रे.. पैसा । यहि सोचेर अबेर निदायो बुधन ।

अब सधैं करिस्मा टाँगा तान्न पनि त सक्दिन । र सकेसम्म जोत्नु पनि हुँदैन । आराम गर्न दिए पछि मात्र स्वस्थ्य बछेडा जन्माउँछे । बियाएको बेला पनि खुवाउनलाई दाना धान गुँड पनि किनेर राख्नुपर्छ । फेरी आफ्नो टाँगा पनि हुन्न । ल्याउन पनि । टाँडि बजारबाट नै किनेर ल्याउन त गाह्रो हुन्छ बा । सँधै बेलुकी यस्तै सोच्छ बुधन ।

अरू एकदिन ऊ आफै ज्वरो आएर

सुत्यो । टाँगा यसै बस्यो । दुइसय रूपियाँको त औषधि नै खायो । नत्र निमोनियाले निमोनियाले समाइहाल्छ उसलाई ।

तराई मधेश संघियताको विषयमा पुःन बिद्रोह चर्किएर नेपाल बन्द भयो । दुइ दिनसम्म चक्का जाम भयो । टाँगा पनि चक्का भित्र नै पर्यो । सधैं चहलपहल हुने सौराहा सुन्य भयो । सडकमा घोडाको टाप बजेको पनि सुनिएन ।

जम्मा पाँचदिन बाँकि थियो हरियालाई दिएको भाका । पहिला दिन बिराएर टाँगा चलाउँथ्यो । करिस्मालाई ध्यान दिएर । अब त जम्मा पाँच दिन । उसले दिन दिनै लग्यो टाँडी तिर । एक दिन तीनसय । दुइदिन दुइ दुइ सय । जम्मा सातसय । पहिलाको तीनसय गरेर जम्मा एक हजार । बाँकी एक हजार ।

तोकिएको म्यादको अघिल्लो दिन टाँडी हानियो टाँगा लिएर । सायद नारायणघाट बाट वा पुर्व बन्द नै रैछ । सवारी पटक्कै भेटेन । दिनभरि टाँडी चोकमा कुरेर बसिरह्यो । भोलि हरियाले आफूलाई गर्न सक्ने कुरा अनुमान लगाइरह्यो बेला बेला । सिरिंग हुन्थ्यो जिउ नै उसको ।

पाँचबजे बन्द खुलेपछि सवारी पाइने आशाले ऊ बारम्बार राजमार्ग हेरिरहन्थ्यो । अगाडिको चियापसलमा झुण्ड्याइएको घडीमा बेला बेला आँखा पुर्याउँथ्यो ।

बाह्र घण्टाको दिन पनि उसलाई पचहत्तर घण्टा जत्तिकै लामो लाग्यो ।

पाँच बजेपछि बन्द खुल्यो । नभन्दै एक्कासी सवारी साधन चल्न थाले । बाटोमा अड्किएका पर्यटकहरू बोकेका गाडीहरू धमाधम हुइँकिन थाले धूलो उडाउँदै ।

बुधनले कहिल्यै नसम्झने भगवान्लाई आज मनमनै पुकारा गरिरह्यो । सिरूवा मेलामा एक जोर परेवाको बच्चा र भन्टाको भार बनाएर चढाउँछु भनेर भाकल गर्यो ।

जति जति समय बित्थ्यो, बुधन पनि निराश बन्दै जान्थ्यो । ऊ भन्दा पनि थकित करिस्मा देखिन्थी । । दाना पनि राम्ररी खाएकी थिइन । बुधन मानसिक रूपमा र करिस्मा शारीरिक रूपमा । केही दिन देखि करिस्मालाई पनि बिसन्चो भएकोले ऊ भन्दा पनि थकित करिस्मा देखिन्थी । करिब सात बजेतिर पाँच जनाको एउटासमूह आयो र उसको टाँगा सोधे । सौराहा जाने कति हो ?

पुरै रिजर्भ हो कि सिंगल हो हजुर ? बुधनले सोध्यो ।

हामी पाँच जना छौं । कति हो ..?

दिनमे त आठसय हो हजुर । अब रात झर्न लागि हजार दिइलिनुस । हजार लिन सके मात्र उसको समस्या टर्ने थियो । राम्रो होटल सम्म पुर्याउने शर्तमा मन्जुर भए सबै ।

करिस्माको अवस्थाबाट परिचित बुधन विवश थियो सवारी बोक्न । करिष्मा गाभिन भएको चार महिना पछि त उसले चार जना भन्दा बढि सवारी पनि हालेकौ थिएन । पातला मान्छे र केटाकेटी भए मात्र पाँच जना ।

चल रे करिष्मा चल.. ।

यात्री चढेपछि सवारी चलाउन खोज्यो बुधनले । अहँ करिष्मा सुस्त देखिई । उसले बिस्तारै सुम्सुम्यायो । चल करिष्मा चल रे ..। तीन चार चोटि बिस्तारै फकायो । मनमनै माफ गरिदिहाल रे करिष्मा आज मलाई । भोलिदेखि मा कसम । म टाँगा नै चलाइलिन्न रे । तँ चंगा नहुन्जेल सम्म । कसैले नसुन्ने गरी भन्यो । हरिया चाचाको पैसा भोलि नै दिनु दिइदिहाल्नुपर्ने भएर मात्रै हो रे.. । आफ्नो पीडा पनि पोख्यो उसले करिष्मालाई । करिष्माले कति बुझि थाहा भएन ।

टाँगामा जोतिएको घोडाले के नै पो गर्न सक्थ्यो र । जति अशक्त भए पनि । घोडाको गति पनि माहुतेको हात र इशारामा हुने । खुट्टा कपाउँदै करिष्मा बिस्तारै हिँड्न थाली बुधनको इशारामा । ।

सुनसान सडकमा करिष्माको टापको टक टक, बेला बेला बुधनको चल करिष्मा चल....। बाहेक अरू आवाज सुनिदैनथ्यो । बन्दले गर्दा बाटो सुनसान थियो । लामो बाटो हिँडेर थाकेर हो कि टाँगाका यात्री पनि चुपचाप थिए ।

करिब पाँच मिनेट हिँडे पछि करिष्माको गति क्रमशः कम हुन्थ्यो । पुनः बुधन एकचोटि दुवालीले उसको डँडेल्नोमा बिस्तारै हान्थ्यो र भन्थ्यो चल करिष्मा चल...। तर फेरि केही पाइला चलेपछि पुनः सुस्त हुन्थी करिष्मा ।

के हो टाँगावाला, तिम्रो टाँगा हो कि यो गोरू गाडा हो ? एउटा यात्री झर्कियो ।

यस्तै हो भने त टाँगा चढेर हैन हिँडेर नै पो छिटो पुगिन्छ होला है ...? अर्कोले थप्यो ।

अलिक छिटो कुदाओ रे भैया..अघिकै फेरि बोल्यो. ।

यसपालि बुधनले अलिक साह्रै स्वाँट्ठ हान्यो दुवालीले करिष्माको डँडेल्नोमा । झस्केर अलिक तेजले दौडी करिष्मा । तर एकक्षण पछि उहि गति भो उसको ।

जसो तसो खोलाको पुल तरेर उकालो लागेपछि अलि अलि गर्दै स्थिर भइ करिष्मा । बुधनले धेरै चोटि फकायो । चल करिष्मा चल ..। फ्याँ फ्याँ गरिरहि करिष्मा ।

अघिकै यात्रु फेरि झर्कियो, के हो टाँगावाल..? पैसा मात्र लिने ? के हो यस्तो घोडा पनि....?

ना हजूर ...। अलिक बेरामी भएकोले..।

डराएको स्वर थियो बुधनको । कतै यात्रु ओर्लेर नहिँडिदिउन..भनेर ।

अनि यस्तो टाँगा तान्न नसक्ने घोडा किन राख्नु त ? ल अब हामी हिँडेर नै जान्छौं । ओर्लन खोज्यो अघिकै यात्रु ।

ना हजुर ना.... । एकैछिन सुस्ताइलिन दिहाल्नुस । अनि त हजुर हिँडिलिइहाल्छ नि ..।

पुःन दुवाली बर्सायो डँडेल्नोमा करिष्माको । अहँ करिष्मा हल्लिन । डेगै चलिन । उसले धेरै पटक भन्यो, चल करिष्मा चल.. । तर नसुने झैं नै भई करिष्मा । खुट्टा थरथरी काँपिरहेका थिए । कोखा भुक्लुक भुकलुक गरिरहेको थियो । नाकको पोरा फूलाउँदै हर्याक हर्याक गरिरहेकी थिई । जिउ पुरै तातो थियो । आँखाबाट बरबरी आँसु झरिरहेको थियो । करिष्माको अवस्था थाहा भए पनि बुधन विवश थियो । यात्रु उत्रेर हिँडेभने उसले कबोले जति पैसा पाउँदैनथ्यो । पैसा नभए भोलि हरियाले उसको हुर्मत लिनेमात्र हैन ढुकढुकी नै छाम्छ ।

यो सम्झँदा उसलाई चिसो भयो । अनि अलिक जोडले फेरि दुवाली बर्सायो । अहँ करिष्मा अटेरी नै भइरही । सिरिंग आगं जर्काउँदै ऊ उभिइरही । नाक र मुखबाट र्याल काडिरही ।

चल रे करिष्मा चल... । अलि कड्केर बोल्यो र अझै साह्रो दुवाली मार्यो । गाभिन भएको करिष्मा माथि निर्दयी भयो बुधन दुवाली बर्सायो । लाचार भएर आड. थापिरही करिष्माले पनि । तर पाइला चाल्नै सकिन । बल गरेर अगाडि बढ्न खोज्दा पनि तानिँदै तानिएन टाँगाको भार करिष्माको शरीरले । डँडेल्ना भरि सुम्ला भए ।

बुधन टाँगबाट तल ओर्लियो । एकक्षणको लागि मोटा खालका दुइ जना यात्रुलाई पनि अनुरोध गरेर तल ओराल्यो र बिस्तारै करिस्माको याल खेलाउँदै फकाउँदै भन्यो चल रे करिस्मा चल ..। टाँगा अलिक हलुका भएपछि करिष्मा बिस्तारै हिँड्यो । उकालो कटेपछि बुधनले पछाडिको उनार मिलायो । अगाडि पातला खालका र पछाडि मोटा यात्रुहरू मिलाएर राख्यो ।

यात्रुहरू एक मुख लगाएर घुर्काउन थाले यस्तो टाँगामा पनि नचढ्ने र पैसा पनि नदिने । यात्रुको रिस उसले करिस्मामाथि पोख्यो । कसेर तीन स्वाँठ दुवाली हिर्काएपछि लाचार करिस्मा फ्याँ फ्याँ गर्दै हिँड्न थाली । परिवन्दले निर्दयी बन्यो बुधन । आवस्यकताका अघि उसको मानवता हरायो । पशुनै भए पनि संसारमा आफ्नो भन्ने त्यही करिष्मा माथि उसले पहिलोचोटि कठोर हुनुपर्यो ।

घिस्रेर सौराहा पुर्याई करिष्माले टाँगा । बेजुवान पशुको दर्द र पीडा कस्ले पो बुझ्ने ? एकातिर बुधन उसले भनेजति वा चाहिएजति पैसा पाएकोमा खुसि थियो भने अर्कातिर जान्दा जान्दै पनि परिस्थितिबस करिस्मा माथि कठोर भएकोमा आत्मग्लानी र पश्चाताप लागिरहेको थियो । मन हुँडलीरहेको थियो । उसको ।

टाँगाबाट खोलेर तबेलामा पुर्याउने बित्तिकै करिस्मा भ्यात्त परेर बसी । पुरै जीउ छोडेर र टाउको र खुट्टो पनि तन्काई । आँखाबाट बर्बर आँसु झरिरहेको थियो । जिऊ पनि आरानमा हालेजस्तो तातो थियो । मुखबाट हर्याक हर्याक भइरहेको थियो । र्याल झरिरहेको थियो ।

त्यति दयनीय अवस्थामा आफ्नी करिष्मालाई देख्दा बुधनको पनि धैर्यको बाँध टुट्यो । ऊ करिस्माको टाउकोलाई अँगालो हालेर सिरानी बनाएर धुरूधुरू रोयो । बेजुवान नै पीडा साट्यो । मलाई माफ गरिदिहाल रे करिष्मा..। बरू हरिया चाचाको कुटाइ खाइलिएकै भए हुन्थ्यो । पैसाको लोभ बेक्कारमा गरिलिएँ मैले..।

निकैबेर रोएपछि उसको मन अलिक हलुका भयो उसको । उसले करिष्माको आँखा, मुख पुछिदियो । पानी ल्याएर खान दियो । अहँ, उसले कुनै प्रतिक्रिया देखाइन । बेला बेला आँखा झिम्काउनुबाहेक..।

उसले पिठोको तातो खोले पकाएर ल्याएर दियो तर करिष्माले हेर्दा पनि हेरिन । तेल तताएर कानको जरी, नलिखुट्टा, टाउकोमा लगाइदियो । दुवालीले बर्साएको सुम्लोमा पनि तातो तेल लगाएर मालिस गरिदियो । सायद दुखेर होला, यसो गर्दा चाहिँ करिष्माले जिउ मर्काइ ।

उसले सधैँ झैँ बिस्तारै करिष्माको भुँडीमा हात लगेर सुम्सुम्यायो । यसो गर्दा करिष्मा नाकका पोरा दरालिदिन्थी बुधनलाई तर आज केही गरिन करिष्माले ।

बुधनलाई घरभित्र पसेर सुत्न मन लागेन । त्यहि करिष्मा छेउमा बोरा ओच्छ्याएर पल्ट्यो । गर्मी, भोक र थकाइ र करिष्माको पीरले निन्द्रा लागेन । करिष्मालाई सुम्सुम्याएर माफि मागिरह्यो, आफ्नो बुद्धि बिग्रिएकोमा पश्चाताप गरिरह्यो । रातको तेस्रो प्रहरतिर मात्र उसको आँखा लागेछ चराहरूको चिर्बिराहटले उसको निन्द्रा खुल्यो ।

बेला बेलामा करिष्मा छटपटिरहेको देख्यो उसले र एकाएक तर्सियो । करिष्माको पुच्छर रगतको आहालमा डुबेको रहेछ । के भएको हो उसले खुट्याउनै सकेन । अनिष्टको शङ्काले हत्त न पत्त थानदेउतालाई सम्झेर एकजोर परेवा र एक भार बैगनको भाकल गर्यो । भगवान् करिष्माको केही नभइलियोस् ..।

बुधन करिष्माको टाउको काखमा राखेर मुसारेर बसिरह्यो । करिष्माका जस्तै उसका आँखा पनि बर्सिरहेका थिए ।

बेला बेला करिस्मा छट्पटाएर खुट्टा फ्याँक्थी । त्यो देख्दा करिष्मालाई सहनै नसक्ने पीडा भएको छ भन्ने बुझ्यो बुधनले तर के पो गर्न सकथ्यो र ऊ..? आफूलाई सराप्नुबाहेक..।

आधा घण्टा जति त्यसैगरी छट्पटाएपछि एकचोटि झण्डै डल्लो पर्ने गरी छट्पटाइ करिष्मा । मुखबाट एकखालको आवाज पनि निकाली । यहि आवाज सँगै उसको बच्चा निस्कियो । रगतको खोलो बग्यो सँगै । हत्त न पत्त बुधनले हेर्यो, भर्खर स्वस्थ मात्र राम्ररी बनिसकेको कलिलो कालो कालो बच्चा जन्माएकी थिई करिष्माले तर त्यसमा प्राण थिएन ।

त्यसैबेला हरिया पाँच, छ जनाको जमात लिएर बुधन भएतिर आउँदै गरेको देख्यो बुधनले । बुधनले एकचोटि हिजो बेलुका पाएको पैसा छाम्यो गोजीमा राखेको अनि हेर्यो घरि हरिया र घरि करिष्माको निर्जीव बछेडातिर ..।००

वार्षिक ब्याजदर
१२%
मुद्दती खाता
छोटो अवधि अधिकतम प्रतिफल
१२ % (वार्षिक ब्याजदर)
१२० दिन (अवधि)
१ लाख (न्यूनतम मौज्दात)
नेपाल सरकारको समेत लगानी भएको
सिद्धार्थ
डेभलपमेण्ट बैंक लिमिटेड
केन्द्रिय कार्यालय:
तीनकुने, काठमाण्डौं, नेपाल, पो.ब.नं. २१०९९
फोन नं. ०१-५१९९२३२, फ्याक्स नं. ०१-५१९९४७०
ई-मेल : info@sdblnepal.com

 - सीता सुवेदी पन्थी



# सानेको सपना

एउटा सानो छाप्रो थियो । छाप्रोमा आमाछोरा बस्थे । आमाको नाम सुन्तली थियो । छोरो दुब्लो, पातलो र होचो थियो । उसलाई सबैले साने भनी बोलाउँथे । छाप्रोभित्र पस्ने फल्याकको ढोका थियो । साने ढोका घ्याक्क उघारेर भित्र पस्यो । सुन्तली अगेनाको डिलमा बसेर ढिडो पकाउँदै थिइन् । साने साहुका गाईबाख्रा चराएर फर्केको थियो । साहुनी आमैले उसलाई भुटेका मकै र भटमासको खाजा दिएकी थिइन् ।



खल्तीबाट खाजा टपरीमा खन्याउँदै उसले भन्यो- "आमा साहुबाका नाति आज सहरबाट आए । कति राम्रा लुगा, कति राम्रा जुत्ता ! झोला पनि कति राम्रो ! मलाई दुइटा चक्लेट पनि दिए । बाबै ! कति मिठा चक्लेट । उनले त किताब पनि ल्याएका रहेछन्, चित्रैचित्र भएका । मलाई पनि हेरुँ हेरुँ लाग्यो । म उनको नजिकै गएँ । त्यसैबेला साहुनी आमै टुप्लुक्क आइपुग्नुभयो । उहाँले नातिलाई पाखुरामा समातेर भित्र लगिहाल्नुभयो । आमा मलाई पनि पढ्ने मन छ । मलाई पनि त्यस्तै किताब ल्याइदिने मान्छे भए कस्तो हुन्थ्यो !" सानेका कुराले उनी अक्क न बक्क परिन् । उनको मन चसक्क भयो । छोराको चाहना बुझेर पनि उनी केही बोलिनन् । उनको मन भने भित्रभित्रै दुखिरह्यो ।

उनले सम्झाउँदै भनिन्– "बाबु ! तिम्रा बाको पनि तिमीलाई पढाउने ठुलो इच्छा छ । उहाँ हाम्रै सुखका लागि पैसा कमाउन जानुभएको छ । एक दिन उहाँ धेरै पैसा लिएर फर्कनु हुनेछ । त्यसपछि तिमी पनि साहुको नातिजस्तै राम्रो स्कुलमा पढौला । जागिर गरौला । हाम्रा पनि दिन सुध्रेलान् । अहिले चित्त नदुखाऊ ।"

आमा छोराका कुराकानी चल्दै थिए । ढिडो पनि पाकिसकेको थियो । टपरी तानेर उनले सानेलाई ढिडो पस्किइन् । टपरीको एक छेउमा गुन्द्रुकको झोल खन्याइदिइन् । टपरी तरतरी चुहिन थाल्यो । सानेले ढिडो चोप्दै खाँदै गर्न थाल्यो । उसले तात्तातो ढिडो कपाकप पा¥यो । सुन्तली एकतमासले सानेलाई हेरिरहिन् । उनले मनमनै सोचिन्, मैले देखाएको सपना पूरा हुने हो वा होइन । उनको मन पिरोलिइरह्यो । "आमा ! एक पन्यु ढिडो थपिदिनुस् न !" सानेको स्वरले सुन्तली झस्किन् । उनले ढिडो थपिदिइन् । सानेले उसै गरी ढिडो खायो ।

यतिकैमा सुन्तलीको मुखबाट सुइय सुस्केरा निस्कियो । उनले ढिडोको कसौँडी अलि पर सारिन् । सानेले अचम्म मान्दै सोध्यो- "आमा तपाईंले ढिडो नखाने ?" आमाले पिर मानेको कुरा पनि उसले बुझ्यो । उसले आमालाई सम्झाउँदै भन्यो- "पिर नमान्नुस् आमा । म पनि ठूलो भएपछि साहुको छोरा जस्तै जागिर खान्छु । धेरै पैसा कमाउँछु । 'तपाईं र बा'लाई सुखसँग पाल्छु ।"

सानेका कुरा सुनेर सुन्तलीको मुटु भरियो । भित्रैदेखि भक्कानो फुटेर आयो । आफूलाई सम्हाल्दै उनले सानेलाई अँगालो हाल्न पुगिन् । दुवैजना अँगेनाको डिलनेर गुन्द्रीमा फुङ्लुङ्ग पल्टिए । कतिबेला निदाए, पत्तै भएन ।

बिहानै मानिसहरूको गल्याङ्मल्याङ् सुनियो । सुन्तली हतारिँदै उठिन् । छिमेकीको घरमा मानिसहरूको भेला थियो । उनी पनि त्यतै लागिन् । त्यहाँ आधुनिक खेती तथा पशुपालनका विषयमा छलफल चल्दै रहेछ । किसानहरूले आफ्ना समस्याहरू र आफूले गर्न चाहेको कामबारे बताउँदै गए । सुन्तलीले पनि बाख्रापालन गर्ने इच्छा प्रकट गरिन् । उनको जग्गा-जमिन भने धेरै थिएन ।

सुन्तलीलाई पाँचवटा बाख्राका पाठी सहयोगस्वरूप प्रदान गरियो । खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ उनी पनि बाख्रापालनतर्फ लागिन् । साने साहुका गाईबाख्रा चराउन जान छाड्यो । उसले साँझबिहान आमालाई सघाउन थाल्यो । दिउसो विद्यालय जान थाल्यो । उसको मिहिनेत देखेर विद्यालयमा सबैजना छक्क परे । कक्षामा ऊ सधैँ प्रथम हुन थाल्यो ।

सुन्तलीले पनि बाख्रापालनबाट राम्रो आम्दानी गर्न थालिन् । घरको अवस्था पनि निकै परिवर्तन हुँदै गयो । सानेका बुबा पनि घर आइपुगे । उनीहरूले चारकोठे पक्की घर बनाए । बाख्रापालन व्यवसायलाई पनि अगाडि बढाउँदै लगे । आफ्नो पढाइ पूरा गरेपछि सानेले गाउँकै विद्यालयमा पढाउन थाल्यो । अहिले उनीहरूको सानो परिवार सुखको संसार बनेको छ । ००



# ऐतरेयोपनिषत् - २२

ॐ वाङ्मे मनसीति शान्तः शान्तिः

**प्रथमः खण्डः**

*हरिः ओम् ! आत्मा वा इदमेकं एवाग्र आसीनान्यत् किञ्चनमिषत् स ईक्षत लोकान्नु सृजा इति ।१। स इमाँल्लोकानसृजत । अम्भो मरीचिर्मरमापोदोऽम्भः परेण दिवं द्यौः प्रतिष्ठाऽन्तरिक्षं मरीचयः । पृथिवी मरो या अधस्तात्ता आपः ।२। स ईक्षतेमे नु लोका लोकपालान्नु सृजा इति । सोऽन्य एव पुरुषं समुध्दृत्यामूर्च्छयत् ।३।*

यो नामरूपात्मक जगत् उत्पत्तिभन्दा पहिले अद्वैतरूप आत्मामात्र थियो, र अरू कुनै प्रकारको कामकाजको थिएन, निष्क्रयरूपको थियो । उनले विचार गरे -'के म यी जनतालाई लोकहरू उत्पन्न गराऊँ ?' । अनि उनले अम्भ, मरीचि, मर र आप लोकहरू रचे । ती लोकहरू जल धारण गर्ने हुन् । त्यसमा अम्भ नाउँले प्रसिद्ध चाहिँ स्वर्गलोकभन्दा पर रहने र महर आदि द्युलोक छ । स्वर्गभन्दा तलतिर अन्तरिक्ष भनिने आकाश छ, त्यो सूर्यकिरणहरूसितको सम्बन्धले गर्दा मरीचि नाउँ पाउने भएको लोक छ । जसमा प्राणीहरू मर्ने हुनाले मर नाउँ पाउने भएको यही पृथ्वीलोक हो । पृथ्वीभन्दा तलका लोकहरू चाहिँ जलप्रायः भएकाले आपः नामले बोलिने छन् । उनले विचार गरे : 'यी लोक त मैले रचिहालेँ, तर कोही रक्षक नभएकाले सब सखाप भइहाल्लान् । यसर्थ यी सबको रक्षार्थ लोकपालहरू त हुनै पर्छ ।' अनि उनले जल आदि पञ्चभूतहरूबाट पुरुषाकार हात खुट्टा टाउको भएका विराट् पुरुषलाई लिई आफ्नो चेतनसत्तासमेत भरेर रचिदिए अर्थात् चेतनपुरुषाकार लोकपाल उत्पन्न गराइयो ।१-३।

*तमभ्यतपत्तस्याभितप्तस्य मुखं निरभिद्यत यथाण्डम् । मुखाद्वाग्वाचो अग्निर्नासिके निरभिद्येताम् नासिकाभ्यां प्राणः प्राणाद्वायु रक्षिणी निरभिद्येताम्, अक्षिभ्यां चक्षुश्चक्षुष आदत्यः कर्णौं निरभिद्येताम् । कर्णाभ्यां श्रोत्रम् । श्रोत्राद्दिशस्त्वङ् निरभिद्यत त्वचो लोमानि लोभभ्य ओषधिवनस्पतयो हृदयं निरभिद्यत हृदयान्मनो मनसश्चन्द्रमा नाभिर्निरभिद्यत नाभ्यां अपानोऽपानान्मृत्युः शिश्नं निरभिद्यत शिश्नाद्रेतो रेतस आपः ।४।*

उनले त्यस पुरुषको विषयमा विचार गरे । ईश्वरले विचार गर्नाले चराको अण्डा फुटेर (बाइएर) देखिएको मुखबाट वाणी प्रकट भो । वाणीबाट अग्निरूपी लोकपाल निल्क्यो अनि नाकका दुवै पोरा निक्ले, नाकबाट प्राण, प्राणबाट वायु निक्ल्यो अनि जोर अक्षिगोलक निक्ले, अनि जोर गोलकबाट चक्षु र चक्षुबाट आदित्य निक्ल्यो । दुई कानका प्वाल देखिए, ती छिद्रबाट श्रोत्रेन्द्रिय र त्यसबाट दिशाहरू निक्ले । हृदय निक्लेर त्यसबाट मन र मनबाट चन्द्रमा, नाभि निस्के । नाभिबाट अपानवायु र त्यसबाट मृत्यु निस्क्यो, जननेन्द्रिय निस्क्यो र त्यसबाट वीर्य र वीर्यबाट प्रजापतिरूप देवता (अप-रस) भए ।४।

**

**द्वितीयः खण्डः**

*ता एता देवताः सृष्टा अस्मिन्महर्त्यणवेप्रापतंस्तमशनापिपासाभ्यामन्वार्जत् ता एनमबन्नायतनं नः प्रजानीहि यस्मिन्प्रतिष्ठिता अन्नमदामेति ।१। ताभ्यो गामानयत्ता अब्रुवन्न वै नोऽयमलमिति । ताभ्योऽश्वमानयता अब्रुवन्न वै नोऽयमलमिति ।२। ताभ्यः पुरुषमानयत्ता अब्रुवन सुकृतं वतेति पुरुषो वाव सुकृतम् । ता अब्रवीद्यथा ऽऽयतनं प्रविशतेति ।३।*

ईश्वरले लोकपाल बनाएर सिर्जेका ती अग्नि आदि देवता यही महत्तर वृहत्तर भवसागरमा पसे । स्रष्टा परमात्माले त्यो पहिल्यै उत्पन्न गरिएको विराट् पिण्डमय पुरुषरूप आत्मालाई भोक र तिर्खाले भरिदिए । ती देवताहरूले स्रष्टासँग भनेः 'हामीहरूलाई अन्नको भोजन प्राप्त गर्न सकिने योग्य ठाउँ दिनोस् । देवताहरूले त्यसरी भनेपछि स्रष्टाले उनीहरूका अगाडि एउटा गाई जस्तै ढङ्गको पिण्ड ल्याएर राखिदिए । त्यो देखेर देवताहरूले भने - 'हाम्रा निम्ति यो उपयुक्त भएन ।' अनि स्रष्टाले तिनका अगाडि घोडा जस्तै ढङ्गको पिण्ड ल्याएर उभ्याइदिए । त्यो पनि देखेपछि देवताहरूले भने - 'यसबाट पनि हामीलाई पर्याप्त हुन सक्तैन' । अनि स्रष्टाले तिनका अगाडि एउटा मानिस जस्तै पिण्ड उभ्याइदिए । त्यो देखेर देवताहरूले भनिहाले - 'हो !.... यो परम सुन्दर छ ! त्यसै कारण पुरुष नै पुण्य कर्महरूको कारण हुनाले सुकृत हो । अथवा परमेश्वरले पुरुषलाई स्वतः आफ्नै स्वरूपले आफ्नै मायाद्वारा रचेका हुन् । यसर्थ त्यो (पुरुष) सुकृत हो । यसपछि त ती ईश्वर आफ्नै योनिरूप शरीरउपर प्रेम गर्नेछन् । यसैले यही मनुष्याकार शरीर नै देवताहरूलाई प्रिय बनेको हो' यस्तै सोचेर (बुझेर) स्रष्टाले ती देवताहरूसित भने - तिमीहरू ठीक ठाउँमा (जसलाई जुन वचन क्रिया आदि योग्य स्थान हो, त्यसैमा) पसि (बसि) हाल !' ।१-३।

*अग्निर्वाग्भूत्वा मुखं प्राऽविशद्वायुः प्राणो भूत्वा नासिके प्राविशदादित्य-श्चक्षुर्भूत्वाक्षिणी प्राविशद्दिशः श्रोत्रं भूत्वा कर्णौ प्राविशन्नोषधिवनस्पतयो लोमानि भूत्वा त्वचं प्रविशंश्चन्द्रमा मनो भूत्वा हृदयं प्राविशन्मृत्युरपानो भूत्वा नाभिं प्राविशदापो रेतो भूत्वा शिश्नं प्राविशन् ।४। तमशनापिपासे अब्रूतामावाभ्यामभिप्रजानीहीति । ते अब्रवीदेतास्वेव वां देवतास्वाभजाम्येतासु भागिन्यौ करोमीति । तस्माद्यस्यै कस्यै च देवतायै हविर्गृह्यते भागिन्यावेवास्यामशनापिपासे भवतः ।५।*

त्यति सुन्नासाथ अग्नि वाणीको रूप लिएर मुखभित्र पसिहाले । वायु प्राणको रूपमा दुवै प्राणभित्र घुसिहाले । अदित्य चक्षु (दृष्टिशक्ति) रूपले आँखामा पसिहाले । दिशाहरू श्रवणेन्द्रिय (सुन्नेतत्त्व) बनेर दुवै कानमा घुसे । औषधी र वनस्पतिहरू रौं बनेर छालामा बस्नपुगे । चन्द्रमाले मन बनेर हृदयभित्र पसेपछि मृत्यु (अपान) गुदा भई नाभिमा बसे । अनि जल (रेत) जननेन्द्रिय अथवा वीर्यरूप बनेर शिश्नभित्र पसिहाले । अनि भोक-तिर्खा दुवैले ती परमात्मासित भने -'हामीलाई पनि कुनै स्थान सिर्जिदिनुहवस्न भगवन्' अनि परमात्माले भने - 'तिमी दुईलाई यी सबै देवताहरूसँग व्यवस्था गर्छु । यिनीहरू सँगसँगै सधैं भाग पाउने गरिदिने भएँ लौ ! जुन नै, देवतालाई दिइने हविष्यान्नमा भोक र तिर्खा सँगै हुनेछौ !' । ४-५।

**

**तृतीयः खण्डः**

*स ईक्षते मे नु लोकाश्च लोकपालाश्चान्नमेभ्यः सृजा इति ।१। सोऽपोभ्यपतत् ताभ्येऽभितप्ताभ्यो मूर्तिरजायत । या वै सा मूर्तिरजायताऽभं वै तत् ।२। तदेनत्सृष्टं परान्त्यजिघांसत् तद्वाचाऽजिघृक्षत्तन्नाशक्नोद्वाचा ग्रहीतुम् । स यद्धैनद्वाचाऽग्रहैष्यदभिव्याहृत्य हवान्नमत्रप्स्यत् ।३। तत्प्राणंनाजिघृक्षत् तन्नाशक्नोत्प्राणेन ग्रहीतुम् । स यद्धैनत्प्राणेनाग्रहैष्यादभिप्राण्य हैवान्नमत्रप्स्यत् ।४। तश्चक्षुषाऽजिघ्रिक्षत् तन्नाशक्नोच्चक्षुषा ग्रहीतुम् । स तध्दैनच्चक्षुषाऽ ग्रहैष्यद्दृष्टा हैवान्नमत्रप्स्यत् ।५।*

त्यसपछि उनले सोचेः यी सब लोकलाई पनि लोकपालहरूलाई पनि मैले बनाइ त दिएँ । अब म यी सबका निम्ति अन्नको व्यवस्था गरूँ । यस्तै सोचेर ती परमेश्वरले सङ्कल्प गरेः जल आदि पञ्च भूतहरूबाट अन्न उब्जोस् !' ईश्वरले यसरी सोच्नासाथ पञ्चभूतहरूबाट कठिनरूपको र शरीर धान्न सक्ने चर र अचर मूर्ति उत्पन्न भए । जस्तै : मूसा-बिरालालाई चर र मनुष्यलाई धान्यादि अन्न अचर । सृष्टिको सर्वप्रसिद्ध उत्पन्न भूमिमा अन्न हो । अन्न त सृष्टि भो, भैगो ! अनि लोकपालहरूका समक्ष छाडिएको अन्न उल्टोतिर लागेर यसरी लुक्न चाहन थाल्यो कि त बिरालाका अगाडि छाडिएको मूसो जस्तै भाग्न खोज्छ ।

त्यसपछि पहिलो छिमलमा उत्पन्न भएका लोक र लोकपालहरूको फौज मिसाएर कार्य-कारणरूप विराट्पुरुषले त्यो अन्न वाणीद्वारा ग्रहण गर्न खोज्यो, किन्तु उसलाई वाणीद्वारा ग्रहण गर्न सकेन। यदि उसले वाणीले ग्रहण गर्न सकेको भए साह्रा लोक वाणीले 'अन्न' शब्द बोल्दैमा अघाइहाल्नसक्थे, तृप्त हुन्थे। त्यसपछि उसले सुँघेरै भए पनि ग्रहण गर्न खोज्यो, तर सुँघेर ग्रहण गर्न सकेन। सुँघेर ग्रहण गर्न सकेको उसले भए सबै लोक सुँघेर नै अघाउन थाल्ने थिए, अनि आँखाले ग्रहण गर्न खोज्दा पनि सकेन। यदि त्यो सकेको भए सबै संसारभरका प्राणी देख्दै अघाउन सक्ने हुन्थे ।४-५।

*तच्छोत्रेणाजिघृक्षत् तन्नाशक्नोच्छोत्रेणग्रहीतुम् । स यध्दैनच्छोत्रेणाग्रहैष्यच्छ्रुता हैवान्नमत्रप्स्यत् । तत्त्वचाऽजिघृक्षत् तन्नाशक्नोत्वचा ग्रहीतुम् ।६। स यध्दैनत्त्वचाऽग्रहैष्यन्स्पृष्ध्वा हैवान्नमत्रप्स्यत् ।७। तन्मनसाऽजिघ्रिक्षत् तन्नाशवनोन्मनसा ग्रहीतुम् । स यद्धैनन्मनसा ग्रहैष्यद्ध्यात्वा हैवान्नमत्रप्स्यत् ।८। तच्छिश्नेनाजिघृक्षत्तन्नाशक्नोच्छिश्नेन ग्रहीतुम् । यध्दैनच्छिश्नेनाग्रहैष्यद्विसृज्य हैवान्नमत्रप्स्यत् ।९। तदपानेनजिघृक्षत् तदावयत् । सैषोऽन्नस्य ग्रहो यद्वायुरन्नमायु र्वा एष यद्वायुः ! ।१०। स ईक्षत कथं न्विदं मद्दते स्यादिति ईक्षत कतेरण प्रवधा इति स ईक्षत यदि वाचाऽभिव्याहृतं यदि प्राणेनाभिप्राणितं यदि चक्षुषा दृष्टं यदि श्रोत्रेण श्रुतं यदि त्वचास्पृष्टं यदि मनसा ध्यातं यद्यपानेनाभ्यपानितं यदि शिश्नेन विसृष्टमथ कोऽहमिति ।११।*

त्यसपछि उसले कानले अन्न ग्रहण गर्न खोज्यो। किन्तु कानले अन्न ग्रहण गर्न सकेन। यदि अन्न कानले ग्रहण गर्न सकेको भए समस्त लोक कानैले अन्न ग्रहण गरेर (सुनेरै) तृप्त हुने गर्थे। त्यसपछि उसले छालाद्वारा अन्न ग्रहण गर्न खोज्यो, तर छालाले अन्न ग्रहण गर्न सकेन। यदि त्यसो गर्न सकेको हुँदो हो त सारा लोक अन्न छोएरै मात्र अघाउने गर्थे अनि उसले मनले अन्न ग्रहण गर्न खोज्यो, तर सकेन। यदि त्यसो गर्न सकेको भए त समस्त लोक अन्नको ध्यान वा सम्झना गर्नासाथ अघाउने हुन्थे। अनि अन्नलाई जननेन्द्रियले ग्रहण गर्न खोज्यो, तर सकेन त्यसो गर्न सकेको भए समस्त लोक अन्नलाई उत्सर्जन गरेर नै तृप्ति अनुभव गर्ने बन्दथे।

त्यस अन्नलाई अपानवायुद्वारा अर्थात् तलतिर मन्तिरबाट पस्ने निस्कने वायुद्वारा ग्रहण गर्न त्यस पुरुषले खोज्यो र ग्रहण पनि गऱ्यो। त्यसै कारण सधैं अपानवायु मात्र अन्नग्रहण गर्छ। र त्यो वायु अन्नभोजन गरेरै जीवन थाम्दछ, थामिरहेछ म को हुँ भन्दैछ ।७-११।

*स एतमेव सीमानं विदार्यैतया द्वारा प्रापद्यत । सैषा विदृतिर्नाम द्वास्तदेतन्नान्दनम् । तस्यत्रय आवसथास्त्रयःस्वप्ना अयमावसथोऽयमावसथोऽयमावसथ इति ।१२। स जातो भूतान्यभिव्यैक्षत् किमिहान्यं वावदिषदिति । स एतमेव पुरुषं ब्रह्म ततममपश्यदिदमदर्शमिति ३।१३। तस्मादिदन्द्रो नामेदन्द्रो ह वै नाम तमिदंन्द्रं सन्तमिन्द्र इत्याचक्षते परोक्षेण। परोक्षप्रिया इव हि देवाः परोक्षप्रिया इव ही देवाः ।१४। इति तृतीयः खण्डः ।*

यस्तै सोचेर उसले विकपालस्थान अर्थात् केशविभागस्थल (खप्पर) फग्ल्याँटो पारेर त्यसैबाट प्रवेश गऱ्यो। त्यो विदृति नाउँको ब्रह्मरन्ध्ररूप द्वार परम आनन्ददायी छ। त्यस आत्माको प्रकाशस्थान सहीमा यही हो। त्यसका तीन थरी स्वप्न छन्, तर परमार्थ ज्ञान भएपछि अज्ञानीको जागृतावस्था पनि स्वप्नै बराबरको हुन्छ। यसर्थ तीनै अवस्थालाई स्वप्न भनिएको छ यहाँ। उपरिकथित प्रकाशस्थानलाई तीन थरीका सङ्केतले बुझाइन्छ। त्यो वासस्थान जागृत् स्थितिमा दायाँ आँखा हो। त्यो वासस्थान स्वप्नावस्थामा घाँटी अथवा मन हो। र त्यही वासस्थान सुषुप्तिवेलामा हृदय हो।

त्यस अन्तःकरणस्थलीय चैतन्यात्माले देहमा पसेपछि सम्पूर्ण भूत (प्राणी) लाई 'म मनुष्य हुँ, म काया हुँ, म सुखी हुँ, म दुःखी हुँ, ' भन्ने यस्तो तादात्म्यभावले स्पष्ट बुझ्यो र भन्यो: 'यस देहमा आफूभन्दा फरक अर्को आत्मालाई न बोलियो न त बुझियो। यसैले त्यसले त्यस पुरुषलाई अर्थात् आफैलाई आकाश जस्तै व्यापक परिपूर्ण विश्वरूप देख्यौ र भन्न थाल्यो: 'मैले स्वरूपको दर्शन गरेको छु'। (अर्थात् 'इदम-अदर्शम्' यसैलाई देखें (त्यसलाई) हैन - यस यस वाक्यको वाच्यार्थ 'साक्षात् वा अपरोक्ष सर्वान्तर्यामी ब्रह्म' हुन्छ। 'त्यस्तो यसलाई मैले नै देखें वा देखेको छु' हुन्छ)

यसै कारण परमात्माको नाम नै इन्दन्द्र (य -इदम, द्र -पश्यर्ति) यस शरीरलाई प्रत्यक्षरूपले देख्ने पुरुष इदन्द्र क्षेत्रज्ञ हो। त्यही 'इदन्द्र' नामी परमात्मालाई ज्ञानवान् (ब्रह्मज्ञानी) जन अत्यन्त पूज्य मान्ने हुनाले उसका प्रत्यक्ष नाउँ काट्नु असुख ठानेर शोभन व्यवहारका निम्ति परोक्ष नाउँ 'इन्द्र' भन्ने गरे। किन त भने 'परोक्षप्रिया हि देवाः' अर्थात् देवताहरू प्रत्यक्ष केही पनि चाहन्नन्, परोक्ष नै मन पराउँछन् भन्ने मन्त्रै छ ।१२-१४। ऐतरेयारण्यकको द्वितीयारायकको चारौं अध्याय। उपनिषत्को पहिलो अध्याय।

**

**चतुर्थः खण्डः**

*पुरुषे ह वा अयमादितो गर्भो भवति । यदेतद्रेतस्तदेतत् सर्वेभ्योङ्केभ्यस्तेजः सम्भूतमात्मन्येवात्मानं विभर्ति । तद्यदा स्त्रियां सिञ्चत्यथैनं जनयति तदस्य प्रथमं जन्म ।१। तत् स्त्रिया आत्मभूयं गच्छति । यथा स्वमङ्गं तथा । तस्मादेनां न हिनस्ति । सास्यैतमात्मानमत्र गतं भावयति ।२। सा भावयित्री भावयितव्या भवति । तं स्त्री गर्भं विभर्ति । सोऽग्र एव कुमारं जन्मनोऽग्रेऽधि भावयति । स यत्कुमारं जन्मनोऽ-ग्रेधिभावयति आत्मानमेव तद्भावयत्येषां लोकानां सन्तत्या एवं सन्तता हीमे लोकास्तदस्य द्वितीयं जन्म ।३। सोऽस्यायमात्मा पुण्येभ्यः कर्मभ्यः प्रतिधीयते अथास्यायमित आत्मा कृतकृत्यो वयोगतः प्रैति । स इतः प्रयन्नेव पुनर्जायते । तदस्य तृतीयं जन्म । तदुक्तमृषिणा ।४।*

आत्मारूपी यो पुरुषको आत्मस्वरूप गर्भ पालन गर्ने स्त्रीलाई पालनपोषण त गर्नै पर्छ। त्यसकारण गर्भलाई जन्मनुभन्दा निक्कै पहिलो अवस्थादेखि नै धारण-पालन-रक्षण गर्ने उही हो, त्यो माता भई। अनि पत्नीको गर्भ रहेदेखि नै जन्म भएपछि पनि पुंसवन र ज्ञानकर्म जस्ता संस्कार गर्दै पालन पोषण गर्छ, त्यो पिता भो। किनभने यी सम्पूर्ण लोक यही क्रमद्वारा रक्षित छन्। त्यो सन्तानरूपमा आमाको गर्भबाट निस्कनु उसको अर्को जन्म हो। अर्थात् अर्कै ढाँचा-काँचाबाट प्रकट हुनु हो। त्यो यो जुन पिताको पुनः रूप आत्मा हो, त्यसकै पुण्यकर्महरू पूरा गर्न पिताको प्रतिनिधि बनेर जन्मन आएको हो। तसर्थ पुत्रमाथि आफ्नो शेष-कर्मभार सुम्पेर पितारूपी आत्मा तीनै ऋणको कर्तव्यबाट मुक्त र जीर्ण बनेर मर्दछ। त्यो यस लोकबाट गएर फेरि कर्मान्तरले रचिएको शरीर लिएर जन्मन जान्छ। त्यसो हुनु प्रथम पुरुषको तेस्रो जन्म हो। यसरी तीन अवस्था स्पष्ट देखिने जन्ममृत्युको बन्धनद्वारा बाँधिएका समस्त प्राणी भवसागरमा विहार गरिरहेका छन्। यस्तो जुनसुकै अवस्थामा पनि श्रुतिमा वर्णन गरिएको आत्मालाई जो जब राम्रैसँग बुझ्न सक्छ, अनि त त्यो त्यसै बखत नै संसाररूप बन्धनबाट छुटेर कृतार्थ भइसकेको हुन्छ। यही तत्त्वको कुरा मन्त्रले बताएको हो। त्यही कुरा ऋषिले भनेका छन् - ।१-४।

*गर्भे नु सन्नन्वेषामवेदमहं देवानां जनिमानि विश्वा । शतं मा पुर आयसीररक्षन्नधः श्येनोजवसा निरदीयमिति गर्भ एवैतच्छयानो वामदेव एवमुवाच ।५। स एवं विद्वानस्माच्छरीरभेदादूर्ध्वं उत्क्रम्यामुष्मिन् स्वर्गे लोके सर्वान् कामानाप्त्वाऽ मृतः समभवत् समभवत् ।५-६। इति चतुर्थः खण्डः ।*

'गर्भमै रहँदा नै मैले मानसिक वृत्तिहरूको, वा भनौं न, अग्नि आदि देवताहरूका भएभरका को जन्मवृत्तान्त जानि-बुझिसकेको थिएँ। मलाई अनेकौं फलामे शरीर जस्ता अभेद्य शरीररूप नगरहरूले पिंजरामा थुनिराखिएको चरालाई झैं रक्षा गरेर राखेका थिए। तापनि म संसाररूपी सिकारीजालबाट (कारागार कौसीबाट) तलतिर हेर्दै अथवा उपल्ला (स्वर्गादिक) लोकहरूका सुखैश्वर्यपट्टि अनास्था गरेर तल्ला लोकका जनताका

दुःखकष्टहरूतर्फ ध्यान राखेर आत्मज्ञानको शक्तिवेगले बाजले झैं जाल चुँडालेर, फुत्केर आएको छु ।' ऐतरेयारण्यक ५, उपनिषत् २ अध्याय ।

**

**पञ्चमः खण्डः**

*कोऽयमात्मेति वयमपयास्महे कतरः स आत्मा येन वा पश्यति येन वा शृणोति येन वा गन्धनाजिघ्रति येन वा वाचं व्याकरोति येन वा स्वादु चास्वादु च विजानाति ।१। यदेतहृदयं मनश्चैतत् । संज्ञानमाज्ञानंविज्ञानं प्रज्ञानं मेधा दृष्टिर्धृति मतिर्मनीषा जूतिः स्मृतिः सङ्कल्पः ऋतुरसुः कामो वश इति सर्वाण्येवैतानि प्रज्ञानस्य नामधेयानि भवन्ति ।२। एष ब्रह्मैष इन्द्र एष प्रजापतिरेते सर्वे देवा इमानि च पञ्च महाभूतानि पृथ्विवायुराकाश आपो ज्योतीर्षीत्येतानीमानि च क्षुद्रमिश्राणीव । बीजानीतराणि चेतराणि चाण्डजानी च जरायुजानि च स्वेदजानि चोद्भिज्जानि चाश्चा गावः पुरुषा हस्तिनो यत्किं चेदं प्राणी जङ्गमं च पतत्रि च यश्च स्थावरं सर्वं तन्प्रज्ञानेत्रं प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म ।३। स एतेन प्रज्ञेनात्मनास्माल्लोकादुत्क्रम्यामुष्मिन् स्वर्गे लोके सर्वान् कामानाप्त्वाऽमृतः समभवत् समभवत् । इत्योम् ।४। इति पञ्चमः खण्डः । ऐतरेये षष्ठः ।*

'आत्मा यही हो' भनेर हामीले उपासना गर्दै आइरहिएको चीज के हो ? को हो ? इन्द्रियादिमध्ये कुन चाहिं त्यो आत्मा हो ? जनता रूपको दर्शन गर्दछन्, शब्द सुन्दछन्, गन्ध सुँघ्छन्, वाक्योच्चारण गर्छन्, अनि स्वाद र बेस्वाद भन्ने जान्दछन् ती चक्षु आदि चीज के त आत्मा हो ?'

यो हृदय, यो मन, त्यो चेतना, ईश्वरभाव, लौकिक ज्ञान, तात्कालिक भावज्ञान, धारणाशक्तिरूप ज्ञान, इन्द्रियगत विषयज्ञान, शरीरशैथिल्य र इन्द्रिय सतर्कताको ज्ञान, चीजनियामक ज्ञान, मनन, रोगव्याधिले चित्तक्षोभ हुने ज्ञान, स्मरणशक्ति, कल्पनाशक्ति, निश्चयात्मिका मति, प्राणशक्ति, असम्भाव्यतृष्णा, संभोगेच्छा आदि सबै सबै ज्ञानका असङ्ख्य, विकारहरूको नाउँ हो, खास खास प्रज्ञान हुँदै होइन ।

यही नै हिरण्यगर्भरूप अपर ब्रह्म हो, यही इन्द्र हो, यही प्रजापति हो, यी सबै देवता, पृथ्वी, वायु, आकाश, जल, तेज, पञ्च महाभूत र यी ससाना कीट-पतंग उभयचर, नानाथरी जीवजिबात, अण्डज, जरायुज, स्वेदज, उद्भिज्ज, जङ्गम, खेचर, स्थावर, हरेक थरी प्राणी प्रज्ञाद्वारा नै चल्ने हुनाले प्रज्ञानेत्र भनिन्छन् । उत्पत्ति, स्थिति र प्रलयमा प्रज्ञानब्रह्म स्थित हुन्छन्, समस्त लोक प्रज्ञानेत्र हुन्, प्रज्ञा सम्पूर्ण जगत्को आधार हो, यसर्थ प्रज्ञान नै परब्रह्म सनातन हो, सदानन्द हो । 'यसो भन्ने, यी सम्पूर्ण कुरा बुझ्ने ब्रह्मज्ञानी वामदेव यही ज्ञानमय आत्माद्वारा देहात्मभावलाई त्यागले उत्क्रमण गरेर त्यही ब्रह्मरूप स्वर्गलोकमा समग्र इच्छानुसारी वस्तुहरू प्राप्त गरेर अमर भए । ऐतरेयोपनिषत् यसै भन्छ । ॐ वाङ्मे मनसि, शान्तिः शान्तिः शान्तिः !!! उपनिषत् तृतीय अध्याय पनि सकिन्छ । ० ०

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको
मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी अत्यन्त जरूरी सूचना
मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले बिजक जारी गरेको नपाइएमा वा कारोबार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु.५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा बिजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा बिजक लिन हुन अनुरोध छ ।
गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको
भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना
आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा, भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।
गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिहरूले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना
मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
१३५ उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती